# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ८८

www.mulyankan.itgo.com

मूल्य रु. २०/-, भारतमा भा.रु. १५/-



हत्याकाण्डबारे
डा. सानुभाइ डंगोल

के दीपेन्द्रबाट आफन्तको
हत्या हुनु संभव छ ?
- एक मनोविज्ञानविद्को राय

हत्याकाण्ड :
प्रतिक्रियाका प्रवित्तिहरु
- डा. पिताम्बर शर्मा

जनता सडकमा,
पार्टीहरु कोठामा !

काट्टो, जदौ र
जो हुकुम सरकार !
- खगेन्द्र संग्रौला

के यो निरंकुशतातिरको
फड्को हो ?
-युवराज घिमिरे


हत्याकाण्ड पछिको संचारको अनुहार

कुरा दरवारको, बहस युवराजको
-रविन्द्र अधिकारी



# नारायणहिटी हत्याकाण्ड गर्ने को ? भयो किन र कसरी ?

# हार्दिक श्रद्धाञ्जली



**राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव, श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह, श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव, श्री ५ अधिराजकुमार नीराजन वीर विक्रम शाह, श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मी देवी राणा** सरकार एवं राजपरिवारका अन्य सदस्यहरूको असामयिक एवं दुःखद् स्वर्गारोहण भएकोमा हामी मर्माहत एवं शोकविह्वल भएका छौं । यस दुःखद् घडीमा हामी मौसूफहरूप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

एभरेष्ट बैंक लिमिटेड
**EVEREST BANK LIMITED**
(A Joint-venture with
**punjab national bank**, India)

New Baneswor, P.O.Box No. 13384, Kathmandu, Nepal
Tel: 470671, 481018, 482578, Tlx: 2481 MRL NP, Fax : 977-1-482263, E-mail : ebl@mos.com.np, Swift: EVBLNPKA

मूल्याङ्कन
(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष-१८, पूर्णाङ्क-८८
असार, २०५८

संरक्षक
डा. मथुराप्रसाद श्रेष्ठ
सल्लाहकार
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
प्रधान सम्पादक
श्याम श्रेष्ठ
कार्यकारी सम्पादक
हरिगोविन्द लुईँटेल
सह-सम्पादक
राजेन्द्र महर्जन
सहायक-सम्पादक
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
सम्पादन सहयोगी
चन्द्र खाकी
प्रमुख व्यवस्थापक
श्याम खड्का
लेखा व्यवस्थापक
वीरप्रसाद भंसारी
बजार व्यवस्थापक
दुर्गा खड्का
सहायक बजार व्यवस्थापक
जमुनाप्रसाद चौधरी

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा
प्रकाशित
कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/९९१, पुतलीसडक, काठमाडौं-३२
फोन ४२२७६९, फ्याक्स ४२३५४०
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल :
yuwa@ntc.net.np
वेबसाइट:
www.mulyankan.itgo.com

# नारायणहिटी हत्याकाण्ड :

## गऱ्यो 'कसले ? भयो किन र कसरी ?

**ह त्या का ण्ड बा रे**

**आवरण कथा** ५



- **प्रत्यक्षदर्शीको बयानलाई पत्याउने हो भने कसरी घट्यो नारायणहिटी हत्याकाण्ड ?**
- **नारायणहिटी हत्याकाण्डपछिको समयमा देखिएको 'संचार'को अनुहार**
- **दरवारभित्रको फितलो सुरक्षा व्यवस्था**
- हत्याकाण्डबारे : कसले के भने ?
- **जनता सडकमा, पार्टीहरू कोठामा !**
- **कस्तो छ नयाँ राजाको उद्योग-व्यापार ?**
- क-कसको कहिले के के कारणले मृत्यु भयो ?

◆ **राजा वीरेन्द्रले जनमत संग्रह गराएकै नरूचाउने पक्षहरू राजपरिवार भित्रै थिए** – *डा. सानुभाइ डंगोल, राजदरवारविद्*

◆ **के दीपेन्द्रबाट आमाबाबु र आफन्तको हत्या हुनु संभव छ ?** – *शिशिर सुब्बा, मनोविज्ञानविद्*

◆ नेपाल जन-गणतन्त्रको दिशातिर गइरहेको छ – *क. प्रकाश*

◆ कुरा दरवारको, बहस युवराजको – *रविन्द्र अधिकारी*

◆ काट्हो, जदौ र जो हुकुम सरकार – *खगेन्द्र संग्रौला*

◆ नारायणहिटी हत्याकाण्ड : प्रतिक्रियाका प्रवृत्तिहरू – *डा. पीताम्बर शर्मा*



## किन र कसरी पहिरो जाँदैछ पिपुल्स वार ग्रुपमा ? ४०

**हाम्रो मूल्यांकन :**
प्रजातन्त्रकै असुरक्षा गर्ने सार्वजनिक सुरक्षा नियमावली ४

**आवरण कथा :**
नारायणहिटी हत्याकाण्ड गऱ्यो 'कसले ? भयो किन र कसरी ? – *श्याम श्रेष्ठ* ५
के यो टाइमिङ्ग मिल्छ ? ८
प्रत्यक्षदर्शीको बयानलाई पत्याउने हो भने कसरी घट्यो नारायणहिटी हत्याकाण्ड ? १२
राजा वीरेन्द्रले जनमत संग्रह गराएकै नरूचाउने पक्षहरू राजपरिवारभित्रै थिए – *डा. सानुभाइ डंगोल* १५
क-कसको कहिले के के कारणले मृत्यु भयो ? १७
के दीपेन्द्रबाट आमाबाबु र आफन्तको हत्या हुनु संभव छ ? – *शिशिर सुब्बा, मनोविज्ञानविद्* १८
दरवारभित्रको फितलो सुरक्षा व्यवस्था – *अनामिका* १९
हत्याकाण्ड : कसले के भने ? २०
नेपाल जन-गणतन्त्रको दिशातिर गइरहेको छ – *क. प्रकाश ,महासचिव, नेकपा एकता केन्द्र* २२
जनता सडकमा, पार्टीहरू कोठामा ! – *तुल्सीदास महर्जन* २४
नारायणहिटी हत्याकाण्ड : प्रतिक्रियाका प्रवृत्तिहरू – *डा. पीताम्बर शर्मा* ३३
काट्हो, जदौ र जो हुकुम सरकार ! – *खगेन्द्र संग्रौल* ३०
कुरा दरवारको, बहस युवराजको – *रविन्द्र अधिकारी* ३६
कस्तो छ नयाँ राजाको उद्योग-व्यापार ? – *राजेन्द्र महर्जन* ३४

**नीति / संस्कृति :**
नारायणहिटी हत्याकाण्डपछिको समयमा देखिएको 'संचार'को अनुहार – *हरिगोविन्द लुइँटेल* २६

**घटना र प्रवृत्ति :**
प्रेस स्वतन्त्रतासँग जोडिएको प्रसंग : यो निरंकुशतातिरको फड्को हो ? – *युवराज घिमिरे* २९
रूपलालको विश्वकर्माको निधन ४६

**इतिहास :**
पहिले पनि भएको थियो नारायणहिटीमा विभत्स हत्याकाण्ड – *मुक्ता श्रेष्ठ* ३७

**वि.क.आन्दोलन :**
किन र कसरी पहिरो जाँदैछ पिपुल्स वार ग्रुपमा ? – *राजेन्द्र महर्जन* ४०

**पर्दा / रंगमंच :**
टेलिफिल्म : अविरल बग्दछ इन्द्रावती ४५

**पाठकको कुरो** ४६

आवरणमा : स्व. श्री ५ वीरेन्द्र र स्व. श्री ५ दीपेन्द्रको तस्वीर । आवरण सज्जा: टाइम्स क्रिएशन, बागबजार, फोनः २५२६४५ ।
कलर सेपरेशनः पोलिइमेज, प्रदर्शनी मार्ग, फोनः २५२५७१ । कलाकारहरूः लक्ष्मण भूजेल, जि.डि. सारू, *यति ग्राफिक्स, डिल्लीबजार फोन : ४३०७५२ ।*
मुद्रणः इन्द्रेणी अफसेट प्रेस, अनामनगर, फोनः ४३७४४८

# प्रजातन्त्रकै असुरक्षा गर्ने सार्वजनिक सुरक्षा नियमावली

सिंगै देश राजदरवार हत्याकाण्डबाट स्तब्ध भइरहेको र सडकमा लाखौं जनता जेठ १९ गतेको सो घटनाको सत्यतथ्य बाहिर आओस् भनेर आन्दोलित भइरहेको बेला गिरिजा सरकारले जेठ २२ गते, नयाँ राजाको राज्यारोहणकै दिन सार्वजनिक सुरक्षा नियमावली-२०५८ जारी गरेको छ । नियमावली क्याविनेटबाट जेठ ८ गते नै पारित गरिएको भनिए तापनि यो सार्वजनिक गरिएको थिएन, संभवतः सार्वजनिक गर्न आँट गरिएको थिएन । परन्तु यो सार्वजनिक गरेर कार्यान्वयनमा लानका लागि जुन समय रोजियो, त्यो निकै अर्थपूर्ण र आपत्तिजनकसमेत छ । गिरिजा सरकारको बस चलेमा यही बिन्दुबाट अहिलेको संसदीय प्रजातन्त्रलाई बहुदलकै नाममा हिजोको निरंकुशतन्त्रतिर प्रवेश गराउने पूर्व संकेतको रुपमा यो नियमावलीलाई लिनु जरुरी छ ।

ऊ नै चाहिँ जिल्लाको जिल्लाधिराज हुने, सार्वभौम भनिएका जनता चाहिँ कर्तव्यमात्र भएका अधिकार भनेको केही नभएका प्रजामा बदलिने पक्का छ ।

तसर्थ, यो नियमावली लागु हुनु भनेको पचासौं वर्षसम्म नेपाली जनताले थुप्रै रगत पसीनाको मूल्य चुकाएर, लडेर हासिल गरेका आधारभूत प्रजातान्त्रिक अधिकारको अपहरण हुनु हो । नियमावलीमार्फत् चोर ढोकाबाट देशको मूल ऐन-२०४७ सालको संविधानकै संशोधन गर्ने प्रयत्न हो यो । परन्तु संविधान संशोधन गर्न लागेको भए त्यससम्बन्धी प्रस्ताव संसदबाट पारित गरिनुपर्थ्यो, यो त गृह मंत्रालयबाट सुटुक्क नियमावली जारी गरेर, सार्वभौम भनिएको संसदलाई नै बाइपास गरेर, विगतका तमाम कानून र संविधानलाई कुण्ठित गर्ने र त्यसले प्रदान गरेका मौलिक नागरिक हकहरुलाई खोस्ने चालबाजी भयो ।



*नियमावलीको विरोधमा नेकपा मालेका सातवटा भातृ संगठनहरुले काठमाण्डौंमा आयोजना गरेको लालटिन जुलूस (फोटो साभार : कान्तिपुर)*

यो नियमावलीको सबैभन्दा खतरनाक पक्ष के हो भने, यसले प्रजिअलाई उसको आत्मगत शंका र ठम्याइको आधारमा कुनै पनि नेपाली नागरिकलाई कुनै पनि बेला अनिश्चित कालसम्म निवारक नजरबन्द वा स्थान हदमा राख्न सक्ने अत्यन्त निरंकुश अधिकार दिएको छ । र, यो नजरबन्दविरुद्ध कुनै पनि अदालतमा मुद्दा लाग्दैन । यसको पुनरावलोकन गृह मंत्रालयले मात्र गर्नसक्छ ।

प्र.जि.अ.को कुनै 'विश्वस्त सूत्र'ले दिएको सूचना नै कुनै पनि नागरिकलाई उसले देशको अखण्डता र सार्वभौमसत्ता, शान्ति सुरक्षा र व्यवस्थामै आँच पुऱ्याउन लाग्यो, जात, जाति, धर्म, संप्रदायबीच वैमनस्य पैदा गर्न लाग्यो भनेर आरोप लगाएर उसलाई नजरबन्दमा राख्नको लागि 'पर्याप्त र उचित आधार' हुने गजबको आत्मगत निर्णयको हक यो नियमावलीले प्र.जि.अ.लाई प्रदान गरेको छ । यो हक प्र.जि.अ.सित भएपछि उसले आफ्नो स्वार्थ, सनक र शंकाको भरमा कुनै पनि नेपालीलाई कुनै पनि बेला जेलमा थुन्न सक्छ । बोल्न, लेख्न, छाप्न, भेला हुन, जुलूस गर्न, माइकिंग, पर्चा- पम्प्लेटसमेत गर्न रोक लगाउन सक्छ । यतिसम्म कि कुनै व्यक्तिको उपस्थिति मात्रैले पनि माथि भनिएको कुनै पनि स्थिति पैदा गर्नसक्छ भनेर प्रजिअलाई लाग्यो भने प्र.जि.अ.ले त्यस्तो व्यक्तिलाई नजरबन्दमा लिन सक्छ । नागरिक हक संकुचित पार्ने यस्तो असीमित निरंकुश अधिकार एउटा सामान्य जिल्ला प्रशासकलाई सरकारले सुम्पेपछि

तसर्थ यो नियमावली अत्यन्त अप्रजातान्त्रिक र निन्दनीय मात्र छैन, यो नियमावली ल्याउन सरकारले अपनाएको प्रक्रियासमेत ज्यादै अप्रजातान्त्रिक र निन्दनीय छ । यो नियमावली ल्याउन रोजिएको समयसमेत अत्यन्त सन्देहास्पद छ ।

आश्चर्यको कुरो त के छ भने, यो नियमावली त्यो पार्टीको सरकारले ल्याएको छ, जसले आफूलाई एक मात्र प्रजातन्त्रको पहरेदार दावी गर्छ । २०४६ सालको ऐतिहासिक जन-आन्दोलनको एक सहयात्री-महारथीले यो नियमावली ल्याएको छ । यसले के स्पष्ट पारेको छ भने, प्रजातन्त्रका पहरेदारले आन्दोलनबाट हासिल गर्न खोजेको मुख्य कुरो जनताको पक्षमा प्रजातान्त्रिक अधिकार थिएन, उसले खोजेको मूल कुरो सिंहदरवारको घुम्ने कुर्सीमात्र थियो, त्यो कुर्सीमार्फत् प्राप्त हुने ऐश र अवसरमात्र थियो । नत्र भने, आफूसमेतले तीसौं वर्ष लडेर ल्याएका आधारभूत प्रजातान्त्रिक अधिकारहरुमाथि कसले यति छिट्टै, यति सजिलै आफैले बञ्चरो हान्न तैयार हुनसक्छ ? नत्रभने, एउटा प्रजातन्त्रवादी शक्तिले जनता र उसको प्रजातान्त्रिक हक र स्वतन्त्रतामाथि विश्वास र भरोसा नगरेर, त्यसैबाट नेपाल उँभो लाग्छ भनेर विश्वास नगरेर, कसरी दमनकारी राज्ययन्त्र र प्रशासकको निरंकुशतन्त्रमाथि मात्र विश्वास र भरोसा गर्नसक्छ ?

नेपालको सत्तारुढ पूँजीपति वर्ग ज्यादै धेरै संकटग्रस्त भएको र ऊ अब यथास्थितिवादी प्रतिक्रियावादी मात्र नभएर प्रतिगमनकारीसमेत हुन शुरु गरेको संकेत हो यो । यथावत ढंगले शासन गरेर, प्रजातान्त्रिक बाटोबाट अगाडि बढेर सत्तामा रहिरहन संभव छैन भन्ने कुरा महसूस गरेर प्रतिगामीहरुसित मिलोमतो गरेर फासिवादी बाटोबाट कुर्सीमा रहीराख्ने रणनीतिअन्तर्गत यो नियमावली आएझैं महसूस हुन्छ ।

यो प्रतिगामी नियमावलीविरुद्ध आज सिंगो देश एकताबद्ध भएको छ । प्रतिपक्षी पार्टीहरु मात्र होइन, कांग्रेसभित्रकै प्रजातन्त्रप्रेमी व्यक्ति-व्यक्तित्वहरुले समेत यसको विरोधमा आवाज उठाएका छन् । यो यतिबेलाको साह्रै उत्साहबर्द्धक कुरा हो । नागरिक समाजले त यसको विरुद्ध जेहाद नै छेडेको छ ।

यतिखेरको आवश्यकता हो- अलग-अलग रुपमा विरोध गरिरहेका संपूर्ण शक्तिहरुको प्रभावकारी संयुक्त संघर्ष । 'प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन'ले संपूर्ण नागरिक समाज र तिनका विभिन्न संगठनहरुलाई एकताबद्ध बनाएर सडकमा उतार्नका लागि जुन पहल गरिरहेछ, त्यो सर्वथा प्रशंसनीय छ । परन्तु, यतिखेरको अहं प्रश्न हो- यतिबेला यो सवालमा सारा पार्टीलाई एकताबद्ध पार्ने काममा किन प्रमुख प्रतिपक्षले पहल गरिरहेको छैन ? पार्टीहरुसित विशाल जनमत छ, तर जनमत भएका पार्टीहरु किन संयुक्त रुपमा सडकमा छैनन् ?

नागरिक समाज त उठेकै छ, जब सारा राजनीतिक पार्टीहरु पनि एकढिक्का भएर यो नियमावलीविरुद्ध उत्रनेछन्, सार्वजनिक सुरक्षा नियमावली खारेज गर्न सरकार बाध्य हुनेछ । सिर्फ संयुक्त आवाजको जरुरत छ ।

निरंकुश पंचायत ब्यूताउने सुरक्षा नियमावली खारेज गर । ❑

# नारायणहिटी हत्याकाण्ड

नेपालमा वि.सं. १८२५ मा केन्द्रीकृत राज्य-सत्ता स्थापना भएयता राजदरवारमा राजपरिवारबीच यति ठूलो हत्याकाण्ड भएको छैन, जति ठूलो हत्याकाण्ड जेठ १९ गते राती नारायणहिटीमा भयो । विक्रम संवत १८६३ साल वैशाखमा आफ्नै भाइ शेरबहादुरद्वारा भू.पू. राजा र तत्कालीन मुख्तियार रणबहादुर शाह मारिएका थिए । त्यो हत्याकाण्डमा थुप्रै भारदारहरू स्वाहा भए, परन्तु राजा र राजपरिवार नै स्वाहा भएन । फेरि त्यो काण्ड राजदरवारमा पनि भएको थिएन, काजी त्रिभुवन खवासको घरमा भएको थियो । वि.सं. १९०३ मा भएको कोतपर्वमा पनि प्रधानमन्त्रीलगायत थुप्रै महत्वपूर्ण भारदारहरूको हत्या भयो, तर राजवंश र राजपरिवारलाई कत्लेआम गरिएन । १९४२ साल पर्व नारायणहिटीमै भएको थियो । त्यतिबेला नारायणहिटीमा प्रधानमन्त्री रणोद्दीप सिंहको मात्र हत्या गरिएको थियो, नारायणहिटीबाहिर चाहिं जंगबहादुरका उत्तराधिकारी हुनेजति शाखा सन्तानको ।



## गऱ्यो 'कसले ? भयो किन र कसरी ?


-श्याम श्रेष्ठ

यसप्रकार शाह वंशको इतिहासमा पृथ्वी नारायण शाहको पालायता गत जेठको तेस्रो सप्ताहान्तमा राजदरवारमा भएको हत्याकाण्ड नै अहिलेसम्मको सबैभन्दा ठूलो र विभत्स हत्याकाण्ड हो । यो काण्डमा राजा वीरेन्द्रको त सम्पूर्ण वंश तथा परिवार नै स्वाहा भएको छ । अरू थुप्रै राजपरिवारका सदस्यहरूको समेत यसमा नृशंस हत्या भएको छ । यो शाही संहारको फलस्वरूप नेपालको राजगद्दी उत्तराधिकारीको शाखा प्रणाली नै पूर्णतया बदलिएको छ । कानूनतः उत्तराधिकारी हुने मान्छे कोही बाँकी नबचेकाले राजगद्दी सामान्यतया कल्पना नै गर्न नसकिने ढंगबाट तत्कालीन अधिराजकुमार ज्ञानेन्द्रको हातमा आएको छ । यो घटनाबाट नेपालको राजनीतिको मोड नै फेरिएको छ । नेपालको बहुदलीय प्रजातन्त्रको राजनीतिक आकाशमा प्रतिगमनका काला बादलहरू मडारिन थालेको आभास हुँदैछ ।


यति भयावह हत्याकाण्ड गऱ्यो कसले त ? यो भयो किन र कसरी ? यी प्रश्नहरूले अहिले सारा नेपालीको मन-मस्तिष्कलाई बिच्छीले झैं डसेकोडस्यै छन् । न स्कूलमा बच्चाहरू पढ्ने मूडमा छन्, न अफिसका कर्मचारीहरू काम गर्ने मूडमा । सबैको ध्यान-ध्याउन्ना, मन-मस्तिष्कलाई जेठ १९ गतेको हत्याकाण्डले नराम्ररी अँठ्याएको छ ।

### *प्रतिवेदनको प्रयत्न*

अत्यन्त भीषण र जनव्यापी सडक-आन्दोलनको दबावपछि नयाँ राजा ज्ञानेन्द्रबाट राज्यारोहण गरेकै दिन प्रधान न्यायाधीश केशवप्रसाद उपाध्यायको अध्यक्षतामा तीन सदस्यीय छानवीन समिति गठन गरिएको घोषणा भयो । सभामुख र विपक्षी दलका नेतासमेत रहेको यो




स्व. श्री ५ वीरेन्द्र




स्व. श्री ५ ऐश्वर्य



स्व. श्री ५ दीपेन्द्र



स्व. अधिराजकुमार निराजन



स्व. अधिराजकुमारी श्रुति





*रानी ऐश्वर्यको लाश अन्तिम संस्कारका लागि ल्याइँदै (माथि) र राजा-रानी (बायाँ)*

उच्चस्तरीय समिति तुरुन्तै दुई सदस्यको मात्र हुनआयो, जब विपक्षी दलका नेता क. माधवकुमार नेपालले त्यो समितिको गठन प्रक्रिया 'संवैधानिक नभएको' र आफ्नो पार्टीको पोलिट्ब्यूरोले त्यसमा बस्ने अनुमति नदिएको भनेर त्यसबाट राजीनामा दिनुभयो । समितिले जेठ २६ गतेदेखि काम थालेर एक हप्तापछि जेठ ३२ गते आफ्नो प्रतिवेदन सर्वप्रथम राजासमक्ष र त्यसपछि लगत्तै पत्रकार सम्मेलनमार्फत् जनसमक्ष प्रस्तुत गऱ्यो । परन्तु यो प्रतिवेदनको सबैभन्दा ठूलो सीमा के रह्यो भने यसमा हत्यारा को र हत्याकाण्ड किन भयो भन्ने सम्बन्धमा समितिको आफ्नो कुनै राय र ठहर नै छैन । यो त्यति गम्भीर ऐतिहासिक हत्याकाण्डको प्रतिवेदनभैं नभएर केही बयानहरूको र मुचुल्काहरूको संगालोजस्तो मात्र देखिन्छ । यसले आमजनताको मन-मस्तिष्कमा उठेका थुप्रै प्रश्नहरूको उत्तर दिनुको सट्टामा थुप्रै थप प्रश्नहरू मात्र जन्माएको छ ।

प्रधान न्यायाधीशजस्तो व्यक्ति अध्यक्ष रहेको उच्चस्तरीय छानवीन समितिले हत्याकाण्ड सम्बन्धमा आफ्नो राय-ठहर नदिनुबाट के छर्लंग भएको छ भने यति र यस्ता बयान र केही तथ्य र मुचुल्काहरूको आधारमा यो ऐतिहासिक हत्याकाण्डको हत्यारा र त्यसको कारण टुंगो लाउनु संभव र उचित दुवै छैन भन्ने टुंगोमा समितिसमेत पुगेको छ । त्यसैले थप अनुसन्धानको लागि ढोका खुला राख्नु र वस्तुनिष्ठ ठहरको लागि त्यसपछि

**प्रतिवेदनको सबैभन्दा ठूलो सीमा के रह्यो भने यसमा हत्यारा को र हत्याकाण्ड किन भयो भन्ने सम्बन्धमा समितिको आफ्नो कुनै राय र ठहर नै छैन**

मात्र प्रयत्न गर्नु नै सबैभन्दा न्यायसंगत हुनसक्छ ।

धेरैले उच्चस्तरीय छानबीन समितिको यो अपूर्ण र अधकल्चो प्रतिवेदनको विरोध गरे । तर मलाई त लाग्छ, तीतो सत्य बोल्न साहस नभएरै किन नहोस्, यति प्रमाणका आधारमा आफ्नो राय र ठहर नदिएर जम्मा-जम्मीमा समितिले बुद्धिमानी नै गऱ्यो । पहिलो कुरो, यसले भविष्यमा यो हत्याकाण्डबारे थप सत्य-तथ्यको खोजतलासको लागि र वस्तुनिष्ठ ठहरको लागि राजमार्ग खुला राख्यो । दोस्रो, यसले के सन्देश आम जनसमुदायसामु जारी गऱ्यो भने अहिले संकलित केही बयान र सबुतका आधारमा वास्तविक हत्यारा को र उसले यो काण्ड किन र कसरी मच्चायो भन्ने सम्बन्धमा ठोकुवाका साथ केही भन्न सकिन्न है, त्यसो गर्नु आलोकाँचो र नाजायज काम तथा दुस्साहस हुनजान्छ है !

यी दुवै जमर्कोहरू विरोध गरिनुपर्ने कुरा होइनन् भन्ने मलाई लाग्छ । विरोध गर्नुपर्ने गरी गल्ती त तब हुन्थ्यो, जब यति अपर्याप्त र एकपक्षीय बयान र प्रमाणका आधारमा राय ठहर निकाल्ने काम हुन्थ्यो ।

### *तीन प्रवृत्तिहरू*

नारायणहिटी हत्याकाण्ड घटेपछि यसबारे खोजीनीति गर्ने र विचार बनाउने सम्बन्धमा जम्मामा तीनवटा वैचारिक प्रवृत्तिहरू देखापरेका छन् ।

एउटा, हत्याकाण्डबारे सत्यतथ्य खोज्ने मामलामा सरकार वा संस्थापना पक्षले जे कुरा ल्यायो, त्यसलाई आँखा चिम्लेर स्वीकार गर्नुपर्छ, त्यसबारे सन्देह गर्नुहुन्न, सत्यको गहिराइमा जाने प्रयत्न गर्नुहुन्न भन्ने प्रवृत्ति ।

दोस्रो, सत्य-तथ्यले के कुरा देखाइरहेछ, त्यो खोज्ने होइन, पहिले आफूले मनगढन्त निष्कर्ष निकाल्ने र स्थापित गर्ने अनि त्यसपछि त्यसलाई पुष्टि गर्ने प्रमाणहरू खोज्ने प्रवृत्ति ।

तेस्रो, चाहे युवराज वा वर्तमान संस्थापना पक्ष वा अन्य कुनै दोषी ठहरियोस्, विनापूर्वाग्रह सत्यतथ्य खोजिनुपर्छ, जुनसुकै कुनाबाट आएको भए पनि प्रत्येक कथन र निचोडमाथि सन्देह गर्नुपर्छ र तथ्यहरूले जे प्रमाणित गर्छन्, त्यसैलाई दह्रो मुटुका साथ स्वीकार्नुपर्छ र स्थापित गर्नुपर्छ भन्ने प्रवृत्ति ।

पहिलो वैचारिक प्रवृत्ति कुलीन र मध्यमवर्गका यथास्थितिवादीहरूमा अहिले व्यापक रूपमा देखा परिरहेको छ । हिजो सरकार र प्रतिपक्ष सबैप्रति आलोचक रवैया अपनाउनुपर्छ भन्ने कुलीन र मध्यमवर्गका बौद्धिकहरू, तिनका छापाहरू अहिले दर्वारिया हत्याकाण्डको केस आएपछि आँखा चिम्लेर दर्वारिया वा संस्थापना पक्षको कथनलाई स्वीकार्नुपर्छ, त्यसमाथि पटक्कै शंका गर्नुहुन्न, आलोचक बन्नु हुन्न भन्ने अचम्मको आत्मसमर्पणमुखी धारणा अघि सारिरहेछन् । सत्य जेसुकै होस्, अन्याय जसको विरूद्ध भएको होस्- नखोज्ने, नबोल्ने, दरवारको नयाँ शक्ति केन्द्रसित आत्मसमर्पण वा मिलोमतो कायम गर्न खोज्ने र यथास्थिति जोगाउन खोज्ने-यो प्रवृत्ति ज्यादै घातक छ । कांग्रेस सरकारदेखि 'मेन लाइन'का कैयन छापा र बौद्धिकहरू एवं कुलीन र मध्यमवर्गको एउटा उच्च तप्का यो प्रवृत्तिले ग्रस्त भइरहेछ । उनीहरू अहिले येनकेन-प्रकारेण युवराज दीपेन्द्रलाई हत्यारा साबित गरेर अरूलाई चोख्याउने प्रयत्नमा ज्यूज्यानले लागिरहेछन् ।

दोस्रो प्रवृत्ति, कैयन् क्रान्तिकारी राजनीतिक पार्टीहरू र निम्न पूँजीपतिवर्गकै यथास्थितिसित ज्यादै असन्तुष्ट र अधैर्य एउटा तप्काले देखाइरहेछ । उनीहरू यो हत्याकाण्डलाई सन्देहको नजरले त हेरिरहेछन् । तर सत्यको गहिराइसम्म पुग्न जुन वैज्ञानिक दृष्टिकोण र धैर्यको आवश्यकता पर्छ, त्यो नहुनाले उनीहरू पहिले आफूले मनगढन्त निष्कर्ष निकालिरहेछन् र त्यसमा फीट हुने विभिन्न टुक्रे तथ्यहरू र आधारहरू खोजिरहेछन् । उनीहरू वर्तमान संस्थापना पक्षको त विरोधमा छन्, परन्तु यो संस्थापनापक्ष बेठीक र अनुदार छ भन्ने सन्देश दिन उनीहरू पुरानो राजा अत्यन्त देशभक्त, प्रगतिशील र सर्वगुण सम्पन्न थिए जस्तो लाग्ने गरी आफ्नो विचार

**यदि दीपेन्द्र नै हत्यारा हुन् भने त्यस्ती एउटा प्रेमिकाको लागि सम्पूर्ण वंश र परिवार नै स्वाहा पार्ने गैर-जिम्मेवार सन्काहा राजतन्त्र हाम्रो करको पैसाले पालेर हामीलाई के काम ?**

सार्वजनिक गरिरहेछन् । क्रान्तिकारी पार्टीहरूले नै यस्तो विचार ल्याईदिनाले पुराना राजाप्रति, त्यसमार्फत् उदार राजतन्त्रप्रति आवश्यकताभन्दा निकै ज्यादा श्रद्धा र भक्ति पैदा गर्ने काम भइरहेछ । यसबाट समग्र तथ्य के हो, त्यो खोज्नेभन्दा पूर्वाग्रहका आधारमा विचार बनाउने मनोगतवादी प्रवृत्ति हावी भइरहेछ ।

विज्ञान र सत्यमा विश्वास गर्ने हरेक मान्छेले अंगीकार गर्नुपर्ने प्रवृत्ति तेस्रो हो । हत्यारा दीपेन्द्र होस् वा अरू कोही, मुख्य कुरो सर्वांगीण तथ्य खोज्नु पऱ्यो, सत्य उदागिनु पऱ्यो । साहसका साथ त्यसलाई सार्वजनिक गर्नुपऱ्यो । यो हत्याकाण्डका पछाडि भारत नै छ कि अरू कुनै शक्ति छ, त्यो भएपनि तथ्यमूलक ढंगले त्यसको खोजीनीति हुनुपऱ्यो र वस्तुसम्मत आधारका साथ त्यसलाई प्रमाणित गर्नुपऱ्यो ।

हामी सार्वभौम जनता हौं भने हामीले त भन्न सक्नु पऱ्यो यदि दीपेन्द्र नै हत्यारा हुन् भने त्यस्तो एउटा प्रेमिकाको लागि सम्पूर्ण वंश र परिवार नै स्वाहा पार्ने गैर-जिम्मेवार सन्काहा राजतन्त्र हाम्रो करको पैसाले पालेर हामीलाई के काम ? यदि दरवारको अर्को कोही पात्र वा संस्थापना पक्षले नै यो हत्याकाण्ड घटाएको प्रमाणित भयो भने हामीले दह्रो मुटुका साथ भन्ने आँट गर्नुपऱ्यो- त्यस्तो षड्यन्त्रकारी र हत्यारा राजतन्त्र हाम्रो गाँस काटेर तिरेको पैसाले पालेर के काम ?

नारायणहिटी हत्याकाण्डपछि नेपाल अब यो राजा कि ऊ राजा होइन, अनुदार राजा कि उदार राजा पनि होइन, सिंगो राजतन्त्र नै चाहिने कि नचाहिने ? नचाहिने भए यसको विकल्प के भनेर छलफल गर्नुपर्ने नयाँ युगमा प्रवेश गरेको छ ।

नेपालमा अहिले जति राजदरवारप्रति आस्था मरेको र सन्देह र प्रश्न उठेको स्थिति गएको १०० वर्षमा कहिल्यै थिएन ।

## *युवराज र लागु-पदार्थ*

उच्चस्तरीय समितिले प्रतिवेदनमा जेजति प्रत्यक्षदर्शीहरूको बयान छापेको छ- ती सबैजसोले जेठ १९ गतेको हत्याकाण्डको मुख्य सूत्रधार युवराज दीपेन्द्रलाई नै देखाएका छन् । युवराज दीपेन्द्रका ए.डि.सी. गजेन्द्र बोहोरा र राजु कार्की तथा अर्दली रामकृष्ण के.सी.ले त एकाध वर्षदेखि युवराजले गाँजा र अन्य लागु पदार्थसमेत खान थालेको बयान दिएका छन् । घटना घट्ने दिन केही मिनेटअगाडि अर्दली रामकृष्ण के.सी.ले गाँजा र कालो पदार्थ भरेको ५/६ वटा शिखर चुरोट शाहज्यादा पारसमार्फत् युवराज दीपेन्द्रकहाँ पठाइएको बयान दिएका छन् ।

यही बयानका आधारमा अहिले विश्वभरिका संचारमाध्यमले युवराज दीपेन्द्रलाई लागु-पदार्थ खाएर प्रेमिकाको लागि आफ्नै बाबुआमा र सम्पूर्ण राजवंशको हत्या गर्ने हत्याराका रूपमा प्रचार गरिरहेछन् । हामी त्यस्तो दुर्व्यसनी/हत्यारा युवराजलाई सम्मानसाथ पाल्ने देशका रूपमा संसारभरि बदनाम भएका छौं ।

यदि यो तथ्य हो भने, हामीले साहसका साथ प्रश्न उठाउनुपर्ने हुन्छ- युवराजलाई त्यस्तो लागु पदार्थको कुलतमा पार्न उत्प्रेरित गर्ने र लागु पदार्थ सप्लाइ गर्ने व्यक्ति को ? ए.डि.सी. राजु कार्कीले उसको नाम तोक्न मानेका छैनन् तर युवराजको 'फेमिली सर्कलले, दाजु भाइले' नै त्यस्तो लागु पदार्थ सप्लाइ गरेको संकेत दिएका छन् । यदि राजु कार्कीको भनाइ साँचो हो भने- त्यो पारिवारिक सर्कलको दाजुभाइ पर्ने खास व्यक्ति को हो, जसले यो जघन्य अपराध गरिरहेछ ? कतै यसमा युवराजलाई लागु पदार्थको कुलतमा पारेर स्वाहा पार्ने, हत्याकाण्डको तानाबाना बुन्ने र राजगद्दी हत्याउने उद्देश्य र योजना त लुकेको छैन ? सन्देह गर्ने पर्याप्त आधार यी बयानहरूले दिएका छन् । यसले त के पनि देखायो भने राजदरवार लागु पदार्थ प्रयोग र ओसार-पोसारको एउटा सुरक्षित अड्डा नै रहेछ ।

अर्दली रामकृष्ण के.सी.को बयानअनुसार, घटना हुनु केही मिनेटअघि ५-६ खिल्ली लागु पदार्थ भरिएको चुरोट बिलीयार्ड रूमको ढोकाबाट हाँस्दै युवराजसम्म पुऱ्याउने काम शाहज्यादा पारसले गरेको देखिएको छ । कतै लागु पदार्थ सप्लाइका निम्ति यिनै पारस त जिम्मेवार छैनन् ? कतै 'दाजुभाइ' भनेर ए.डी.सी. राजुले संकेत गरेको व्यक्ति उनै त होइनन् ? खोजी गर्ने र सन्देह गर्ने वस्तुगत आधार उच्चस्तरीय समितिको प्रतिवेदनले दिएको छ ।

परन्तु जेठ १९ गतेको दिन युवराज दीपेन्द्रले लागु पदार्थ खाएको कुरा वैज्ञानिक तवरले पुष्टि गर्ने कुनै आधार प्रतिवेदनमा छैन । युवराज दीपेन्द्रको उपचार ३ दिन मिलीटरी अस्पताल, छाउनीमा भएको छ । तर, प्रतिवेदनमा त्यहाँ उपचार गरिंदाको युवराजको रक्त परीक्षणको रिपोर्ट समाविष्ट छैन, जसले अकाट्य रूपमा उनले रक्सी र लागु पदार्थ खाएको/नखाएको प्रमाणित गर्थ्यो । तर गम्भीर प्रश्न के छ भने युवराज दीपेन्द्रले रक्सी र लागु पदार्थ खाएको विश्वभरि भ्याली पिट्नेहरूले त्यो प्रमाणित गर्ने वैज्ञानिक आधार प्रस्तुत गर्नचाहिं किन प्राथमिकता दिएनन् ?

प्रतिवेदनमा बिलीयार्ड हलको बारको छेउमा युवराजले हत्याकाण्डको केही छिनअगाडि खाएको भनिएको लागु पदार्थ भएको शिखर चुरोटका ठुटाहरूको वैज्ञानिक परीक्षण गरिंदा आएको परिणामबारे 'केन्द्रीय प्रहरी बैज्ञानिक प्रायोगशाला'को टिप्पणी पनि समावेश छ । विज्ञ एल.वी. धामी र डा. आर.एल. कर्णद्वारा हस्ताक्षरित त्यस टिप्पणीमा लेखिएको छ- *'बारकी उत्तरी भाग र बारको अगाडिबाट उठाइएका चुरोटका ठुटाहरूको परीक्षण गर्दा Saliva पाइएको साथै सोमा गरिएको अर्को परीक्षणबाट निकोटिन (Natural Alkaloid) भेटिएको तर अन्य लागु औषधी तथा मनोद्दीपक पदार्थ नभेटिएको ।'*

विज्ञहरूको यो टिप्पणीले के देखाएको छ भने- बिलीयार्ड हलमा हत्याकाण्डको दिन घटना हुनुभन्दा केही छिनअगाडि रक्सी लागेका युवराज दीपेन्द्रले लागु पदार्थ भएको शिखर चुरोट खाएको भन्ने कुरा असत्य हो । त्यो कुरो बैज्ञानिक तवरले कतैबाट पुष्टि हुँदैन । उता, युवराजको वीरेन्द्र मिलीटरी हस्पिटलमा उपचार र अपरेशन गर्ने डाक्टरहरूले युवराज दीपेन्द्रको मस्तिष्कमा 'अल्कोहलको पार्टचाहिं छैन' भनेर भनेका छन् । रोयल सर्जन डा. खगेन्द्रबहादुर श्रेष्ठले उच्चस्तरीय समितिसितको बयानमा यो कुरा स्पष्टसँग उल्लेख गरेका छन् । (हेर्नुहोस् प्रतिवेदन-पृष्ठ १२२) साथै उनले यो कुरा कसैले रिपोर्टमा नलेखेको कुरा पनि समितिलाई बताएका छन् ।

यी जम्मै वैज्ञानिक आधारहरूले युवराज दीपेन्द्रले ह्विस्की, गाँजा र लागु पदार्थ खाएर, त्यसैबाट प्रभावित र उद्दीप्त भएको अवस्थामा नारायणहिटी हत्याकाण्ड मच्चाएको भन्ने सारा बयानलाई झूठो साबित गर्छन् ।

युवराज दीपेन्द्र अहिले जीवित

**हामीले साहसका साथ प्रश्न उठाउनुपर्ने हुन्छ- युवराजलाई त्यस्तो लागु पदार्थको कुलतमा पार्न उत्प्रेरित गर्ने र लागु पदार्थ सप्लाइ गर्ने व्यक्ति को ?**



श्री ५ दीपेन्द्रको लाश अन्तिम संस्कारका लागि पशुपतिनाथस्थित ब्रम्हनालमा राख्न ल्याइँदै

**या त युवराज दीपेन्द्रले मद-बेहोश भएको अभिनय मात्र गरे, वास्तवमा उनी मद-बेहोश नै थिएनन् । या त उनको नकाबमा अरू कसैले त्यो हत्याकाण्ड घटाए र उनी स्वयम् त्यो हत्याकाण्डको शिकार भए**

छैनन् । जीवत नभएको व्यक्तिले आफूमाथि लागेको आरोपको प्रतिवाद गर्न सक्ने कुरै आएन । तसर्थ, मृत व्यक्तिमाथि आरोप वा गम्भीर आरोप लगाउँदा पर्याप्त वैज्ञानिक आधारसहित मात्र लगाइनुपर्छ । नत्र त्यो ज्यादै ठूलो अन्याय र व्यक्तिको आफूलाई निर्दोष साबित गर्ने मौलिक मानवअधिकारको ठाडो उल्लंघन हुन जान्छ । युवराज दीपेन्द्रको हकमा पनि यही भएको छ ।

### *टाइमिंग मिल्दैन*

उच्चस्तरीय समितिले आफ्नो प्रतिवेदनमा के नयाँ तथ्य प्रस्तुत गरेको छ भने युवराज दीपेन्द्रको उनकी प्रेमिका देवयानीसँग हत्याकाण्डको आसपासमा पटक-पटक फोन सम्पर्क भएको छ ।

**८:१२ मा** आफ्नो मोवाइलबाट युवराजबाट दीपेन्द्रले देवयानीलाई उनको मोवाइलमा फोन गरेर १ मिनेट १४ सेकेण्ड कुरा गरेको देखिन्छ ।

**८:२५ मा** देवयानीले युवराजलाई फोन नं. ४२३०५१ बाट मोवाइलमा फोन गरी ४ मिनेट १४ सेकेण्ड कुरा गरेको देखिन्छ ।

**८:३९ मा** युवराजले देवयानीलाई आफ्नो मोवाइलबाट उनको मोवाइलमा फोन गरेर ३२ सकेण्ड कुराकानी गरेको देखिन्छ ।

देवयानीको बयानअनुसार, जेठ १९ को राती ८:१२ बजे युवराजले देवयानीलाई फोन गर्दा युवराजको स्वर लडबडाइसकेको छ । मोवाइल क्लियर नभएकाले राम्ररी कुराकानी हुन नसक्दा देवयानीले ४२३०५१ नं को साधारण फोनबाट ८:२५ मा युवराजको मोवाइलमा फोन गर्दा रिंग जान्छ, तर युवराजले फोन उठाउँदैनन् र, त्यो फोन कल ड्युटीमा रहेको एडिसी गजेन्द्र बोहोराकहाँ ट्रान्सफर हुन्छ । देवयानीको उनीसित ४ मिनेट १४ सकेण्ड कुराकानी हुन्छ, अर्थात् भण्डै साँढे ८ बजेसम्म त देवयानी एडिसी गजेन्द्रसितको कुराकानीमा छन् । फोनमा एडिसीलाई देवयानीले युवराज बिरामीजस्तो लागेकाले खोपीमा गएर हेरीदिन अनुरोध गर्छिन् । त्यसपछि एडिसीले अर्दली रामकृष्ण र द्वारेआमा जमुना अधिकारीलाई खोजेर खोपीमा जान अह्राएको देखिन्छ । उनीहरूलाई खोजेर अर्डर गर्न र पठाइ सक्न ३-४ मिनेट त अवश्यै लाग्दछ । त्यसपछि उनीहरू खोपीमा गएको कुरा उनीहरूको बयानबाट देखिन्छ । यसरी उनीहरू ८:३५ भन्दाअगाडि खोपीमा जाने संभावना अत्यन्त न्यून छ ।

युवराजले ८:३९ मा देवयानीलाई पुनः फोन गरेको देखिन्छ । संभवतः अर्दली र द्वारेआमा कोठामा पुगेर देवयानीले फोन गरेको तर फोन नलागेको कुरा भन्नासाथ युवराजले प्रतिक्रियामा देवयानीलाई फोन गरेको हुन ज्यादा संभव छ । र, यो फोन अर्दली र द्वारेआमा मिलेर खोपीमा दीपेन्द्रको लुगा फुकालीदिनुभन्दा अगाडि गरेको हुन सक्दैन, किनकि अर्द्ध-बेहोश भएर लडेको बलवान लाठे मान्छेको लुगा त्यति छिट्टै १-२ मिनेटमा फुकाल्नु संभव छैन । यसले कम्तीमा ५-६ मिनेट समय लिन्छ ।

रेकर्डअनुसार, ८:४० सम्म त युवराज दीपेन्द्र देवयानीसित कुराकानी गर्दैछन् र सहीसलामत छन् । त्यसपछि लुगा फुकाल्न कम्तीमा ५-६ मिनेट समय लाग्यो । त्यसपछि युवराज ट्वाइलेटमा गएर वाक्वाकी गरेको अर्दली र द्वारेआमाले सुनेको बताएका छन् । यसो गर्न पनि ५-६ मिनेट समय त कम्तीमा लाग्छ । यी जम्मै जोड्दा ८:५०-८:५२ भइसकेको हुन्छ ।

त्यसपछि रक्सी लागेको मान्छेले पहिलेको लुगा फेरेर आर्मीको टाटेपाटे लुगा-फटिग लाउन, मोजा, बुट-जुत्ता भिर्न र हतियार भिरेर निक्लन लाग्ने न्यूनतम समयको हिसाब गर्दा केवल ९ बजेपछि मात्र उनी आफ्नो कोठाबाट निक्लनु सम्भव देखिन्छ ।

महाराजाधिराजका शाही पार्श्ववर्ती महासेनानी सुन्दर प्रताप राणाले पनि आफ्नो बयानमा विलीयार्ड रूममा गोली चलेको समय 'After 9' बताएका छन् । ठीक त्यस्तै महाराजाधिराजकै अर्का पाश्ववर्ती क्याप्टेन पवन खत्रीले पनि "महाराजधिराजको सिगार लिन उनी जाँदा ९ बजिसकेको र सिगार लिएर आएर सिनियर एडिसीलाई दिएर ड्युटी रूममा बासिरहँदा मात्र बाहिर फायरिंग भएको आवाज सुनेको आफ्नो बयानमा बताएका छन् ।

यी जम्मै बयानबाट के पुष्टि हुन्छ भने, विलीयार्ड रूममा गोलीकाण्ड हुँदा ९ बजेर केही मिनेट गइसकेको

## के यो टाइमिङ्ग मिल्छ ?

| समय | घटना | लागेको समयावधि | घटना सकिंदाको समय |
|---|---|---|---|
| ८:१२ | मोबाइलमा युवराज दीपेन्द्रबाट देवयानीलाई फोन | १ मिनेट १४ सकेण्ड | ८:१३:१४ |
| ८:२५ | देवयानीबाट साधारण फोन ४२३०५१ प्रयोग गरेर युवराजधिराजसित मोबाइलमा कुराकानी गर्ने प्रयत्न । तर फोन नउठाइएकोले फोन एडिसी अफिसमा डाइभर्ट भएको । एडिसीसित कुराकानी | ४ मिनेट १४ से. | ८:२९:१४ |
| ८:३९ | युवराज दीपेन्द्रबाट देवयानीको मोबाइलमा फोन गरी कुराकानी | ३२ सेकेण्ड | ८:४०:११ |
| | ◆ अर्ध बेहोस् र रक्सी-लागुपदार्थले चूर युवराजको लुगा फेर्ने कार्य | ५ मिनेट (अनुमानित) | करिव ८:४५ |
| | ◆ ट्वाइलेट गएर वाकवाकी | ५ मिनेट (अनुमानित) | करिव ८:५० |
| ९:००-९:०३ | ◆ नशामा लट्ठ युवराजबाट कम्ब्याट ड्रेस पहिरियाइ | ७-१० मिनेट (अनुमानित) | ९ बजे |
| ९:०३ | ◆ युवराज विलीयार्ड हलमा प्रवेश | | |
| ९:०५ | ◆ गोलीकाण्ड | २ मिनेट (अनुमानित) | ९:०५ बजे |
| | ◆ गोलीकाण्डपछि घाइतेहरूलाई एडिसीहरू लगायत घटनाबाट बचेकाहरूले मोटरमा राख्ने काम र रेस्क्यू | ५-१० मिनेट | ९:१० देखि ९:१५ बजे (अनुमानित) |
| ९:१५ | ◆ डाक्टरहरू आई जाँचेर राजा, रानी, निराजन आदिको मृत्यु घोषणा | | |

*लगभग ९:१५ मा मोटरमा राखेर छाउनीको अस्पतालतिर हिँडाउँदा न्यूनतम १५ मिनेट समय लाग्दा पनि अस्पताल पुग्दासम्म ९:३० बजेको हुनुपर्छ । अफ डाक्टरहरू आई जाँचेर राजा, रानी र निराजनहरूको मृत्यु घोषणा गर्दासम्म अरू थप समय लाग्ने प्रष्ट छ । तर अस्पतालले ९:१५ बजे मृत्यु घोषणा गरेको उल्लेख छ । यो विरोधाभासपूर्ण भएन र ?*

छ । परन्तु वीरेन्द्र मिलीटरी अस्पतालको रेकर्डबाट के देखिन्छ भने ९:१५ मा राजा वीरेन्द्रलाई, रानी ऐश्वर्यलाई र अधिराजकुमार निराजनलाई अस्पताल पुऱ्याई सकिएको छ । पुऱ्याइसकेर पनि राजा, रानी र निराजनलाई डाक्टरले जाँचीओरी मृत घोषित गरिसकिएको छ । अस्पतालमा पुऱ्याउँदा त्यहाँ ट्रमा रूममा डाक्टर थिएनन् भनिएको छ । डाक्टर सदिच्छा सिंह आएर राजा, रानी, निराजनलाई जाँचेर मृत घोषित गर्न समय लागेको छ । यस हिसावले हेर्दा नारायणहिटी दरवारमा ९ बजेपछि गोली चलेर- मिलीटरी हस्पीटल छाउनीमा ९:१५ मा राजा, रानी र निराजनको गाडी पुग्नु कुनै हालतमा पनि संभव देखिन्न । यी दुई टाइममा ठूलो विरोधाभास देखिन्छ । फेरि, गोली लाग्नेबित्तिकै शरीर उडेर छाउनी पुग्ने कुरो आएन । एडिसीहरू कुदेर आएर, ढोका फुटाएर, गाडी डाकेर, राजा, विशेषतः रानी र निराजनको घाइते शरीर चौर भरेङ्गमा खोजेर रेस्क्यू गर्दा नारायणहिटीमै थप ५/१० मिनेट त घटीमा लाग्छ ।

यस कोणबाट हेर्दा अस्पतालमा घडी हेरेर मृत घोषित भएको आधिकारिक समय लेख्ने हुनाले अस्पतालमा ९:१५ मा राजा, रानी र निराजनलाई मृत घोषित भएको समयलाई बढी भरपर्दो र स्टेण्डर्ड मान्नुपर्ने हुन्छ । यो समयलाई स्टेण्डर्ड मान्दा, युवराजले ८:३९ मा देवयानीलाई फोन गरेको समय पनि दूरसंचार संस्थानको कम्प्युटर प्रणालीको स्टेण्डर्ड समय हुनाले त्यसलाई पनि भरपर्दो आधार बनाउँदा र त्यो समयमा युवराज रक्सी, गाँजा र लागु पदार्थले लठ्ठ थिए भन्ने प्रत्यक्षदर्शीको बयानलाई बिनासन्देह पत्याउँदा- युवराज दीपेन्द्रले ९ बजेपछि गोली हिर्काएर राजा, रानी र अन्य राजपरिवार घाइते भएको र उहाँहरू ९:१५ बजे अस्पतालमा पुग्दा बितिसकेको कुरा कहीं कतै मेल खाँदैन । यो दावी तर्कसम्मत र तथ्यसम्मत दुवै देखिँदैन ।

यसप्रकार दूरसंचारले रेकर्ड गरेको फोनको समय र अस्पतालले रेकर्ड गरेको मृत्युको समय र प्रत्यक्षदर्शीको बयान एकदमै बाभ्छन् । तिनीहरूमा कुनै संगति देखिँदैन । दूरसंचार र अस्पतालको समयलाई शंका गर्ने ठाउँ छैन । तसर्थ, ठूलो गडवडी प्रत्यक्षदर्शीको बयानमा देखिन्छ । यस हिसावले नारायणहिटीमा गोलीकाण्ड ९ बजेपछि होइन, ९ बजेभन्दा अगाडि र देवयानी र दीपेन्द्रको फोन वार्ताको लगत्तैपछि बीचको समयमा घटेको हुनुपर्छ ।

तर प्रश्न उठ्छ, यो समयमा मद-बेहोश युवराज दीपेन्द्र स्वयम्बाट त्यति गह्रौं ३ वटा बन्दूक बोक्न, ठीक ठीक निशानामा गोली हान्न सक्षम हुने स्थिति छ त ?

यो सम्भावना एकदम कम छ । किनकि यो समयसम्ममा न त उनले वाक्कवाकी गरी भ्याएका छन्, न त होशमा आएर आर्मीको लुगा र बूट लगाई सशस्त्र भई भ्याउने स्थिति नै छ ।

यो परिस्थितिमा दुईवटा सम्भावना प्रबल देखिन्छ : एउटा, या त युवराज दीपेन्द्रले मद-बेहोश भएको अभिनय मात्र गरे, वास्तवमा उनी मद-बेहोश नै थिएनन् । अर्को, यात उनको नकाबमा अरू कसैले त्यो हत्याकाण्ड घटाए र उनी स्वयम् त्यो हत्याकाण्डको शिकार भए ।

युवराज दीपेन्द्र दाहिने हात चलाउने मान्छे भएको, परन्तु उनको शिरमा देव्रे कानको ठीक पछाडिबाट गोली हानेर दाहिने कंचटतिर ह्वाङ्ग छेडिएको अवस्थामा भेटिनुले पनि यो संभावनालाई ठूलो बल प्रदान गरेको छ । किनकि आत्महत्या गर्दा कुनै पनि व्यक्तिले अप्ठेरो र बेपायक ठाउँबाट गोली हान्दैन । जताबाट गोली हान्नु सुविस्ता र सजिलो हुन्छ, त्यहींबाट हान्छ । दाहिने हात चल्ने मान्छेले कंचटमा पिस्तोलले गोली हानी आत्महत्या गर्दा दायाँ कंचटबाटै गोली हानी आत्महत्या गर्छ, बायाँबाट हानेर होइन । तर युवराज दीपेन्द्रले चाहिं किन बायाँ साइडबाट, त्यो पनि कंचटबाट नभएर, देव्रे कान पछाडिको अप्ठेरो ठाउँबाट गोली हाने त ?

उच्चस्तरीय प्रतिवेदन हेर्दा पनि युवराजले आत्महत्या गरेको देख्ने, उनले आफैले आफैलाई गोली हानेको देख्ने कुनै प्रत्यक्षदर्शी देखिँदैन ।

त्यसमाथि थप, युवराज जहाँ घाइते अवस्थामा लडिरहेका भेटिए भनेर प्रत्यक्षदर्शीहरूले बताएका छन्, त्यो युवराजको 'खोपी अगाडिको बगैंचाको स-साना पोखरीको सानो पुलको दक्षिणी भागमा' भनिएको छ । तर उनले आत्महत्यामा प्रयोग गरेको भनिएको ग्लोक नामको पिस्तोल र खोका चाहिं 'पूर्वपट्टिको पोखरीको पानीमा' भेटिएको छ । यस्तो हुनु कसरी सम्भव भयो ? उनले पिस्तोलले गोली हानी आत्महत्या गरेका हुन् भने पिस्तोल त उनको हातमा नै भेटिनुपर्थ्यो वा शरीरछेउमै, यो कसरी उडेर पूर्वपट्टिको पोखरीको पानीमा पुग्यो ? गोली हानेर आफू खत्तम भएपछि मान्छेले पिस्तोल पोखरीमा फ्यांक्न त कदापि भ्याउँदैन ।

यी जम्मै सबूदहरूले युवराजले आत्महत्या गरेको प्रमाणित गर्दैनन् । उनी स्वयम्को हत्या भएको यी सबूदहरूले संकेत गर्छन् । संभवतः यही कारणले हुनुपर्छ, युवराजको मृत्युको कारक को हो, कसरी उनको मृत्यु भयो भन्ने सम्बन्धमा उच्चस्तरीय समितिको प्रतिवेदन विल्कुल चूप देखिन्छ ।

अर्को, घटनाको टाइमिंग पनि प्रतिवेदनमा निकै विरोधासपूर्ण देखिन्छ ।

८:१२ मा युवराज दीपेन्द्रले देवयानीलाई फोन गर्दा नै उनको स्वर लर्वराईसकेको भन्ने देवयानीको बयान छ । तर एडिसी गजेन्द्र बोहोराको बयानअनुसार युवराज दीपेन्द्रले ८:१९ मा एडिसीलाई फोन गरेर मात्र लागु पदार्थ भएको चुरोट भिकाएको देखिन्छ । प्रश्न उठ्छ, यदि ८:१९ मा मात्रै लागू पदार्थ भएको चुरोट भिकाउन युवराजबाट फोन गरिएको छ भने ८:१२ मै युवराजको बोली लर्वरियो कसरी ? कसरी उनलाई लागु पदार्थ लाग्यो ?

उच्चस्तरीय समितिकै प्रतिवेदनमा युवराज दीपेन्द्रका निजी सचिव सौजन्यकुमार सुल्प्य जोशीको पनि बयान छ, जो आफ्नो बयानमा भन्छन् कि युवराजलाई '१०-१२-१५ पेग ह्विस्की खाँदा पनि केही चेन्ज नहुने, ढल्ने नहुने' हुन्थ्यो । ८ बजे मुमा बडामहारानीको सवारी महेन्द्र मंजिलबाट त्रिभुवन सदनमा युवराज आफैले मोटर हाँकेर ल्याउँदासम्म युवराज ठीकठाक देखिन्छन् । परन्तु ८:१२ मा नै युवराज दीपेन्द्रको स्वर लर्वरिइसकेको छ, जो त्यतिन्जेल खाएको देखिएको एक पेग ह्विस्कीले हुनै सक्दैन । त्यसो भए, यो भयो कसरी त ?

यसरी प्रतिवेदनमा युवराजमा लागु पदार्थको असर सम्बन्धमा पनि टाइमिंग र प्रत्यक्षदर्शीको बयान अत्यन्त विरोधाभासपूर्ण छ, जो एक आपसमा पटक्कै मेल खाँदैनन् ।




**महीनाको हरेक तेस्रो शुक्रबार राजदवारमा रमाइलो पारिवारिक जमघट हुन्छ भन्ने कुरा राम्ररी थाहा भएका श्री ५ ज्ञानेन्द्र चितवनबाट भेटघाटका निम्ति काठमाण्डौ नआई आराम गर्न पोखरा जानुभयो, किन ?**

## *केही अनुत्तरित प्रश्नहरू*

अहिलेसम्म सम्पूर्ण प्रत्यक्षदर्शीहरू दीपेन्द्र नै हत्याकाण्डको नायक हुन् भनेर एक स्वरले प्रस्तुत भइरहेछन् । परन्तु एउटा सानो बालकसमेत यो कुरामा विश्वास गर्न तैयार छैन ।

यस्तो अकारण भएको छैन । यस्तो हुनुका केही दरिला कारण र आधारहरू छन् । जनताको दिल दिमागमा उठेका केही आधारभूत प्रश्नहरू बेलैमा पारदर्शी ढंगले दरवारबाट र सरकारबाट हल नहुनाको कारणले यो अविश्वास र आशंका आम जनताको स्तरमा छाइरहेको छ ।

जनताको दिल दिमागमा उठिरहेको एउटा आधारभूत प्रश्न के हो भने श्री ५ ज्ञानेन्द्रको परिवार मात्रै चोखै जोगिने, श्री ५ वीरेन्द्रको सारा परिवारचाहिं हत्याकाण्डमा ध्वस्त हुने भयो कसरी ? श्री ५ ज्ञानेन्द्रको जेठ १९ गते चितवनमा काम सकिसकेको थियो । महीनाको हरेक तेस्रो शुक्रबार राजदवारमा रमाइलो पारिवारिक जमघट हुन्छ भन्ने कुरा उहाँलाई राम्ररी थाहा थियो । परन्तु उहाँ चितवनबाट रमाइलो पारिवारिक भेटघाटका निम्ति काठमाण्डौ नआई आराम गर्न



**युवराज दीपेन्द्रले चाहिं किन बायाँ साइडबाट, त्यो पनि कंचटबाट नभएर, देव्रे कान पछाडिको अप्ठेरो ठाउँबाट गोली हाने त ?**

# वीर अस्पतालमा लगेर राजा र राजपरिवारको ज्यान बचाउनलाई भन्दा मिलीटरी अस्पतालमा लगेर गोपनीयता बचाउनलाई ज्यादा प्राथमिकता किन दिइयो ?

पोखरा जानुभयो किन ? यस्तो गर्नुपर्ने कारण के थियो ?

देवयानीसित विवाह गर्ने सवालमा अधिराजकुमार निराजन पनि युवराज दीपेन्द्रकै निर्णयको पक्षमा थिए, पारसजस्तै । परन्तु देवयानीसितको प्रेमको र विवाहको बाधा बनेको कारणले दीपेन्द्र बाबु आमासमेत मार्ने हत्यारा हुन् भने उनले विवाहको पक्षधर निराजनलाई चाहिं मारे किन, पारसलाई चाहिं चोखै छोडिदिए किन ? अझ विवाहविरोधी मुमा बडामहारानीलाई केही पनि गरेनन् किन ?

अर्को आधारभूत प्रश्न के हो भने-' घटना घटेको ठाउँ त्रिभुवन सदनबाट एडिसीहरू बस्ने थलो केवल ४०-५० मिटरको दूरीमा छ भनिन्छ । बाहिर र भित्र गरेर ३-४ मिनेट त्यत्रो लामो समयसम्म गोलीकाण्ड हुँदा एडिसीहरू बेलैमा थलोमा सुरक्षार्थ पुगेनन्, किन ?

गोलीकाण्ड भएपछि राजा, श्रुति, धीरेन्द्रलगायत थुप्रै राजपरिवारका सदस्यहरू जीवितै हुनुहुन्थ्यो । गोली लागेको र चर्को घाइते भएको समयमा मिनेट-मिनेटको पनि ठूलो महत्व हुन्छ । परन्तु घाइते र जीवित भि.भि.आइ.पी.हरूलाई मोटरमा ३-४ मिनेट दूरीको वीर अस्पताल वा ५-६ मिनेट दूरीको टिचीङ्ग अस्पतालजस्तो साधन सम्पन्न अस्पतालमा नलगीकन किन १२-१५ मिनेट दूरीको साधन विपन्न, २ वटामात्र O.T. भएको छाउनी अस्पताल लगियो ? वीर अस्पतालमा लगेर राजा र राजपरिवारको ज्यान बचाउनलाई भन्दा मिलीटरी अस्पतालमा लगेर गोपनीयता बचाउनलाई ज्यादा प्राथमिकता किन दिइयो ?

नेपालको यो राजदरवार हत्याकाण्ड विश्वकै इतिहासमा विरलै पाइने अति विभत्स हत्याकाण्ड हो । यति भयावह हत्याकाण्ड जसमा राजा, रानी, युवराज र राजपरिवारका थुप्रै सदस्यहरू नृशंस ढंगले मारिएका छन्, यथार्थ के हो त्यसको खोजवीन गर्नु ज्यादै महत्वपूर्ण कुरो थियो । त्यसको लागि पोष्टमार्टम गर्नु अनिवार्य कुरो थियो । पोष्टमार्टमले गोलीको प्रकार, गोलीकाण्डको समय, मृत्युको कारण, घटनाको श्रृंखलावद्धता सबै पत्तो लाग्थ्यो । परन्तु यो हत्याकाण्डमा भयो के भने मिलीटरी अस्पतालले पोष्टमार्टम गर्न टिचिङ्ग अस्पतालबाट तीनजना पोष्टमार्टम विज्ञहरूलाई डाकीसकेपछि पनि २० गते २ घण्टा र २२ गते ५ घण्टा कुराएर अन्ततः कुनै 'माथि' बाट आदेश आयो भनी पोष्टमार्टम नै गर्न दिइएन । हतार हतारमा लाश जलाइयो । पोष्टमार्टम गर्न रोक लाउने त्यो 'माथि' को थियो ? रोकको कारण के थियो ? र हतार हतार लाश जलाउनु पर्ने कारण के थियो ?

संसदीय व्यवस्थामा सर्वोच्च कार्यकारी प्रमुख भनेको प्रधानमन्त्री नै हुन्छ । परन्तु, नेपालमा राजदरवार मामिलासम्बन्धी मन्त्रीसमेत रहेका सर्वोच्च कार्यकारी प्रमुखलाई दरवारमा त्यत्रो भयावह हत्याकाण्ड भएको दुई घण्टापछि मात्रै यथार्थको सूचना दिइयो, जबकि प्रधान सेनापतिलाई एक घण्टा पनि नबित्दै ९:४५ मा र प्रहरी महानिरीक्षकलाई तत्कालै ९:१५ बजे नै घटनाको जानकारी दिइसकिएको थियो । देशको सर्वोच्च कार्यकारी प्रमुख र राजदरवार मामिलासम्बन्धी मन्त्री स्वयमलाई राजा, रानीको ज्यान जाने हदको राजदरवारको यत्रो महत्वपूर्ण घटना किन यति लामो समयसम्म लुकाइयो ?

डा. राजीव राजालाई पहिलोचोटि गोली लागेपछि जम्प गरेर राजाको नजिक गएको र उनले राजाको घाँटीमा आइरहेको रगत कोट फुकालेर थामेको बयानमा बताउँछन् । तर M-16 भिरेर दोस्रोपटक त्यहाँ आएका युवराजले राजालाई गोलीले पुनः हान्दा राजीवलाई हान्दैनन् किन ? गोली चलुञ्जेल बिलीयार्ड हलमा नै रहेका डा. राजीव एडिसीहरू हलमा आएपछि रेस्क्यूको लागि उल्टो झ्यालबाट भाग्दछन् किन ? उनको व्यवहार निकै सन्देहस्पद देखिन्छ । यसको कारण के हो ?

पहिलोचोटि घाँटीमा गोली लागेपछि राजा वीरेन्द्रले युवराज दीपेन्द्रद्वारा भूइँमा फालिएको MP-5 K सब-मेशीनगन टिपेर उठ्न खोजेको र गोली हान्न खोजेको, तर त्यो गन शोभा शाहीद्वारा खोसिएको, गोली निकालिदिइएको देखिएको छ। यो कार्यले हत्याकाण्डको घटनाक्रममा ठूलो फरक ल्याएको छ । शोभा शाहीले निर्णायक घडीमा त्यसरी गोली खाएर घाइते भएका राजाको हातबाट बन्दूक खोस्नु र गोली निकालिदिनुको कारण के ?

यी र यस्ता थुप्रै आधारभूत प्रश्नहरू अहिले पनि अनुत्तरित छन् । न राजदरवारले यी प्रश्नको सही र चित्तबुझ्दो जवाफ जनतालाई दिन जरूरी ठानेको छ, न सिंहदरवारले । फलस्वरूप नयाँ राजाप्रति न त जनताको विश्वास जाग्न सकेको छ, न आस्था । राजसंस्था सबैभन्दा ज्यादा श्रद्धाशून्य र जनविश्वासरहित भएको परिस्थिति छ, नेपालमा अहिले । यो विन्दुबाट नेपाल गणतन्त्रतिर उन्मुख हुनु पनि संभव छ, निरंकुश राजतन्त्रतिर फर्किन पनि । एउटा संक्रमणकालीन दोवाटोमा खडाभएको छ- हाम्रो देशको राजतन्त्र यतिखेर ।

उच्चस्तरीय समितिले यीमध्ये कुनै पनि अनुत्तरित प्रश्नहरूको जवाफ ल्याउन सकेन । बिनाजाँचपरख प्रेम-पागल युवराज दीपेन्द्रले लागु पदार्थको



युवराजका लागि उमेर पुगेको अवसरमा गरिएको समारोहमा दीपेन्द्र आफ्ना मातापिताका साथ

**पोष्टमार्टम गर्न रोक लाउने त्यो 'माथि' को थियो ? रोकको कारण के थियो ? र हतार हतार लाश जलाउनु पर्ने कारण के थियो ?**

प्रभावमा आफ्नै मातापितालगायत सारा राजपरिवारको नृशंस हत्या गर्‍यो भन्नेहरूको लागि क्रस चेक नगरिकनै पेश गरिएको कोरा र विरोधाभासपूर्ण बयानहरूको एउटा सँगालो ल्याईदियो उच्चस्तरीय छानवीन समितिले । अहिले सारा राष्ट्रिय अन्तरराष्ट्रिय संचार माध्यमहरू त्यसैका भरमा एउटै कुराको एकोहोरो रटना लगाइरहेछन् । परन्तु कुनै पनि आलोचक र विवेकशील नेपाली यो कुरा स्वीकार्न तैयार देखिन्न । यो हत्याकाण्ड दरवारको अपारदर्शीता र एकपछि अर्को शंकास्पद व्यवहार तथा सरकारको निरीह, अस्तित्वविहीन र गैर-जिम्मेवार रवैयाबाट ज्यादै आक्रोशित र असन्तुष्ट जनसमुदाय नेतृत्व नपाएर सडकबाट फिर्ता त भएको छ, तर उनीहरूको आक्रोश र असंतोष मरेको छैन, त्यो भूसको आगोझैं भित्रभित्रै सल्किरहेछ । कुन बेला विद्रोह वा विष्फोटको आगोको विशाल लप्का भएर त्यो दन्कने हो र त्यसले के के जलाउने हो, अहिल्यै केही भन्न सकिन्न । अहिले यति भन्न सकिन्छः त्यो घटना छिट्टै घट्नेवाला छ ।

## *हत्यारा को ? कारण के ?*

अहिले दरवारका सारा प्रत्यक्षदर्शी भनिएकाहरू युवराज दीपेन्द्रलाई नै १९ गतेको हत्याकाण्डको एकमात्र सूत्रधार ठहर्‍याउन कम्मर कसेर जुटेका छन् । रा.प्र.पा.का एक नेता पशुपति शमशेरकी छोरी देवयानीसँगको युवराज दीपेन्द्रको गहीरो प्रेम, उनैसँग तुरून्तै विवाह गर्ने युवराजको इच्छा, परन्तु दरवारभित्र निराजन र पारसबाहेक राजा रानी र अरू कसैले उनलाई यस सवालमा साथ नदिएको स्थिति, युवराज बिल्कुल एक्लो परेको र विवाह गरेको खण्डमा उनको युवराजको पदवी नै खोसिने राजा रानीको धम्की- यो नै युवराज दीपेन्द्रलाई चरम निराशा र मानसिक द्वन्दमा पार्ने स्थिति हो, जसको कारणले युवराज दीपेन्द्रले जेठ १९ गतेको घटना घटाए भनेर भनिंदैछ । युवराजका भाइ निराजनको जेठ २७ गते किशोर राणाकी छोरी आयुष्मासित धोवीचौर क्षेत्रपाटीमा विवाह छिनिने टुङगोले युवराज दीपेन्द्रलाई तत्काल सबैभन्दा मर्माहत र आक्रोशित पारेको बताईदैछ ।

खोजतलास गर्दा कुन कुरामा सत्यता पाइएको छ भने, युवराज दीपेन्द्रको देवयानीसित गाढा प्रेमसम्बन्ध थियो र उनी अविलम्ब


शोभा शाही

## शोभा शाहीले निर्णायक घडीमा त्यसरी गोली खाएर घाइते भएका राजाको हातबाट बन्दूक खोस्नु र गोली निकालिदिनुको कारण के ?

देवयानीलाई विवाह गर्न उद्यत थिए । तर माथि भनिएझैं राजा, रानी, मुमाबडामहारानी र बहिनी श्रुतिलगायत धेरैको यो विवाहमा सहमति थिएन् । यस मामिलामा निराजनबाहेक परिवारमा उनी झण्डै एक्लो परेको कुरा सही हो । या त देवयानी छोड्नुपर्ने, या युवराज पद छोड्नुपर्ने स्थिति युवराजलाई आइलागेको बारे स्वतन्त्र स्रोतबाट पुष्टि हुन सकेको छैन, परन्तु यो हुन सम्भव घटना हो भनेर पत्यार गर्ने केही आधारहरू छन् । त्यस्तै, निराजनको विवाह छिनिने कुरा अवश्य पनि युवराजलाई चर्को तनावमा पार्ने र निराशा पार्ने घटनाहरू हुन् । परन्तु, यतिखेरको गाँठी प्रश्न के हो भने, के यत्तिका आधारमा युवराज दीपेन्द्रको जस्तो मानसिक बनोट, व्यक्तित्व र विगत इतिहास भएको व्यक्तिबाट यस्तो बाबु, आमा र सारा परिवार ध्वंश पार्ने घटना घटाउनु संभव छ ?

मनोविज्ञान विज्ञ शिशिर सुब्बाको भनाइ छ- "ज्यादै आक्रमक स्वभावका, आफ्ना स्वविवेक र संवेगलाई नियन्त्रण गर्न नसक्ने एवं आफ्ना सामाजिक जिम्मेवारीबारे बेवास्ता हुने व्यक्तित्वले अरूको हत्या गर्नसक्छ नत्र भने प्रायः समस्याबाट पीडित व्यक्तिले अवसादबाट ग्रसित भई आफ्नै ज्यान लिन्छन् । युवराज दीपेन्द्रको व्यक्तित्व त्यस्तो आक्रमक देखिँदैन । उनका गुरू, साथीहरूको अनुभवमा उनी ज्यादै विवेकशील दयालु, सहयोगी तथा नरम मनको भएका देखिएका छन् । नरम मन भएको र सन्तुलित व्यक्तित्वबाट ड्रग र रक्सी नखाएको सामान्य अवस्थामा प्रिय आफन्तजनको हत्या वा आफ्नै हत्या गर्नु त्यति संभव छैन ।"

यस कोणबाट हेर्दा माथि भनिसकिएझैं युवराज दीपेन्द्रले लागु पदार्थ खाएको वैज्ञानिक तवरले कहींबाट पनि पुष्टि हुँदैन । यस्तो पुष्टि हुने वैज्ञानिक आधार साँच्चै नै भएको भए र रगत र चुरोटमा त्यसको प्रमाण भेटिएको भए, जसरी पनि युवराज दीपेन्द्रलाई नै हत्यारा ठहर्‍याउन ज्यू ज्यान कसेर लागेकाहरू तीन हात उफ्रेर यो प्रमाण जनसमक्ष तेर्स्याउँथे होलान् । तर त्यस्तो दसी-प्रमाण कहीं कतै भेटिएन । लागु पदार्थ खाएर युवराज दीपेन्द्रले यो घटना घटाए भन्नका लागि कुनै वैज्ञानिक र भरपर्दो आधार नै उपलब्ध छैन । राजा, रानी स्वयम्‌को हत्यापछिको अहिलेको भयावह परिस्थितिमा दरबारमा दश बीसजना प्रत्यक्षदर्शीको बयान, डर, त्रास, धम्कीका आधारमा आउनु पनि सजिलै सम्भव छ । तसर्थ, त्यसैका आधारमा मात्र यसलाई सत्य ठान्न मिल्दैन ।

हत्यारा दीपेन्द्र मात्रै रहेको भए दरबारको अहिलेको संस्थापना पक्षले - पोष्टमार्टममाथि रोक लगाउनुपर्ने कुनै कारण देखिन्न । पोष्टमार्टमबाट त त्यो अरू ज्यादा अकाट्य रूपमा साबित हुन्थ्यो । त्यसले, वर्तमान नयाँ राजाप्रतिको शंका निवारण गर्थ्यो, विश्वास बढाउँथ्यो । हत्याकाण्डपछि हतार हतारमा लाश नजलाइकन, दसी प्रमाणहरू यताउता नगरीकन, तुरून्तै उच्चस्तरीय छानबीन समिति गठन गरिएको भए, लाश जाँच र पोष्टमार्टमका लागि तुरून्तै अनुमति दिइएको भए, हत्यास्थललाई तुरून्तै सील गरेर- त्यो छानिएको राष्ट्रिय-अन्तरराष्ट्रिय प्रेस र पार्टी प्रतिनिधिहरूको अवलोकनको निम्ति पारदर्शी ढंगले उपलब्ध गराइएको भए सारा आशंकाहरू चाँडै नै निवारण हुन्थे, जनआक्रोश सडकमा पोखिँदै पोखिँदैनथ्यो । वर्तमान राजाप्रति त्यसले तुरून्तै विश्वास र श्रद्धा बढाउँथ्यो ।

तर यीमध्ये कुनै कदम पनि चालिएनन् । दरबारले यो कुरा गर्नुपर्थ्यो, परन्तु तीव्र जनदबाबका बावजूद पनि दरबारले त्यस्तो गरेन । निर्वाचित सरकारले जनतालाई विश्वासमा लिएर दह्रो मुटुको साथ यी कुरा गर्न दरबारलाई बाध्य पार्नु पर्थ्यो । यस्तो गर्न सकिएको भए सरकारप्रतिको गिर्दो जनविश्वास एउटै घटनाबाट चाँडै नै माथि उठ्थ्यो । परन्तु यो हत्याकाण्डमा निर्वाचित सरकारको त कतै कुनै अस्तित्व नै देखिएन । यो नितान्त निरीह र दरबारको लाचार छायाजस्तो मात्र देखापर्‍यो ।

यो परिस्थितिमा हत्याकाण्डका नायक दीपेन्द्र होइनन् अथवा दीपेन्द्र मात्रै होइनन् भनेर सोच्ने प्रशस्त आधारहरू वर्तमान दरबार स्वयम्‌ले दिएको छ । हत्याकाण्डपछिको दरबारको व्यवहारले हत्याकाण्डमा युवराज दीपेन्द्रको हात नभएर शाहज्यादा पारसको त हात छैन ? भन्ने आशंका आमजनतामा काफी मात्रामा बढाएको छ । १९ गतेको हत्याकाण्डमा देवयानीसितको विवाहका पक्षधर निराजन मारिनु, पारसचाहिं हत्याराको सामुन्ने परेको भनिए पनि नमारिनु र चोख्खै बच्नु, निराजनको हत्या गरिएको तथा युवराज दीपेन्द्रले आत्महत्या गरेको देख्ने प्रत्यक्षदर्शी कोही नहुनु, हत्याकाण्डको प्रचारित टाइम र अस्पतालमा मृत्युको टाइमबीच ठूलो विरोधाभास देखिनु, युवराजको देब्रे कान पछाडिबाट दाहिने कंचटतिर गोली लागेको देखिनु, लाशहरूको पोष्टमार्टम गर्न 'माथि'ले रोक्नु, जीवित भिभिआइपीहरूलाई दरबारको नजिकैको वीर अस्पतालमा लगेर जीवन बचाउनुभन्दा टाढा सैनिक अस्पतालमा लगेर गोपनीयता बचाउनमा जोड दिइनु, प्रहरी आइ.जी.पी. र प्रधान सेनापतिलाई तुरून्तै हत्याकाण्डको खबर गर्न हेक्का हुने दरबारको सूचना प्रणालीले देशको प्रधानमन्त्रीलाई चाहिँ २ घण्टापछि मात्रै खबर गर्नु, यी सबै तथ्य र वस्तुगत आधारहरूले यो हत्याकाण्ड विवाहको कारणले भएको पारिवारिक हत्याकाण्ड नभएर नियोजित राजनीतिक षडयन्त्र हो भन्ने कुरालाई नै ज्यादा पुष्टि गरिरहेछन् । दीपेन्द्र स्वयम् हत्याको शिकार भएका त होइनन् ? भनेर शंका गर्ने आधारसमेत यिनले दिएका छन् ।

त्यसमाथि थप, उच्चस्तरीय समितिले १९ गतेको हत्याकाण्ड सम्बन्धमा त्यति धेरै प्रत्यक्षदर्शीको बयान र मुचुल्का संकलन गरेर पनि हत्यारा सम्बन्धमा पूर्व प्रचारित व्यक्तिबारे आफ्नो राय ठहर नदिनुले यस्तो र यति बयान-प्रमाणका आधारमा युवराज दीपेन्द्रलाई हत्यारा ठहर गर्न मिल्दैन भन्ने सोचलाई नै बल पुर्‍याएको छ ।

शंकाको आधारमा कसैलाई हत्यारा ठहर गर्नु गलत हुन्छ । अहिले जे-जति आधार र प्रमाणहरू छन्, त्यसका आधारमा शंका र अनुमानमात्र गर्न सकिन्छ, ठहर गर्न सकिँदैन ।

अहिलेसम्म उपलब्ध सबै तथ्यहरू, सबूदहरू र घटना-क्रमहरूको आधारमा किटानीका साथ यो हत्याकाण्डको मुख्य सूत्रधार युवराज दीपेन्द्रनै हुन् र उनैमात्र हुन् भनेर भन्न सकिने स्थिति छैन । हत्याकाण्डको सामुन्ने देखिने एउटा मुखौटा पात्र युवराज दीपेन्द्र भएर बाँकी तमाम हत्याकाण्ड अरू नै पात्रले राजनीतिक उद्देश्यले र षडयन्त्रमूलक ढंगले सम्पन्न गरेको हुनसक्ने संभावना ज्यादा देखिएको छ । युवराज दीपेन्द्र नै हत्याकाण्डका एक मात्र मुख्य सूत्रधार थिए भने, उनको वंश र परिवार सिंगै स्वाहा भएको स्थितिमा र वर्तमान दरबार चरम अलोकप्रिय बन्न जाने मूल्यमा समेत शवहरूलाई, बाँचेका घाइतेहरूलाई, घटनास्थललाई, अस्पताललाई, अपारदर्शी र स्वतन्त्र वैज्ञानिक अनुसन्धानको पहुँचबाहिर बनाउनु पर्ने कुनै जरूरत नै हुने थिएन । गोली लागेको प्रवृत्ति हेर्दा राजा, रानी, युवराज र निराजनलाई हत्याकाण्डको मुख्य तारो बनाउन खोजिएको देखिन्छ । अरूहरू छेक्न आउँदा वा संयोगवश मात्रै मारिएका वा घाइते भएका देखिन्छन् ।

राजदरबारविद् डा. सानुभाइ डंगोलले विश्लेषण गरेझैं दरबारमा उदारपक्ष र अनुदार पक्षको अस्तित्व त वस्तुगत रूपमा छ नै । कतै यो हत्याकाण्ड युवराजलाई ढाल बनाएर अनुदार पक्षले उदार पक्षमाथि विजय प्राप्त गर्न धेरै पहिलेदेखि गर्दै आएको संघर्षको अन्तिम निर्णायक कडी त होइन ? शंका गर्नुपर्ने आधार प्रशस्त छन् ।

परन्तु यो हत्याकाण्डलाई शंकाको आधारमा ठहर गर्नुभन्दा यसबारे समय लगाएर थप खोज अनुसन्धान जारी राख्नु जरूरी छ । नेपालको सार्वभौम भनिएको संसदले यसबारे खोज अनुसन्धान गर्न एउटा शक्तिशाली आयोग गठन गर्नु सबैभन्दा श्रेयस्कर हुनेछ । ❑

**हत्याकाण्डका नायक दीपेन्द्र होइनन् अथवा दीपेन्द्र मात्रै होइनन् भनेर सोच्ने प्रशस्त आधारहरू वर्तमान दरबार स्वयम्‌ले दिएको छ**

# प्रत्यक्षदर्शीको बयानलाई पत्याउने हो भने



# कसरी घट्यो नारायणहिटी हत्याकाण्ड ?

*युवराज दीपेन्द्रले ड्रग खान्थे भन्ने कुरा सत्य हो कि होइन भनेर प्रमाणित गर्न सहायक हुने कार्य- युवराजको रक्त परीक्षण भने कुनै स्वतन्त्र वैज्ञानिक प्रयोगशालामा गरिएन । अझ, त्यो मिलीटरी अस्पतालमै समेत गरिएन ।*

सधैंझैं जेठ महिनाको तेस्रो शुक्रबार साँझ नारायणहिटी राजदरबारमा शाही नातेदारहरूको *रमाइलो शुक्रबार* जमघट कार्यक्रम थियो । भोज तैयार भइसकेको थियो, तर खाने बेला भइसकेको थिएन, ड्रिंक्समात्र सर्भ हुँदै थियो । रमाइलो शुक्रबारको रमाइलो नै राम्रोसित जमिसकेको थिएन । अकस्मात यस्तो अप्रत्याशित दुर्घटना घट्यो कि क्षणभरमै राजा वीरेन्द्रको सम्पूर्ण वंशलगायत राजपरिवारका १० जना सदस्यहरू स्वाहा भए । नेपालको राजवंशको इतिहासमा अहिलेसम्मको सबैभन्दा ठूलो र सबैभन्दा विभत्स हत्याकाण्ड ठहरियो यो । संभवतः राजपरिवारका सदस्यहरूमध्येबाटै राजपरिवारका यति धेरै सदस्यहरूको हत्या भएको यति नृशंस राजदरवार हत्याकाण्ड भएको विश्वकै इतिहासमा कतै भेटिन्न ।

नेपाली राजसंस्थाको इतिहासमा कहिल्यै नमेटिने त्यो नृशंस राजदरबार हत्याकाण्ड घट्यो कसरी त ?

नेपालको इतिहासमा ११६ वर्षअघि घटेको कुख्यात ४२ साल पर्वलाई पनि माथ गर्ने नारायणहिटी पर्व आखिर भयो कसरी ?

यस सम्बन्धमा स्वतन्त्र रूपमा पुष्टि र प्रमाणित गर्न सकिने कुनै सत्य-तथ्य अहिलेसम्म सार्वजनिक हुन सकेका छैनन् । घटना घटेको ठाउँ दरवारभित्रको त्रिभुवन सदन, त्यसभित्रका साक्षी प्रमाणहरू, स्वतन्त्र अनुसन्धानकर्ताहरूको निम्ति खुला र उपलब्ध छैनन्, नत त्यो प्रेसको निम्ति नै खुला गरिएको छ । त्यसमाथि थप, मृतकहरू कसैको शवको पनि लाश जाँच मुचुल्का गर्न दिइएन, न त तिनीहरूको फोरेन्सिक पोष्टमार्टम नै गर्न दिइयो । मिलीटरी अस्पतालले जेठ २० गते र २२ गते पोष्टमार्टम गर्न डाकेका टिचिङ्ग अस्पतालका डा. प्रमोद श्रेष्ठ, डा. हरिहर वस्ती र डा. तुलसी कँडेलको तीन सदस्यीय पोष्टमार्टम विशेषज्ञ टीमलाई अस्पतालमा घण्टौं कुराएपछि कुनै 'माथि'ले राजपरिवारको सदस्यको शवको पोष्टमार्टम गर्नु नपर्ने भनेर बैज्ञानिक युगमा सामन्ती युगीन आदेश पठायो । यही आदेशका नाममा शवहरूको पोष्टमार्टम गर्नबाट बंचित गरियो । त्यो 'माथि' आखिर थियो को ? अहिलेसम्म सार्वभौम जनतालाई खुलस्त बताइएको छैन । अझ गजबको कुरो, युवराज दीपेन्द्रले ड्रग खान्थे भनेर संसारव्यापी एकतर्फी प्रचार गरियो, विशेषतः दरवारभित्रका डर त्रासको शिकार हुनसक्ने केही एडीसी-अर्दलीको बयानलाई अघि सारेर । परन्तु यो सत्य हो कि होइन भनेर अकाट्य रूपमा र बैज्ञानिक तवरले प्रमाणित गर्न सहायक हुने कार्य- युवराजको रक्त परीक्षण भने कुनै स्वतन्त्र वैज्ञानिक प्रयोगशालामा गरिएन । अझ, त्यो मिलीटरी अस्पतालमै समेत गरिएन ।

संभवतः यही कारणले हुनुपर्छ, नयाँ राजाद्वारा व्यापक जनदबावका कारणले जेठ २२ गते गठित उच्चस्तरीय समितिले राजदरवार हत्याकाण्ड सम्बन्धमा सप्ताहव्यापी खोज-अनुसन्धानपछि पेश गरेको प्रतिवेदनमा- हत्याकाण्डको वास्तविक हत्यारा को र त्यो हत्या किन गरियो भन्ने सम्बन्धमा समितिको आफ्नो राय-ठहर प्रस्तुत गरिएन । डर त्रासको चपेटामा आउन सक्ने खालि केही 'प्रत्यक्षदर्शी' भनिएकाहरूको बयान र केही मुचुल्काहरूको सँगालोमात्र भयो त्यो प्रतिवेदन । यथार्थमा ती र त्यस्ता बयान र केही मुचुल्काहरूका आधारमा समितिले राय ठहर पेश गर्नु संभव पनि थिएन । उपयुक्त पनि थिएन ।

त्यसैले, नारायणहिटी हत्याकाण्ड सम्बन्धमा, त्यो कसरी घट्यो भन्ने सम्बन्धमा उच्चस्तरीय समितिले कुनै राय र ठहर पेश नगरेको परिप्रेक्ष्यमा अहिले राजदरवार हत्याकाण्ड सम्बन्धमा उपलब्ध सामाग्री भनेको तिनै "प्रत्यक्षदर्शीहरूको" बयान मात्रै हुन्, सो नितान्त एकपक्षीय भएकाले र स्वतन्त्र रूपमा पुष्टि र प्रमाणित हुन नसक्ने भएकाले भरपर्दा छैनन् ।

त्यसैले, यो हत्याकाण्ड कसरी घट्यो त ? के के घटना घटे त त्यो दिन त्रिभुवन सदनमा ? यसबारे अहिले प्रस्तुत गरिएको रिपोर्ट केवल एउटा पक्षको संस्थापना, सरकारी पक्षको, रिपोर्ट मात्रै हो । प्रत्यक्षदर्शीहरूको भनाइलाई विनाजाँचपरख सत्य मान्ने हो भन्ने स्वभावतः निस्किने निष्कर्ष र शब्द चित्र मात्रै हो यो ।

उच्चस्तरीय समितिले संकलन गरेको प्रत्यक्षदर्शीहरूको बयानलाई पत्याउने हो भने जेठ १९ गतेको विभत्स हत्याकाण्डको मोटामोटी शब्द चित्र यस्तो निस्कन्छ :

जम्मा २४ जना शाही नातेदारहरूलाई साँझ ७:३० बजे भोजका लागि निम्त्याइएको थियो र बोलाइएको ठाउँ थियो त्रिभुवन सदन, अर्थात् युवराज दीपेन्द्रको निवास भवनमा । युवराज दीपेन्द्रचाहिँ ७ बजे नै त्यस भवनको भूइँतल्लामा रहेको बिलीयार्ड हलमा पसेर आफ्नो एडिसी गजेन्द्र बोहोराको उपस्थितिमा एक्लै बिलीयार्ड खेल्दै थिए । एडिसी बल मिलाई दिने, युवराज दीपेन्द्र हान्ने । नातेदारहरू आउने टाइम भएपछि ट्युनीक चेन्ज गर्नै बाँकी भएका

एडिसीले युवराजसित दुईचोटि बाहिर जाने अनुमति मागे । तर युवराजले भने- "पर्दैन, एकछिन् बस" । अन्त्यमा साँढे सात बज्ने लागेपछि मात्र उनले बिलीयार्ड हलबाट निक्लने अनुमति पाए । निक्लनुअघि युवराजले आफ्नो खोपीबाट फेमस ग्राउज ह्विस्की एडिसीमार्फत् तल बिलीयार्ड रूममा झिकाए र एक पेग राख्न लगाएर पिए ।

ह्विस्की पिए पनि युवराज दीपेन्द्र राति आठ बजेसम्म सही सलामत थिए, किनकि उनी त्यतिबेला आएका पाहुनाहरूको स्वागत सत्कार राम्रो मिजासमा गरिरहेका थिए । उनी पाहुनाहरूलाई पेय पदार्थ सर्भ गर्दै थिए । किनकि रानी ऐश्वर्यसित सोधेर र उनैले हुन्छ भनेपछि गएर मुमाबडामहारानी रत्नलाई महेन्द्र मंजिलबाट आफू स्वयंले गाडी हाँकेर त्रिभुवन सदनसम्म ल्याएका थिए । बाटोमा उनले हजूर आमासित राम्रो मूडमा कुराकानी पनि गरेका थिए ।

मुमाबडामहारानीको सवारी त्रिभुवन सदनको सानो बैठक कोठामा भित्र्याएपछि उनी पुनः बिलीयार्ड रूममै पसे, जहाँ धेरैजासो पाहुनाहरू आइसकेका थिए । आएका अतिथिहरूलाई पुनः ड्रिंक्स सर्भ गर्ने कार्य युवराज दीपेन्द्रले नै गरे । उनले ८:१२ मा आफ्नो मोबाइलबाट देवयानीलाई फोन पनि गरे । उनी त्यतिञ्जेलसम्म पनि राम्रो मूडमा थिए ।

राती ८:१९ मा बिलीयार्ड रूमबाटै युवराज दीपेन्द्रले आफ्नो एडिसी गजेन्द्र बोहोरालाई फोन गरेर बिलीयार्ड रूमको कुनामा चुरोट पठाई दिन भने । एडीसीले अर्दली रामकृष्ण के.सी.मार्फत् युवराजलाई मनपर्ने ब्राण्डको ५/६ वटा शिखर चुरोट (जसमा गाँजा र कालो पदार्थ भरिएको थियो) । युवराजलाई दिई पठाए । अर्दलीले त्यो मालदार चुरोट आफैं दिएनन् । बिलीयार्ड रूमको मेन ढोकामा हाँस्दै आएका शाहज्यादा पारसलाई उनले त्यो चुरोट दिए । पारसले त्यो चुरोट युवराजसमक्ष पुऱ्याए ।

राती करिब ८:३० बजे राजा वीरेन्द्रको सवारी त्रिभुवन सदनमा भयो । त्यहाँ पुगेपछि राजा सिधै मुमाबडामहारानी बसेको बिलीयार्ड रूम नजिकैको छुट्टै बैठक कोठामा गए, जहाँ मुमाबडामहारानी आफ्ना देवरानी हेलेनशाहसित बातचीत गर्दै थिइन् । आफ्नो मुमासित केहीक्षण भलाकुसारी र बातचीत गरेपछि राजा वीरेन्द्र बिलीयार्ड रूममै गए ।

उता राजा त्रिभुवन सदनमा सवारी भएपछि बिलीयार्ड रूममा चाहिं करिब साँढे ८ बज्नु केही मिनेटअगाडि युवराज दीपेन्द्र मादक पदार्थले लट्ठ भएर बेहोश भएर भुइँमा सुतेकाले पारस, गोरख, निराजन र राजीव मिलेर उनलाई उठाएर खोपीसम्मै पुऱ्याइयो र ओछ्यानमा सुताइयो ।

खोपीमा रहँदै युवराज दीपेन्द्रको उनकी प्रेमिका देवयानीसित दुईचोटि वार्तालाप भयो । एकपटक ८.२५ मा देवयानी स्वयम्ले फोन गर्दा ४ मिनेट १४ सेकेण्डसम्म, अर्कोपटक ८:३९ मा युवराज स्वयम्ले देवयानीलाई फोन गर्दा ३२ सकेण्डसम्म । पछिल्लो चोटि ८:३९ मा कुराकानी गर्दा युवराज दीपेन्द्रले देवयानीलाई भने- "भोलि बिहानमात्र तिमीलाई फोन गर्छु ।... अब म सुत्न लागेको छु है.... गुड नाइट ।" देवयानीसित युवराज दीपेन्द्रको कुराकानी भएपछि उनलाई युवराजको स्वर लडबडाएको र युवराज अस्वस्थ भएको जस्तो लागेर उनले ड्युटीमा कार्यरत र घरमा रहेका २ जना एडीसीलाई फोन गरिन् र खोपीमा गएर एकचोटि युवराजलाई हेरिदिन अनुरोध गरिन् । एडीसीले अर्दलीलाई र द्वारेआमालाई खोपीमा युवराजलाई हेर्न पठाए पनि । युवराज त्यतिखेर आफ्नो लुगा आफैं खोल्न सक्ने हालतमा थिएनन् । उनीहरूले उनको लुगा खोली दिए । युवराज त्यसपछि बाथरूम गएर त्यहाँ वाक्कवाकी गरेको अर्दली र द्वारेआमाले सुने ।

बाथरूम गएर फर्केपछि पहिले बेहोश भएर ढलेका र बोली नै लड्बडाएका युवराज एक्कासी ठीकठाक भए । उनले आफैले छिटोछिटो आफ्नो ड्रेस फेरे र आर्मीको टाटेपाटे कब्याट ड्रेस लगाए । केही छिन् पहिले लड्बडाएर हिंड्न पनि नसक्ने युवराज दीपेन्द्रले अब तुरुन्तै तगडा मान्छेझैं दुईतर्फ गह्रौं सब मेशिनगन् र अटोमेटिक राइफलका साथ १२ बोरको बन्दूकसमेत बोकेर र ग्लोक पिस्तोल भिरेर त्रिभुवन सदनको बिलीयार्ड हलमा अकस्मात् रातको ९ बजेतिर प्रवेश गरे ।

उता राजा वीरेन्द्र भने मुमाकहाँ दर्शन भेट गरेर बिलीयार्ड हलमा भर्खरै प्रवेश गरेको बेला थियो । उनको हातमा कोका-कोलाको ग्लास थियो । बिलीयार्ड टेबलको पूर्वी छेउमा उभिएर कोक पिउँदै राजा आफ्ना आफन्तसित बात मार्दै थिए । रवि शमशेरसित कुराकानी सकेर राजा महेश्वरकुमार सिंहसित कुराकानी गर्दै थिए । महेश्वरकुमारले आफ्नी श्रीमती (श्री ५ वीरेन्द्रको फुपू) लाई बाथ भएकाले निम्ता भएर पनि आउन सकिनन् भन्ने कुरा राजालाई सुनाए । राजाले टिप्पणी गरे- "हाम्रा सन्तानलाई बाथ हुने, यूरीक एसीड बढ्ने र कोलस्टोरोल बढ्ने त पुस्तैनी रोग नै हो ।" यति कुराकानी भएर महेश्वरकुमार यता छेउमा निक्लेका मात्र के थिए, सशस्त्र युवराजधिराज त्यहाँ प्रवेश गरीहाले । केही पनि कुराकानी नगरी उनले MP-5K नाम गरेको अटोमेटिक सब-मेशिनगनले एक्कासी तीनवटा फायर गरे । एउटा सिलीङ्गमा लाग्यो, अर्को पश्चिमपट्टिको भित्तामा । राजाले युवराजलाई 'के गरेको ?' मात्रै भन्दै थिए, एउटा गोली आएर राजाको घाँटीमा लाग्यो । राजा त्यहीं ढले । बहिनी शोभा दौडेर गएर राजालाई समाइन् । धीरेन्द्रका छोरी ज्वाईं राजीव शाही आएर आफ्नो कोट फुकालेर घाँटीबाट राजाको बग्न थालेको रगत रोक्न खोजे । राजाले राजीवलाई भने, "राजीव, मेरो पेटमा पनि गोली लागेको छ ।" भनिन्छ, राजाको अन्तिम वाक्य त्यही थियो ।

पहिलो खेप गोली चलाउँदै पछि सर्दै बाहिर गएका युवराज दीपेन्द्र आधा मिनेट जतिमै फेरि फर्केर आए । किन हो, उनले आफूले चलाइरहेको



**देवयानीसित युवराज दीपेन्द्रको कुराकानी भएपछि उनलाई युवराजको स्वर लडबडाएको र युवराज अस्वस्थ भएको जस्तो लागेर उनले २ जना एडीसीलाई फोन गरिन् र खोपीमा गएर एकचोटि युवराजलाई हेरिदिन अनुरोध गरिन्**




*युवराज दीपेन्द्र र उनकी प्रेमिका देवयानी*

MP-5K सब मेशिनगन त्यही भूइँमा फाले र M-16 राइफल भिरे । घाइते राजा वीरेन्द्र तुरुन्तै त्यो हतियार टिपेर उभिन खोजे । त्यसो हुन सकेको भए सम्भवतः राजा वीरेन्द्रले पनि गोली हानेर युवराज दीपेन्द्रलाई ढाल्थे होलान् र घटनाक्रमले पूरै अर्को मोड लिन्थ्यो होला । तर बहिनी शोभा शाहीले आएर तुरुन्तै त्यो हतियार राजाको हातबाट खोसिन् र सब-मेशिनगनबाट गोलीको म्यागाजीनसमेत निकाली दिइन् र हतियार त्यहीं फाली दिइन् ।

त्यसपछि युवराज दीपेन्द्रले राजाको टाउकोमै ताकेर M-16 अटोमेटिक राइफलले गोली हाने । राजा अब उठ्न नसक्ने गरी ढले । दीपेन्द्रलाई रोक्ने प्रयास गर्दै धीरेन्द्रअगाडि आएर भने, "बाबा, इनफ । यु ह्याभ डन इनफ् ड्यमेज (बाबा, पुग्यो तिमीले पर्याप्त नोक्सानी गरी सक्यौ) । तर दीपेन्द्र रोकिएनन् उल्टो उनले धीरेन्द्रलाई नै छातीमा र घाँटीमा गोली हानेर ढालीदिए । त्यसपछि कुमार खड्गविक्रमलाई पनि बारको ठीक तल उनले ढाले । कुमार खड्गविक्रम ढलेपछि "ए के भयो मेरो बाबालाई ?" भन्दै उनकी पत्नी शारदा छोप्न आइन् र खड्ग विक्रममाथि उनी सुतेर पूरै ढाकिन् । उनीमाथि पनि युवराजले गोली हाने । त्यसपछि युवराज दीपेन्द्रले बहिनी ज्वाइँ गोरख शमशेरलाई ढाले । दीपेन्द्र त्यसपछि पछि सर्दै ढोकाबाहिर पुगे र ढोका बाहिरबाट पछाडिपट्टिबाट गोली हानेर अधिराजकुमारी कोमललाई ढाले । गोली लागेर शान्ति सिंह उनीमाथि लडिन् । शोभालाई पनि गोली लाग्यो ।

यसैबीच रानी ऐश्वर्य कराउँदै बाहिर गइन्, "ओ माइ गड, डाक्टर ! डाक्टर !! एम्बुलेन्स ! एम्बुलेन्स !! भन्दै उनले कराएको सुनेपछि

**आश्चर्य, कसैलाई बाँकी नराख्ने युवराज दीपेन्द्रले त्यतिबेला पारसलाई र उनका पछिल्तिर रहेका मान्छेहरूलाई केही गरेनन्**



*नारायणहिटी हत्याकाण्डमा सखाप भएको राजा वीरेन्द्रको परिवार*

४०/५० मिटर टाढा ड्युटी अफीसमा रहेका एडीसीहरू बल्ल सक्रिय भए । रानी बाहिर दौडिएपछि उहाँको पछाडि अधिराजकुमार निराजन पनि दौडिए ।

यता भित्रपट्टि बुबा ढलेको देखेर, ए बुबा, ए बुबा भन्दै हेर्न आएकी श्रुतिले नजिकै आफ्नो पति पनि गोली लागेर ढलेको देखिन् । उनले आफूलाई गोली लागेको बताएपछि श्रुतिले घायल पतिलाई काखमा लिएर निहुरेर छातीमा टाँसिन् । तेस्रोपटक पुनः भित्र पसेका दीपेन्द्रले त्यसपछि श्रुतिमाथि पनि गोली चलाए, जुन उनको नितम्बमा लाग्यो । त्यसपछि उनले जथाभावी गोली हानेर जयन्ती र केतकीलाई पनि ढाले । र, तेस्रोचोटि पुनः राजालाई गोली हाने र दोस्रोचोटि धीरेन्द्रलाई ।

त्यसपछि युवराज दीपेन्द्रको नजर पारस शाहहरूपट्टि पऱ्यो । पारस शाहको पछाडि महेश्वरकुमार, पारसकी श्रीमती, रवि विक्रमशाह र तीन जना बहिनी थिए । पारसले दीपेन्द्रलाई भने- "के गरिबक्स्या हजूर, यहाँ त हामी मात्रै छौं, प्लीज गई बक्सियोस् !"

तर आश्चर्य, कसैलाई बाँकी नराख्ने युवराज दीपेन्द्रले त्यतिबेला पारसलाई र उनका पछिल्तिर रहेका मान्छेहरूलाई केही गरेनन् । उनी लुरुलुरु बाहिर बगैंचामा निक्लिए । मुमा बडामहारानीहरू भएको कोठामा उनी पस्दै पसेनन् । केही छिनपछि बडामहारानीको शव युवराजको खोपीतर्फ उक्लने भरेङ्गमा भरेङ्गको चेपमा विभत्स हालतमा भेटियो । उनको टाउको पट्ट फुटेको थियो । गिद्दीको बहुसख्यक भाग उछिट्टिएको थियो, रगतको आहाल थियो । अनुहार चिन्नै गाह्रो हुनेगरी विकृत भएको थियो ।

निराजनको शव बिलीयार्ड रूमको पूर्वपट्टि भित्री बगैंचामा युवराजको खोपी जाने बाटो र पूर्वतर्फ रहेको प्रतिक्षास्थल जाने बाटोको संगमनेर भेटियो । युवराज दीपेन्द्र स्वयम् जीवित तर अचेत र अत्यन्त घाइते, कंचटमा गोलीले छेडिएको अवस्थामा खोपीअगाडिको बगैंचामा पोखरीको दक्षिणी भागमा भेटिए । कसले उनीहरूलाई गोली हान्यो ? देख्ने प्रत्यक्षदर्शी कोही छैनन् । उच्चस्तरीय समितिको प्रतिवेदन पनि यस सम्बन्धमा चुप देखिन्छ ।

घटना भएको आधा घण्टादेखि एक घण्टाभित्रै मृत र घाइते शवलाई दरबारका एडीसीहरू र जीवित पुरूषहरूद्वारा वीरेन्द्र मिलीटरी अस्पताल, छाउनी पुऱ्याइयो । राजा अस्पताल लगिँदा जीवितै थिए, तर त्यहाँ पुग्दा उनको मृत्यु भइसकेको थियो । रानी र निराजनको घटना-स्थलमै मृत्यु भइसकेको थियो । अधिराजकुमारी श्रुतिको अस्पताल पुऱ्याएको आधा घण्टा पनि नबित्दै मृत्यु भयो । उनी नजिकै वीर अस्पताल वा टिचिङ्ग अस्पताल लगिएको भए मर्ने थिइनन्, किनकि उनको एउटै घाउ केवल नितम्बमा थियो र अत्यधिक रक्तश्रावले गर्दा नै उनको मृत्यु भएको थियो । अधिराजकुमारी शान्ति र शारदा, शाहज्यादी जयन्ती र कुमार खड्गविक्रम अस्पताल पुऱ्याउँदा मृत अवस्थामा थिए । युवराज दीपेन्द्रको मृत्यु तीन दिनपछि जेठ २२ गते सबेरै भयो, धीरेन्द्र शाहको त्यही दिन साँझमा । यी मर्नेहरूमध्ये केहीलाई अत्यन्त छिटो माथि भनिएको निकटस्थ साधन-सम्पन्न अस्पतालहरूमा पुऱ्याउन सकिएको भए बाँच्ने संभावना ज्यादा थियो । एक-एक मिनेट महत्वपूर्ण हुने बेलामा उहाँहरूलाई तुलनात्मक रूपमा टाढाको र साधन-स्रोत त्यति नभएको अस्पतालमा लगियो । फलस्वरूप छिट्टै उपचार पाएमा बाँच्न सक्नेहरू पनि मृत्युको शिकार भए ।

यसरी नेपालको राजपरिवारको इतिहासमा अहिलेसम्मको सबैभन्दा भयानक हत्याकाण्ड घट्यो ।

□ श्याम श्रेष्ठ


*(उच्चस्तरीय समितिको प्रतिवेदनमा समावेश गरिएका प्रत्यक्षदर्शीहरूको बयानमा आधारित)*

## हत्याकाण्डको सूचना कुन भि.आइ.पी.ले कति बेला पाए ?

| व्यक्ति | समय | सूचना दिने व्यक्ति / ठाउँ |
| --- | --- | --- |
| ◆ प्रहरी महानिरीक्षक- प्रदीप शमशेर | ९:१५ बेलुकी | राजदरबारको एडिसी अफिस |
| ◆ राजदरबार सैनिक सचिव- विवेक शाह | ९:१५ बेलुकी | राजदरबारको एडिसी अफिस |
| ◆ प्रधान सेनापति- प्रज्वल शमसेर | ९:४५ बेलुकी | राजदरबारको एडिसी क्या. प्रफुल्ल विक्रम शाह |
| ◆ अध्यक्ष, राजपरिषद- केशरजंग रायमाझी | ९:४५ बेलुकी | शाही नेपाली जंगी अड्डा |
| ◆ श्री ५ का प्रमुख सचिव - पशुपतिभक्त महर्जन | १०:०० बेलुकी | राजदरबारको सैनिक सचिव |
| ◆ सशस्त्र प्रहरी महानिरीक्षक | १०:३० बेलुकी | राजदरबारको एडिसी अफिस |
| ◆ प्रधानमन्त्री- गिरिजाप्रसाद कोइराला | १०:५० बेलुकी | केशरजंग रायमाझी<br>करिब ११:०० बेलुकी पशुपति भक्त महर्जन, श्री ५ को प्रमुख सचिव |
| ◆ गृहसचिव श्रीकान्त रेग्मी | ११:०० बजे | राष्ट्रिय अनुसन्धान विभाग (हल्ला सुनेर आफैंले सोधेपछि) |
| ◆ मुख्य सचिव, मन्त्री परिषद सचिवालय- तीर्थराम शाक्य | १२:३०बजे | गृहसचिव श्रीकान्त रेग्मी, घटनाबारे केही थाहा छ कि सोधेपछि |

*स्रोत : उच्चस्तरीय छानवीन समितिको प्रतिवेदन*

# राजा वीरेन्द्रले जनमत संग्रह गराएकै नरूचाउने पक्षहरू राजपरिवार-भित्रै थिए



- डा. सानुभाइ डंगोल, राजदरवारविद्

सन् १९५१ देखि १९९० को राजनीतिमा आधारित भएर 'नेपालको राजनीतिमा दरवार' शीर्षकमा अनुसन्धान गरी सन् १९९८ मा त्रि.वि.वि.बाट विद्यावारिधिको उपाधि हासिल गर्नुभएका डा. सानुभाइ डंगोल नेपालको राजनीतिमा दरवारमामिलाका विज्ञको रूपमा चिनिनुहुन्छ । विगत तीन दशकभन्दा बढी समय राजदरवार सेवामा क्रियाशील हुनुभएका डा. डंगोलसँग हामीले हालै गरेको कुराकानी यहाँ प्रस्तुत गरिएको छ । - *मूल्यांकन*

**+ उच्चस्तरीय छानवीन समितिको प्रतिवेदन कस्तो लाग्यो ?**

- जुनसुकै स्तरको छानवीन समिति बनेको भए पनि त्यसले तीनवटा कुरा पुरा गर्नुपर्छ । पहिलो कुरा, तथ्य संकलन गर्ने काम हो । त्यसपछि संकलन गरिएका तथ्यहरूलाई ठीक हो कि होइन भनेर जाँच्ने प्रक्रिया अपनाउनुपर्छ, जसलाई Cross Verification भनिन्छ । Cross Verification को आधारमा जब छानवीन गरेर तथ्य पत्ता लाग्छ, तब समितिले आफ्नो तर्फबाट हामीले पत्ता लगाएको तथ्य यो हो, त्यसलाई हामीले Cross Verification गर्दा यो यो कुरा पुष्टि हुनआयो, यो यो कुराचाहिँ पुष्टि हुनसकेन, त्यसो हुनाले यो प्रतिवेदनमा हाम्रो निष्कर्ष यो हो भनेर प्रष्ट भन्नुपर्छ । यसरी तीनवटा कुरा मिलाएर प्रतिवेदन दिनुपर्नेमा यस प्रतिवेदनमा चाहिँ पहिलो काम तथ्य संकलन गरेको त देखियो, तर त्यसलाई Cross Verification गरेको देखिएन ।

Cross Verification मा पनि धेरै आधारहरू हुन्छन् । जस्तो, हत्याकाण्डमा त के हुनसक्छ भने दसी प्रमाणहरू, पोष्टमार्टम रिपोर्टहरू पनि आउनुपर्थ्यो । र, पोष्टमार्टमको लागि डाक्टरहरूलाई किन लगाइएन भन्ने कुरा पनि आउनुपर्थ्यो । तर यो प्रतिवेदनमा त्यस्तो केही आएन । छानवीनको तीन पक्षमध्ये एकपक्ष मात्रै, त्यो पनि प्रत्यक्षदर्शीहरूको भनाइ भनेर दिइएको छ । ती भनाइहरू पनि एउटाको भनाइ अर्कोसँग बाझिएको छ । यो प्रतिवेदनमा त्यति पनि Cross Verification गरेको देखिएन ।

**+ दरबारभित्रको सुरक्षा ब्यबस्थाबारे तपाईंको के टिप्पणी छ ?**

- अहिलेको हिसाबले त सुरक्षाब्यबस्था बिलकुल निकम्मा देखिएको छ । त्यहाँ तीनवटा बटालियनमा तीन हजार सैनिकहरू रहेका छन् । ती तीनहजार सैनिकहरूको काम दरबारलाई बाह्य आक्रमणबाट बचाउने र भित्र रहेका प्रमुख सैनिक सचिव र शाही एडिसीहरूले दिएको निर्देशन कार्यान्वियन गर्ने हो । राजा, रानी र राजपरिवारको सुरक्षाको प्रमुख जिम्मा त शाही पार्श्ववर्तीहरूकै हो । शाही पार्श्ववर्तीहरूको जिम्मा प्रमुख सैनिक सचिवालयले लिने गरेको छ । अहिले प्रमुख सैनिक सचिवालयको प्रमुखमा मेजर जनरल विवेक शाह हुनुहुन्छ । उहाँहरूले सुरक्षा ब्यवस्थामा ध्यान नपुऱ्याएको भन्ने कुरा त स्पष्टै छ ।

**+ प्रधान सेनापति प्रज्वल शमशेरले दरवारको सुरक्षा गर्ने दायित्व शाही सेनाको होइन भन्नुभयो । दरवारभित्र शाही सेना अन्तरगतकै सुरक्षाकर्मी हुने तर दरवारको सुरक्षा गर्ने दायित्व शाही सेनाको होइन भन्ने कुरा कसरी मिल्छ ?**

- बाहिरी आक्रमणबाट सुरक्षा गर्ने दायित्वचाहिँ शाही सेनाको हो तर आन्तरिक सुरक्षाचाहिँ शाही सेनाले खबर नपाइकन गर्न नसक्ने स्थिति भएको हुनाले प्रधान सेनापतिले त्यसो भन्नुभएको हुनसक्छ । दरवारभित्र परिवारमा कलह भएर अथवा दरवारकै भित्री शक्तिहरूको षडयन्त्रबाट यस्तो हत्या भएको हो भने बाहिर पहरामा बसेका सैनिकहरूलाई थाहा हुँदैन । उनीहरूले त्यस्तो स्थितिको सुरक्षाको जिम्मा लिन पनि सक्दैनन् । तर ढोकाबाहिरबाट आएर त्यहाँ कुनै किसिमको आक्रमण भयो भने यस अवस्थामा दरवारको सुरक्षाको काम त्यहाँ रहेका बटालियनको जिम्मामा हुन्छ । त्यसमा चाहिँ प्रधान सेनापतिले पनि जिम्मा लिनुपर्छ ।

**+शाही परिवारका एडिसीहरू बस्ने ठाउँ र दुर्घटनास्थलको दुरीचाहिँ कति लामो हुन्छ ?**

-जहाँ शाही परिवारको जमघट भएको थियो, त्यसको बाहिरैपट्टि पनि एडिसीहरू स्ट्याण्डबाइ रहनुपर्छ । त्यसैले एडिसीहरू अलि टाढा हुने भन्ने कुरा नै आउँदैन । गोलीको आवाज आउनासाथ उनीहरू सतर्क भएर भित्र पसेर के भयो भनेर तुरून्त सुरक्षाको ब्यवस्था गर्नुपर्छ । किनभने राजाबाट अथवा शाही परिवारको कुनै सदस्यले ट्याकट्याक कुनै आवाजको संकेत दिंदासमेत एडिसीहरू सतर्क भएर भित्र पस्नुपर्छ र हुकुम तामेल गर्नुपर्छ । एडिसीहरूले हामी टाढा थियौं वा हामीले देखेनौं भन्ने अवस्था आउँदै आउँदैन । उनीहरूले पूर्णतया जिम्मेवार हुनुपर्छ भन्ने मलाई लाग्छ ।

**+ त्यसोभए अहिलेको दुर्घटनामा शाही अंगरक्षकहरूले आफ्नो कर्तव्य निर्वाह गरेनन्, होइन त ?**

-त्यो त स्पष्टै देखिएको छ । त्यसमा शंकै मान्नुपर्दैन । किनभने गोली चलेर कैयौं मरिसके, तर उनीहरूले केही गरेनन् । एक दुई गोली लाग्नासाथ अंगरक्षकहरूले कहाँबाट गोली आयो भनेर भित्र गएर गोली चलाउनेलाई नियन्त्रणमा लिनुपर्नेमा उनीहरूले त्यस्तो केही गरेको देखिएन ।

**+ एडिसीहरूको अफिस र बिलियार्ड बैठकको दुरी बास्तवमा कति छ ?**

-राजाको, युवराजधिराजको एडिसीको अफिस त अलग्गै अलिपर हुनसक्छ । तर जब शाही परिवार एकै ठाउँमा भोजमा बस्दैछन् भने ढोका बन्द गरेको भए पनि भोज हुने ठाउँको ढोकाबाहिर आदेश तामेल गर्न त अंगरक्षकहरू तैनाथ हुनै पऱ्यो नि । यदि त्यसरी बसेनन् भने त शाही पार्श्ववर्ती वा अंगरक्षक भएको त मतलब नै भएन । त्यसो हुनाले त्यहाँ दुरीको कुरा होइन । ढोकैमा स्ट्याण्डबाइ बसेको भन्ने सम्झनुपर्छ ।

**+ राजपरिवारभित्रकै आन्तरिक कलह नै शाही परिवारको हत्याकाण्डमा प्रमुख कारण हो जस्तो लाग्छ तपाईंलाई ?**

- त्यो कुरा हामीले भन्न पनि मिल्दैन र हामीलाई लागेको कुरा सदर हुन्छ भन्ने पनि छैन । मुख्य कुरा दरबार भनेकै षड्यन्त्रको घेरा हो । दरवारमा राजाको शिरमाथि डेमोकलको तरवार त झुण्डिरहेकै हुन्छ । भनाइको मतलब के हो भने राजा वीरेन्द्रको मात्र होइन शक्तिको केन्द्रमा रहेका जसको पनि शिरमाथि डेमोकलको तरवार झुण्डिरहेकै हुन्छ । शक्ति केन्द्रलाई ढालेर आफू शक्तिशाली बन्छु भन्ने यस्तो किसिमको जालसाजी, षड्यन्त्र पहिलेदेखिनै हुँदैआएको कुरा हो । अहिले पनि नारायणहिटी दरवारमा त्यस्तो नभएको होला भन्न सकिन्न ।

**+ दरवारमा तपाईंले बिताउनुभएको लामो कार्यकालको अनुभवमा भनिदिनुस्- दरबारभित्र उदार पक्षका भनिने तत्कालीन श्री ५ वीरेन्द्र र अर्को अनुदार पक्षबीच कस्तो किसिमको शक्ति संघर्ष देखिन्थ्यो र त्यो प्रक्रिया कसरी अगाडि बढ्यो ?**

- राजा वीरेन्द्रले कुनै बेला जनमत संग्रह गराएकै नरूचाउने पक्षहरू राजपरिवारभित्रै थिए । जनमत संग्रह गराएवापत राजतन्त्रलाई बिवादमा ल्याउने र त्यसको शक्तिलाई ओझेलमा पार्ने काम भएको छ भन्ने आरोप पनि लागेको हो । त्यसमाथि ०४६ सालको जनआन्दोलनले गर्दा त राजतन्त्रको

**देवयानीसँग तात्कालीन युवराज दीपेन्द्रको प्रेमसम्बन्ध म दरवारबाट छुटिसकेपछिको कुरा भएकोले मलाई त्यति थाहा भएन**



पहिलेको शक्ति र गरिमा घटेकोमा दरवारभित्र कैयन् भारदारहरू र राजपरिवारकै सदस्यहरू असन्तुष्ट थिए । तैपनि तिनीहरूले श्री ५ वीरेन्द्रलाई नै औजारको रूपमा प्रयोग गरेर गुमेको शक्ति फेरि हत्याउने चाहना लिएका थिए । त्यसैले केही विवादास्पद कामहरू पनि सन् १९९० पछि राजा वीरेन्द्रबाट भएको छ । त्यो कुरा मैले Palace in Nepalese Politics भन्ने आफ्नो थेसिसमा उल्लेख गरेको छु ।

**+ राजा वीरेन्द्रबाट भएका कन्ट्रोभर्सियल कुराको एउटैमात्र उदाहरण यहाँ भनिदिनुस् न त ?**

- राजा वीरेन्द्रले नेपालको अंग्रेजी साप्ताहिक Independent लाई दिएको अन्तरवार्ताले त्यो बेला ज्यादै नराम्रो प्रतिक्रिया उब्जायो । राजा वीरेन्द्रबाट ०४७ सालमा नक्कली संविधान दिन खोज्दा कैयौं विरोधको आवाज उठ्यो र सक्कली संविधान नै दिनुपर्‍यो । यस्ता उदाहरण अरू पनि छन् ।

**+ त्यसबेला राजा वीरेन्द्रलाई नक्कली संविधान जारी गर्न लगाउने प्रयास दरवारको अनुदारवादी पक्षको जोडमा भएको होइन र ?**

- मैले त्यही भनेको हुँ तर त्यसमा राजा वीरेन्द्रको पनि संलग्नता थियो । गुमेको शक्ति फेरि प्राप्त गर्ने चाहना श्री ५ वीरेन्द्रमा पनि नभएको होइन । तर त्यस्तो चाहना बढ्ता राख्ने त दरवारको अनुदारवादी पक्ष नै हो ।

**+ राजा वीरेन्द्र उदार भए भनेर दरवारको अनुदारवादी पक्षले नै अहिले दरवारभित्र वीरेन्द्रको वंश नाश गर्नेहत्याकाण्ड गरेका हुन् भन्ने पनि अहिले चर्चा छ यसमा तपाईंको टिप्पणी ?**

- यो कुरा छानवीन समितिको प्रतिवेदनको आधारमा भोलि अदालतमा मुद्दा चलाउने हो र एमिकस क्युरी बनाएर त्यसको बैठक राखेर छानवीन गर्ने हो भने, यो प्रतिवेदनमा देखिएका त्रुटीहरू घटनाका प्रत्यक्षदर्शीहरूलाई अदालतमा उभ्याएर फेरि अनुसन्धान गर्ने हो भने, यो घटना त्यस्तो हत्याकाण्ड हो कि होइन भन्ने प्रमाणित हुन्छ ।

**+ छानवीन समितिको प्रतिवेदनलाई अदालतमा लगेर मुद्दा चलाउन संभव छ र ?**

- संवैधानिक राजतन्त्रमा जनता नै सार्वभौम हुन् भनिन्छ । सार्वभौम जनताको प्रतिनिधित्व गर्ने त श्री ५ को सरकार नै हो । फेरि यस्तो किसिमको हत्याकाण्डको दुर्घटना हामीकहाँ नदोहोरियोस्, राजतन्त्र मासिएर नजाओस् भन्नका लागि पनि श्री ५ को सरकारले क्याबिनेट निर्णय गरेर छानवीन समितिको प्रतिवेदनलाई अदालतसमक्ष लैजान सक्छ । त्यो काम श्री ५ को स्वीकृति लिएर पनि गर्न सकिन्छ ।

**+ श्री ५ ज्ञानेन्द्रलाई अनुदार भन्ने आक्षेप किन लागिरहेको छ ?**

- वर्तमान श्री ५ ज्ञानेन्द्र विजसेनको काममा धेरै लागिबक्सेको थियो । विजनेसमा लागेको मान्छे जहिले पनि ट्याक्स इबेट गर्न खोज्छन् । बढी फाइदा लिन खोज्छन् । त्यो सन्दर्भमा ज्ञानेन्द्र सरकारको १२ वटा ब्यबसायहरूमा संलग्नता बुझिन्थ्यो । आफ्नो नाउँमा नभए श्री ५ वीरेन्द्रकै नाममा भए पनि ब्यवसाय गरेर ट्याक्स इबेट गरिबक्सिन्थ्यो भन्ने चर्चा त्यसबेला बाहिर आएको थियो । दोस्रोचाहिँ श्री ५ ज्ञानेन्द्र महेन्द्र प्रकृति संरक्षण कोषको अध्यक्ष होइबक्सिन्थ्यो । मौसुफले साथ लिएका मानिसहरू यस्ता भ्रष्ट थिए कि विदेशमा गैंडा उपहार पठाउने नाउँमा बीचमा पैसा खाएर उनीहरूले श्री ५ ज्ञानेन्द्रकै बदनाम गराएका थिए । यस्तै कारणहरूले गर्दा नै ज्ञानेन्द्रको छवि अनुदार देखियो ।

> नेपाली राजतन्त्रलाई यस दुर्घटनाले के सिकाएको छ भने खाली माफियातन्त्रजस्तो प्रशासनतन्त्र र चाकडी चाप्लुसीको भरमा जी हजूरी गर्नेहरूलाई साथ लिएर हिंड्यो भने राजपरिवार फटाहाहरूको घेरामा पर्दछ र खाल्डोमा जाकिन्छ ।

**+ प्रसंग बदलौं ! यतिबेला तत्कालीन युवराज दीपेन्द्रलाई लागूपदार्थको सेवन गर्ने दुर्व्यसनीको रूपमा पनि चित्रण गरिँदैछ । तपाईंको अनुभवमा युवराज दीपेन्द्र त्यस्तै कुलतका थिए त ?**

- कुलत र सुलत भन्नुभन्दा पनि प्रमुख कुरा युवराज दीपेन्द्र बुढानीलकण्ठ स्कूलमा छँदाखेरि नै कैयन Business Tycoon ले युवराजलाई आफ्नो हातमा लिएर आफ्नो अवैध कारोवारहरूलाई अघि बढाउन युवराजाधिराज र अरू धनाढ्यहरूलाई पनि लागू औषधको कुलतमा पारेर बिगारेको भन्ने मैले सुनेको छु । त्यसैले युवराज दीपेन्द्रलाई ड्रग एडिक्ट नै भन्न नसकिए पनि कुलतको शिकार थिए भन्न सकिएला । त्यसको मतलव लागू पदार्थ खाएर जथाभावी गर्ने खालको भन्नेचाहिँ होइन ।

**+ तपाईंले राजदरवारभित्र काम गर्दा युवराज दीपेन्द्रले लागू पदार्थ खाएर बदमासी गरेको देख्नुभएको थियो ?**

- मैले आफ्नो कार्यकालमा त्यस्तो कुनै घटना देखेको थिईन । मेरो धेरैपटक उहाँसँग भेट भएको हो । कैयौं कुराहरूमा मैले उहाँसँग बसेर काम पनि गरेको छु । त्यस अवधिमा युवराज दीपेन्द्रले त्यस्तो बदमासी गरेको मैले देखिँन ।

**+ युवराज दीपेन्द्रको विवाह सुप्रिया शाहसँग निश्चित भएको थियो र तपाईंले विवाहको सामानसमेत किनिदिनुभएको थियो भन्ने सुनिएको छ । वास्तविकताचाहिँ के हो ?**

- २०५० साल वैशाख १ गतेदेखि मैले सेवाबाट अवकाश लिएको हुँ । त्यसभन्दा अगाडि मुमा बडामहारानी रत्नको दिदीको छोरोको छोरीसँग युवराज दीपेन्द्रको विवाहको कुरो पहिल्यै छिनिएको रहेछ । त्यसबेला युवराज दीपेन्द्रको पनि सहमतिजस्तै थियो । त्यसबेला विवाहको निम्ति बजारमा भन्नासाथ नपाइने सामान, जस्तो- पूजाकोठामा प्रयोग हुने तामाका भाँडाहरू र ढलौटका अन्य भाँडाहरू पाटन औद्योगिक क्षेत्रमा हामीले यादिरत्न भन्नेकहाँ पुगेर "हामी नमूना दिन्छौं त्यस अनुसारको सामान बनाइदिने मान्छे चाहियो" भन्यौं । त्यसपछि सामान बन्यो र दरवारमा सप्लाई भयो । त्यसबेला एकपटक बनाएको सामान नमिलेर दोस्रोपटक पनि बनाएर तयार पारिएको थियो । यो ०५० सालअगाडिको कुरा हो ।

**+ सुप्रिया शाहसँग विवाहको कुरो यतिसम्म अगाडि बढेर फेरि कसरी टुट्यो त ?**

- त्यस हिसावले ०५० सालअगाडि नै युवराजको विवाह हुनुपर्ने हो । के कारणले हुनसकेन भन्ने कुरो त एकिन मलाई पनि थाहा भएन । विभिन्न कारणहरू हुन सक्छन् ।

**+ युवराज दीपेन्द्रले नै सुप्रियालाई मन नपराएको त होइन ?**

- त्यस्तो त होइन होला । हामी साथीको रूपमा थियौं भनेर अहिले पनि सुप्रियाले भनेकी छिन् ।

**+ सुप्रियाबाट युवराज दीपेन्द्रको प्रेमचर्चा देवयानी राणातिर कसरी सऱ्यो त ?**

- देवयानीसँग तत्कालीन युवराज दीपेन्द्रको प्रेमसम्बन्ध म दरवारबाट छुटिसकेपछिको कुरा भएकोले मलाई त्यति थाहा भएन । सामान्यतया के भनिन्छ भने जुद्ध शमशेरकै खलकभित्र सम्बन्ध रहोस् भन्ने लाइनअनुसार श्री ५ वीरेन्द्र, श्री ५ ज्ञानेन्द्र र धीरेन्द्रको विवाह भएको हो । त्यहीअनुसार होस् भन्ने मुमाबडामहारानी रत्न र श्री ५ बडामहारानी ऐश्वर्य पनि चाहिबक्सिन्थ्यो । यही कुराअन्तर्गत सुप्रिया शाहको नामसँग दरवारको सम्बन्ध भइरहेको हो भन्ने मलाई लाग्छ ।

**+ दरवारभित्र अहिले भएको जघन्य हत्याकाण्डको समग्र घटनाक्रमले नेपाली जनता र नेपाली राजतन्त्रलाई सिकाएको पाठ के हो ?**

- नेपाली राजतन्त्रलाई यस दुर्घटनाले के सिकाएको छ भने खाली माफियातन्त्रजस्तो प्रशासनतन्त्र र चाकडी चाप्लुसीको भरमा जी हजूरी गर्नेहरूलाई साथ लिएर हिंड्यो भने राजपरिवार फटाहाहरूको घेरामा पर्दछ र खाल्डोमा जाकिन्छ । अहिलेको दुर्घटनाको समग्र सन्देश यही हो । त्यस्तो हुनाले मेरो मन्तव्य के छ भने राजपरिवारले पनि जस्तो संगत त्यस्तै फल हुन्छ भन्ने बुझ्नुपर्‍यो । खाली ब्ल्याकमेल गर्ने, तस्करी गर्ने, फट्याईं गर्नेहरूबाट राजपरिवार सतर्क हुनुपर्‍यो ।

**+ अन्तिम प्रश्न गरौं ! श्री ५ ज्ञानेन्द्रको राज्यारोहण संगसँगै सार्वजनिक सुरक्षा नियमावली ल्याइएको छ । त्यसले नागरिकहरूको संविधान प्रदत्त मौलिक हक खोसेको छ । यसले के बताउँछ ?**

- श्री ५ ज्ञानेन्द्रको निर्देशनबाटै सरकारले यस्तो नियमावली ल्याएको हो भने ल्याउनेहरू आफैं पनि फस्छन् । यस्तो कडा र निरंकुश नियमावली ल्याउनुपर्ने आवश्यकता थिएन । यो नियमावलीले जनआन्दोलनले दिएको अधिकारलाई कटौती गरेको देखाउँछ । यदि देशमा संकटकाल छ भन्ने ठहर भएमा- "हामी यति कालको लागि संकटकाल लगाउँछौं" भनेर इमर्जेन्सीनै लगाएको भए हुन्थ्यो । यसरी हाम्रो अधिकारलाई हनन गर्ने काम राम्रो होइन ।

- दरवारभित्र जुन हत्याकाण्ड भयो त्यसमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले कुनै भूमिका खेल्न सकेनन् । श्री ५ को सरकारले केही गर्न सकेन । दरवारको जर्नेल, कर्नेलहरूले जे सूचना दिए त्यसैमा मात्र आधारित भएर यिनीहरू चूप लागेर बसे । यसले गर्दा अहिलेको दरवार देखेर सरकार बढ्ता Submissive भयो कि भन्ने मलाई लाग्छ । जनताको प्रजातान्त्रिक आवाजलाई प्रतिनिधित्व गरेको सरकारले दरवारसँग कायर हुनु मेरो विचारमा उपयुक्त देखिँदैन । ❑

# क-कसको कहिले के के कारणले मृत्यु भयो ?

### *श्री ५ वीरेन्द्र*
### मृत्यु - जेठ १९ गते ।



श्री ५ वीरेन्द्रको मृत्यु टाउको (गिदी) लगायत धेरै ठाउँमा गोलीले प्वाल परेका घाउहरूका कारणले भएको थियो । राजाका दायाँ र बायाँ कानमा गोली वारपार भएका घाउहरू थिए । बायाँ कानबाट गोली निक्लेको ठाउँमा घाउको प्वाल ५x३ सेण्टीमिटर थियो । मौसुफको खप्पर र बायाँ कंचटका हड्डीहरू टुक्रा टुक्रा भएका थिए, छाला च्यातिएँको थियो र त्यहाँबाट रगत र गिदी बाहिर निस्किएको थियो । शरीरको बायाँपट्टि घाँटी र घाँटी छुट्याउने लामो हड्डी भएको भागमा २x२ से.मी.को गोली छिरेको घाउ थियो । त्यस्तै बायाँ काखी, दायाँ कुहिना, दायाँ पेटको तल्लो भागमा र ढाडको तल्लो भागमा गोली छिरेको घाउ थियो । दायाँ कुहिना र पाखुराको हड्डी गोली लागेर टुक्रा टुक्रा भएको थियो ।

### *श्री ५ ऐश्वर्य*
### मृत्यु - जेठ १९ गते ।



रानी ऐश्वर्यको मृत्यु पनि टाउको (गिदी) लगायत धेरै ठाउँमा गोलीले प्वाल परेका घाउहरूकै कारणले भएको थियो ।

उहाँको टाउको गोली लागेर क्षतविक्षत भएको थियो, जहाँबाट ८० प्रतिशत गिदी बाहिर निक्लेको थियो । टाउको पछाडिका हड्डीका टुक्राहरू फुटेर बाहिर झुण्डिएका थिए । धेरैवटा घाउचोट लागेर अनुहार विकृत भएको थियो । आँखाको वरिपरिको हड्डी फुटेको थियो र निधारमा प्वाल परेको घाउ थियो । चिउँडोको हड्डीको देब्रेपट्टि र छाला तथा मासु क्षतविक्षत भएको थियो र बायाँ कुम र छातीको बायाँपट्टिको माथिल्लो भागमा चारवटा गोली पसेका प्वालहरू र त्यसैको पछाडिपट्टि ढाडमा ३ वटा गोली निस्केका प्वालहरू थिए । तल्लो ओंठ काटिएको थियो ।

### *श्री ५ अधिराजकुमारी शारदा*
### मृत्यु - जेठ १९ ।



श्री ५ अधिराजकुमारी शारदाको मृत्यु घाँटी र अनुहारमा प्वाल परेका घाउहरूबाट भएको थियो । मौसूफको घाँटीको बायाँपट्टि प्वाल परेका घाउहरू, बायाँ गालामा प्वाल परेका घाउहरू र चिउँडोको हड्डीको बायाँपट्टिको भाग टुक्रा टुक्रा भएको थियो ।

### *श्री ५ शाहज्यादी जयन्ती*
### मृत्यु - जेठ १९ ।



टाउको (गिदी) लगायत धेरै ठाउँमा प्वाल परेका घाउहरूबाट शाहज्यादी जयन्तीको मृत्यु भएको थियो । शाहज्यादी जयन्तीको बायाँ कन्चटका हड्डीहरू टुक्राटुक्रा भएको र गिदी लत्पतिएको, टाउकोको दायाँपट्टिको माथिल्लो भागमा गहिरो घाउ र बायाँ पाखुराका हड्डीहरू टुक्रा टुक्रा भई छाला तथा मासु पनि क्षतविक्षत भएको थियो ।

### *श्री ५ युवराजधिराज दीपेन्द्र*
*(अचेत स्थितिमै श्री ५ महाराजाधिराज हुन पुगेका)*
### मृत्यु : जेठ २२ गते ।



श्री ५ दीपेन्द्रको निधन टाउकोमा प्वाल परेको घाउबाट भएको थियो । मौसूफको देब्रे कंचटमा कानमाथिबाट गोली छिरेको र दायाँ कंचट गालामाथिबाट गोली निस्केका घाउहरू थिए । दुवै घाउबाट रगत र गिदी निस्केको थियो ।

### *श्री ५ अधिराजकुमारी शान्ति*
### मृत्यु - जेठ १९ ।



टाउको नै क्षतविक्षत हुने किसिमले धेरै ठाउँमा प्वाल परेको घाउबाट श्री ५ अधिराजकुमारी शान्तिको निधन भएको थियो । मौसूफको क्षतविक्षत टाउकोको पछाडिबाट गिदी निस्किएको थियो ।

### *श्री ५ अधिराजकुमारी श्रुति*
### मृत्यु - जेठ १९ गते ।



देब्रेपट्टिको नितम्बमा प्वाल परेको घाउबाट अत्यधिक रक्तस्राव भएको कारण अधिराजकुमारी श्रुतिको निधन भएको थियो । अस्पताल पुर्‍याईदासम्म मौसूफको केही धुकधुकी बाँकी नै थियो । श्रुतिको बायाँ कुहिनामा नीलडाम, देब्रे नितम्बमा गोली लागेको घाउ र रक्तस्राव, पेट फुलेको र आघात भएको थियो ।

कतिपय चिकित्सकहरू अधिराजकुमारी श्रुतिको मृत्युको कारणलाई हेरेर चाँडो उपचार गर्न सकिएको भए मौसूफलाई बचाउन सकिन्थ्यो भन्ने विश्वास व्यक्त गर्दछन् ।

### *श्री ५ अधिराजकुमार निराजन*
### मृत्यु - जेठ १९ गते ।

अधिराजकुमार निराजनको मृत्यु पनि टाउको लगायत धेरै ठाउँमा प्वाल पारेका घाउहरूबाट भएको थियो । अधिराजकुमारका निधार,



टाउकाको पछाडि, बायाँ पाखुरा र दाहिने पाखुरामा गोली छिरेका र टाउको पछाडि दायाँ, मध्यभाग, दाहिने कुममा एक एकवटा र देब्रे कोखमा ६ वटा गोली निस्केका घाउहरू थिए । यसबाहेक मौसूफको दायाँ कानबाट रगत बगेको, दाहिने कुमको हड्डी फुटेर क्षतविक्षत भएको, पेटमा प्वाल परेको र बायाँ तिघ्रामा छाला खुइलिएको थियो ।

### *कुमार खड्गविक्रम शाह*
### मृत्यु - जेठ १९ गते



कुमार खड्गविक्रम शाहको निधन दाहिने छातीमा प्वाल परेको घाउको कारणबाट भएको थियो । यस अलावा उनको दायाँ काखीमा र घुँडाको पछाडिपट्टिको भागमा पनि प्वाल परेका घाउहरू थिए ।

### *श्री धीरेन्द्र शाह :*
### मृत्यु - जेठ २२ गते ।



श्री धीरेन्द्र शाहको निधन छाती तथा घाँटीको मेरूदण्डमा प्वाल परेका घाउहरूका कारणबाट भएको थियो । उनको दाहिनेपट्टिको छाती र घाँटी छुट्याउने तेर्सो हड्डीको बीच भागमा पनि प्वाल परेका घाउहरू थिए । त्यस्तै गरी श्री धीरेन्द्र शाहको छातीको पछाडिपट्टिको चेप्टो हड्डी भएको भागमा प्वाल परेर त्यस घाउबाट रगत निस्किएको थियो । उनको दाहिने छातीभित्र रक्तस्राव भएको थियो । ❑

# एक मनोविज्ञानविज्ञको आँखामा राजदरबार हत्याकाण्ड

## के दीपेन्द्रबाट आमाबाबु र आफन्तको हत्या हुनु संभव छ ?



- शिशिर सुब्बा, मनोविज्ञानविद् -

**◆ युवराजाधिराज दीपेन्द्रको विगतमा कुनै हत्या, हिंसा गुण्डागर्दीको पृष्ठभूमि देखिँदैन । र, त्यो दिन पनि उहाँको मूड राम्रो थियो । परन्तु भनिँदैछ कि जेठ १९ गतेको हत्याकाण्ड उहाँबाटै भएको हो । के त्यस्तो व्यक्तिमा अकस्मात स्वभाव परिवर्तन भएर त्यस्तो हत्याकाण्ड गर्न संभव छ ?**

- निश्पक्ष रूपमा भन्दा तात्कालीन युवराज दीपेन्द्रका जति पनि व्यवहारका कुराहरू सार्वजनिक रूपमा आइरहेका छन्, ती सबै सकारात्मक नै आइरहेका छन् । युवाहरूको एउटा मोडेलको रूपमा आएको छ । तर एउटा कुरा के छ भने हामीले उहाँलाई युवराजको रूपमा मात्र नहेरेर एउटा व्यक्तिको रूपमा पनि हेर्नुपर्दछ । किनभने, युवराजको भूमिका र व्यक्तिको भूमिका बेग्लाबेग्लै नै हुन्छ ।

जापानीहरूको एउटा घतलाग्दो कथन छ- मान्छेको तीनवटा व्यक्तित्व हुन्छ : एउटा, सबैलाई देखाउने व्यक्तित्व । दोस्रो, आफ्ना नजिकका विश्वासप्राप्त व्यक्तिलाई मात्र देखाउने व्यक्तित्व । तेस्रो, आफूलाई मात्र थाहा हुने व्यक्तित्व । त्यसैले हत्याकाण्डका जे जति घटनाहरू भए, तिनलाई हेर्दा हामीले युवराज दीपेन्द्रका यी तीनैवटा व्यक्तित्वहरूलाई हेर्नुपर्ने हुन्छ ।

यो दृष्टिकोणले युवराज दीपेन्द्रलाई हेर्दा घटना घट्नुभन्दा अगाडि हामीले उनको वास्तविक छवि देखेका थिएनौं, खालि हामीले वाह्य छविमात्र देख्दैआएका थियौं ।

अहिलेको घटनाक्रमलाई हेर्दा यदि उच्चस्तरीय समितिको प्रतिवेदनमा आएको उनी ड्रग खान्थे भन्ने कथन सत्य हो भने हामीले दुईवटा कुरालाई प्रवृत्तिको रूपमा हेर्छौं । त्यो हो- एक वर्ष अगाडिदेखि ड्रग लिने गरेको र, १९ गतेको घटना हुँदा युवराजले चुरोट र गाँजासँग अर्को कालो पदार्थ र रक्सी पनि खाएको कुरा । यो सवाललाई हामीले ध्यानमा राख्नुपर्छ । अर्को कुरा, उनको पारिवारिकसम्बन्ध पनि राम्रो थिएन भन्ने कुरा देखिएको छ । विशेष गरेर विहाको मामलामा पारिवारिक द्वन्द भइरहेको देखिन्छ ।

यो घटनाको विश्लेषण गर्दा उनले खाने गरेको ड्रगले उनलाई के कस्तो प्रभाव पार्छ भन्ने कुरामा पनि ध्यान दिनुपर्छ । ड्रग भनेको एउटा वाह्य रसायन हो, जुन शरीरभित्र गइसकेपछि त्यसले शरीरमा विभिन्न खालका प्रतिक्रियाहरू पैदा गर्छ । उनले यदि एक वर्षदेखि खान थालेको सत्य हो भने त्यसले दीपेन्द्रको शरीरमा निश्चित रूपले केही परिवर्तनहरू ल्याएको हुनसक्छ । घटना भएको रातमा रक्सी र ड्रग दुवै लिइएको थियो भन्ने छ । यदि यो सत्य हो भने उनी नर्मल अवस्थामा हुनसक्दैनन् । ड्रग खाएको बेला वा असाधारण अवस्थामा मानिसहरूको प्रायः गरेर 'न्यू-ब्रेन'ले भन्दा प्रिमिटिभ ब्रेनले बढी काम गर्छ, अथवा मानिस विवेकशीलभन्दा भावावेशपूर्ण बढी हुन्छ । यस्तो अवस्थामा मानिसले के ठीक र के बेठीक वा के राम्रो र के नराम्रो भन्ने कुरा त्यति राम्ररी केलाउन सक्दैन ।

अर्को, यो घटनालाई विश्लेषण गर्दा पारिवारिक द्वन्दको कुरालाई पनि ध्यान दिनुपर्छ । जहाँ र जहिले पनि बाबुआमा र छोराछोरीमा जनेरेशन ग्याप भइरहेको हुन्छ । अझ नेपालको सन्दर्भमा हेर्ने हो भने, अहिले नेपालमा ह्वात्तै आधुनिकीकरण अगाडि बढेको छ । यसले गर्दा युवा पिँढीका विचारहरूमा पनि धेरै परिवर्तनहरू भइरहेको छ । युवराजले पनि युवा पिँढीको प्रतिनिधित्व गर्छन् । अहिलेको युवाहरूमा "म स्वतन्त्र छु । आफ्नो विहाको लागि म आफैले जीवनसाथी चुन्न पाउनुपर्छ । म जे कुरा गर्छु, त्यसमा म आफै जिम्मेवार हुन्छु" भन्ने विचार हावी भइरहेको छ । युवराजको हकमा पनि त्यही कुरा लागू हुन्छ । अहिले देवयानीको कुरा पनि युवराजसँग जोडेर आइरहेको छ । यहाँनेर हाम्रो समाजको पुरानो र नयाँ पिँढीको संस्कृतिले परिवारमा द्वन्द पैदा गरेको छ ।

विशेष गरेर शाही परिवारमा विवाह गर्दा विभिन्न कुराहरू हेरिन्छ र सोचिन्छ नै । युवराजको विहाको हकमा युवराज र परिवारको छनौट मिलेन । युवराजको छनौट र विचारमा उनी परिवारमा पूरै एक्लिए । उनले मनोबैज्ञानिक र नैतिक समर्थन कतैबाट पनि पाएनन् । यदि उनले देवयानीलाई नै विवाह गर्ने हो भने युवराज पद छोड्नुपर्छ भन्ने कुरा राजारानीबाट उठ्यो । यो द्वन्दको एउटा चरम सीमा हो । यस अवस्थामा दीपेन्द्रलाई अगाडि जाने पनि बाटो भएन, पछाडि फर्कने बाटो पनि भएन । बाबुआमाको कुरा मान्ने हो भने प्रेमिका छुट्ने भयो र आफ्नै जीवनसाथी छनोट गर्ने बैयक्तिक स्वतन्त्रता जाने भयो । प्रेमिकाविर जाउँ भने आफ्नो सामाजिक जिम्मेवारी तथा राजगद्दी पद नै जाने भयो । यसले युवराजमा चरम मनोद्वन्द सृजना गऱ्यो ।

यदि यी जम्मै घटना घटेका हुन् भने युवराजले आफ्नो समस्याको समाधान गर्ने कुनै उपाय नै देखेनन् । अझ त्यसमाथि ड्रग खाएकोले गर्दा उनले विवेकशील मनले सोच्नै सकेनन् । उनले केमिकल माइण्डले सोचे । त्यही बेला पछिल्लो घडीमा शायद बीचमा अरू कुनै उत्प्रेरित गर्ने, प्रिक गर्ने घटना घटेको हुनसक्छ । त्यो बेलामा पछिल्लो घडीमा कसैको सानो कुराले पनि प्रभाव पार्छ वा भावावेश बढाइदिन्छ ।

समग्रमा हेर्दा एउटा मानिस आफ्ना व्यक्तिगत गुणहरूबाट, अवस्थाबाट, उसको तात्कालीक पारिवारिक सदस्यहरूबाट र त्यसबाट सृजित अन्तरवैयक्तिक सम्बन्ध र समस्याबाट र बृहत रूपमा सामाजिक र सांस्कृतिक कारकहरूबाट प्रभावित हुने गर्दछ । मनोबैज्ञानिक विश्लेषण गर्दा यदी कारकहरूलाई मनन गर्नु पर्दछ ।

> *हामीले उहाँलाई युवराजको रूपमा मात्र नहेरेर एउटा व्यक्तिको रूपमा पनि हेर्नुपर्दछ । किनभने, युवराजको भूमिका र व्यक्तिको भूमिका बेग्लाबेग्लै नै हुन्छ ।*

**◆ युवराजको रगतमा ड्रग र रक्सी देखा नपरेको कुरा आएको छ । यदि उनले रक्सी र ड्रग नखाएको भए यस्तो घटना घटाउन सम्भव छ ?**

- यदि मान्छेले रक्सी र ड्रग खाएको छैन भने यस्तो घटना घट्न त्यो मानिसको शारीरिक तथा मानसिक अवस्थामा भर पर्छ । अर्थात् समग्रमा उसको व्यक्तित्वमा भर पर्दछ । मानसिक तनाव र द्वन्द सहने क्षमता कति छ, त्यसमा भर पर्दछ । त्यस्तै गरेर युवराजजस्ता महत्वपूर्ण मान्छेले प्रेरणा, सुरक्षा तथा प्रेम पाइरहेका मान्छेहरूको हत्या गर्नसक्छ कि सक्दैन भन्ने कुरा पनि व्यक्तित्वमा भर पर्दछ । हामीले युवराजलाई युवराजको सार्वजनिक व्यक्तित्व मात्र देखेका छौं । उनको व्यक्तिगत जीवन हामीले थाहा पाएका छैनौं । तर उनीबारे जति पनि कुराहरू थाहा पाएका छौं, त्यसबाट उनी बिलकुल सामान्य स्वस्थ्य व्यक्ति भएको देखिन्छ । साथै उनी मानसिक रूपले अत्यन्त सबल र अत्यन्त शिक्षित व्यक्ति हुन् । यस्तो व्यक्तिले आफूमाथि आइपरेको समस्यालाई मानसिक रूपले नै सकारात्मक तरिकाले समाधान गर्न खोज्छ । तर जसको व्यक्तित्व अस्थिर छ, अथवा जो व्यक्तित्व विकासबाट ग्रस्त छ र उसमा सहने क्षमता छैन भने त्यस अवस्थामा यस्तो घटना घट्न सक्छ । तर यस्तो ज्यादै नगन्य हुन्छ । ज्यादै आक्रामक स्वभावका, आफ्नो स्वविवेक र संवेगलाई नियन्त्रण गर्न नसक्ने एवं आफ्ना सामाजिक जिम्मेवारीबारे बेवास्था हुने व्यक्तित्वले अरूको हत्या गर्न सक्छ । नत्रभने प्रायः समस्याबाट पीडित व्यक्तिले अवसादबाट ग्रसित भई आफ्नै ज्यान लिन्छन् । युवराज दीपेन्द्रको व्यक्तित्व त्यस्तो अक्रमक देखिँदैन । उनका गुरू, साथीहरूको अनुभवमा उनी ज्यादै विवेकशील, दयालु, सहयोगी तथा नरम मनको भएको देखिएको छ । नरम मन भएको सन्तुलित व्यक्तित्वबाट ड्रग र रक्सी नखाएको सामान्य अवस्थामा प्रिय आफन्तजनको हत्या वा आफ्नै हत्या गर्नु त्यति संभव छैन । ❑

# दरवारभित्रको फितलो सुरक्षा व्यवस्था



यही जेठ १९ गते राजदरवारमा भएको नेपालकै इतिहासको सबभन्दा जघन्य हत्याकाण्ड सुरक्षा-व्यवस्थाको चर्को लापर्वाहीले पनि भएको हो भन्ने कुरा पुष्टि भएको छ । यो घटनालाई गहिरिएर हेर्नेहरु दरबारको सुरक्षा-व्यवस्था निकम्मा भएको कारण नै यस्तो भयानक दुर्घटना भएको हो भन्छन् ।

त्यसो त राजदरवारभित्र राजा र राजपरिवारको सुरक्षाको लागि करिब ३ हजार सुरक्षाकर्मीहरु हरदम तैनाथ राखिएका छन् । ब्रिग्रेडियर टिका धमलाका अनुसार, राजदरवारमा भी.भी.आइ.पी. को सुरक्षाको लागि सुरक्षा-व्यवस्थालाई चार तहमा विभाजित गरिएको हुन्छ । पहिलो, सबभन्दा भित्री घेरामा ए.डी.सी.हरु रहन्छन्, त्योभन्दा बाहिर सैनिक प्रहरीहरु, त्यसभन्दा बाहिर शाही नेपाली सेना र त्यसपछिको घेरामा नेपाल प्रहरीहरु हुन्छन् । सबैभन्दा भित्री घेरामा रहेका ए.डी.सी.हरु जहिले पनि राजपरिवारको साथमा रहन्छन् । र, उनीहरु सधैं शाही परिवारको सुरक्षाको लागि चनाखो हुनुपर्छ । राजदरवारभित्रै पनि सार्वजनिक जमघटमा जुन ए.डि.सी.हरु जसको सुरक्षाको लागि खटिएका हुन्छन्, उनीहरु जहिले पनि सँगसँगै हुन्छन् । तर राजपरिवार र आफन्तहरुको मात्र जमघट भएको बेलामा त्यस ठाउँमा ए.डि.सीहरु जान पाउँदैनन् । तर राजदरवारविद् डा. सानुभाइ डंगोलका अनुसार, त्यतिबेला पनि उनीहरु कोठाबाहिर स्टयाण्डबाइ रहनुपर्छ । र, राजा वा राजपरिवारले केही ट्याकट्याकको आवाज दिएमा पनि ए.डि.सी.हरु सतर्क भएर भित्र पस्नुपर्छ र हुकुमको तामेल गर्नुपर्छ । अझ गोली नै चल्यो भने त उनीहरु भित्र पसेर जुनसुकै मूल्य चुकाएर पनि राजा र राजपरिवारको सुरक्षा गर्नुपर्छ । दरवारका अन्य सैनिक प्रहरी र सैनिकहरुको काम भनेको दरवारलाई बाहिरको आक्रमणबाट बचाउनु र भित्र रहेका सैनिक सचिव र शाही ए.डि.सी.हरुले दिएको निर्देशन पालन गर्नु हो ।

त्यो दिन पनि राजदरवारमा शाही पार्श्ववर्ती महासेनानी सुन्दरप्रताप राणाको नेतृत्वमा १५/१६ जना अंगरक्षकहरु तैनाथ रहेका थिए । यदि उनीहरु चनाखो रहेको भए र प्रत्यक्षदर्शीहरुले भनेअनुसार युवराज एक्लैले गोली चलाएको भए ती सबै अंगरक्षकहरुले एकजनालाई काबुमा लिन त्यति गाह्रो पनि थिएन । त्यसै पनि ती अंगरक्षकहरुले भि.भि.आइ.पी. व्यक्तिहरुको सुरक्षा गर्न वा खतराबाट जोगाउन, सुरक्षित ठाउँमा लैजान तथा आक्रमणकारी र उसले चलाएको हतियार नियन्त्रण गर्न तालिम पाएका हुन्छन् । यति हुँदाहुँदै पनि १९ गते बेलुकी भएको घटनालाई ती अंगरक्षकहरुले किन रोक्न सकेनन् ? आफूले सुरक्षा गर्नुपर्ने व्यक्तिहरुलाई किन सुरक्षा गर्न सकेनन् ?

सबभन्दा पहिलो गम्भीर त्रुटी त ए.डि.सि.हरु त्रिभुवन सदनको विलीयार्ड हलको बाहिरपट्टि बस्न छोडेर अफिसभित्र बसिरहनु नै हो । सबैजसो ए.डि.सि.हरुले घटना घटेको आफूले नदेखेको कुरा बताएका छन् । सानुभाइ डंगोलले बताउनु भएअनुसार, ए.डि.सि.हरु राजपरिवार जमघट भएको विलीयार्ड हलको अगाडि नै स्टयाण्डबाइ रहेको भए गेटैमा हतियार लिएर त्यहाँ पस्नलाई रोक्न सक्थे वा भित्र गोली चल्नेबित्तिकै उनीहरुले भित्र गएर गोली चलाउने व्यक्तिलाई काबुमा लिन सक्थे । तर उनीहरु त्यहाँ स्टयाण्डबाइ नबसीकन हलभन्दा ४०/५० मिटर दूरीमा रहेको ए.डि.सी.हरुको अफिसमा बसिरहे । त्यसमा पनि ए.डि.सी.हरु गोलीको आवाज सुन्नेबित्तिकै त्यहाँ आइपुगेको भए यति ठूलो दुर्घटना हुन पाउँदैनथ्यो । ए.डि.सी. हरु बसेको कोठाबाट विलीयार्ड हलमा दौडेर आउँदा ४०/५० मिटर दूरी पार गर्न सैनिकहरुलाई बढीमा १०/१५ सेकेण्डभन्दा बढी लाग्दैन । तर ती ए.डि.सी. हत्याको सबै काम तमाम भइसकेपछि मात्र त्यहाँ आइपुगेका देखिन्छन् । यही कारणले ए.डि.सि.हरु कसैले पनि घटना भएको 'देखें' भनेका छैनन् । प्रत्यक्षदर्शीहरुकै अनुसार पनि युवराज दीपेन्द्रले भित्र पस्दै बाहिर जाँदै गरेर गोली चलाउँदा करिब डेढ दुई मिनेट समय लगाएका छन् । त्यो डेढ दुई मिनेटसम्म त्यति नजिकैका ए.डि.सी.हरु के गरेर बसे त ?

अर्को कुरा, सुरक्षाकर्मीहरु राजपरिवारमाथि हुनसक्ने वाह्य आक्रमणप्रति मात्र सचेत रहेका देखिन्छन् । दरवारभित्रैका आफ्नै परिवारबाट पनि राजपरिवारप्रति खतरा हुन्छ भन्ने कुरामा उनीहरु सचेत भएको देखिएन । यो कुरा स्वर्गीय श्री ५ वीरेन्द्रका ए.डि.सी. ब्रिगेडियर टीका धमलाले उच्च स्तरीय छानवीन समितिमा भनेको यो कुराबाट पुष्टि हुन्छ- "......हामीहरु अहिलेसम्म बाहिरबाट केही हुन्छ कि भन्नेमा मात्रै हामी कन्सन्ट्रेड हुन्छौं......पब्लिक प्लेसेजहरुमा जुन ग्यादरिङ्ग हुन्छ, त्यसमाथि हामी भि.भि. आइ.पी.सँग हुन्छौं..... प्राइभेट प्लेसेजमा हामीलाई एलाउ छैन । भित्रबाट हुकुम भयो भने मात्र हामी जान पाउँछौं ।"

त्यस्तै गरेर बाहिरबाट राजदरवारभित्र जानेहरुमा पनि पब्लिकहरुलाई मात्र सेक्युरिटी डोर भएर जानुपर्छ तर राजपरिवारका आफन्तहरुलाई त्यो जरुरी छैन । टीका धमलाकै अनुसार- "...पब्लिक प्लेसेसमा जाने मान्छेहरुलाई चाहिं हाम्रो एउटा विन्डो हुन्छ । सेक्युरिटी डोर हुन्छ । त्यहाँ हतियार एक्स्प्लोसिभ लिएर गयो भने त्यहाँबाट आउँछ । छाम्दैनौं । तर नातापाताको लागि हामी यसो हेर्छौं मात्रै । अनयुजल देखियो भने "हजूरले केही ल्याइबक्सेको छ कि ?" भन्ने चलन छ । नत्र युजल्ली भि.भि.आइ.पी.को त्यो रोयल गेष्टहरुलाई हामीले यसरी छाम्ने गर्दैनौं ।"

यसबाट के बुझिन्छ भने, भि.भि.आइ.पी.हरुलाई राजपरिवारकै भित्र वा नातागोताबाट समेत खतरा हुनसक्छ भन्ने कुरा राजदरबारको सुरक्षा व्यवस्थाले महसूस नै गरेन । यो सुरक्षा व्यवस्थामा देखिएको अर्को ठूलो त्रुटी हो । दरवार भनेकै सत्ताका लागि षडयन्त्र हुने एउटा प्रमुख ठाउँ हो र शक्ति कैन्द्रलाई जहाँबाट र जहिले पनि खतरा हुन्छ भन्ने पाठ सुरक्षाकर्मीहरुलाई किन बुझाइएन ? सत्ताको लागि नेपालमै भएका विशेष गरेर वि.सं. १९४२ सालको हत्याकाण्डको तथा बेलाबेलामा भएको षडयन्त्रहरु बारेमा बताएर उनीहरुलाई किन सचेत गरिएन ? यदि सुरक्षाकर्मीहरुलाई नेपालमै पहिले भएका हत्याकाण्ड तथा षडयन्त्रहरु थाहा भएको भए उनीहरु पारिवारिक जमघटमा पनि अलिबढी सतर्क हुन्थे होलान् ।

अर्को कुरा, दरवारभित्र राजपरिवारका सदस्यहरुले अनियन्त्रित ढंगले अनियन्त्रित मात्रामा आधुनिक हातहतियार राख्न सक्ने कुराले पनि यो घटना सजिलै भएको हो । प्रत्यक्षदर्शीहरुले भने अनुसार यदि दीपेन्द्रले नै यो घटना घटाएका हुन् भने उनले राखेका ती आधुनिकतम हतियारले गर्दा नै यस्तो भयंकर र क्रुर घटना हुन संभव भएको हो भन्ने कुरामा दुईमत हुन सक्दैन । हतियार हातमा भएपछि जोकोही मान्छे पनि हिंसक हुने संभावना हुन्छ । यो कुरा दरवारिया सुरक्षा निकायबाट किन सोचिएन ? किन दीपेन्द्रलाई त्यस्ता खतरनाक हातहतियारहरु राख्न दिइयो ?

यी यस्ता प्रश्नहरु छन्, जुन प्रश्नहरु केलाउने हो भने राजदरवारभित्रको सुरक्षाव्यवस्था निकै कमजोर र फितलो देखिन्छ । यही फितलो र कमजोर सुरक्षा व्यवस्थाले गर्दा पनि १९ गतेको राजदरवार हत्याकाण्ड हुन संभव भएको हो भन्ने कुरा सबैले स्वीकार्नै पर्छ ।

तर राजदरवारभित्रको सुरक्षा-व्यवस्थामा भएको त्रुटी वा कमजोरीको जिम्मा लिन कोही तयार छैनन् । सैनिक प्रमुख, प्रहरी प्रमुख र सरकार प्रमुख सबै नै 'राजदरवारको सुरक्षाको जिम्मेवारी हाम्रो होइन' भनेर पन्छेका छन् । के यी देशकै शान्ति सुरक्षाको जिम्मा लिएका र देशलाई नै हाँक्ने जिम्मा लिएका व्यक्तिहरुले राजदरवारको शान्तिसुरक्षा गर्ने जिम्मा 'आफ्नो होइन' भनेर पन्छिन मिल्छ ? के राजदरवार मात्रै देशभन्दा बाहिरको छुट्टै अंग हो ? यदि त्यो हो र सुरक्षाको जिम्मा बोकेका संवैधानिक प्रमुखहरु राजदरवारभित्रको जिम्मेवारीबाट पन्छिन पाउँछन् भने जनताले मात्रै राजदरवारभित्र रहेकाहरुको जिम्मेवारी किन बोक्ने ? ❑

*- अनामिका*

# कसले के भने ?

## नेकपा (एमाले)

घटनाका सम्बन्धमा समितिले कुनै



*महासचिव क. माधव नेपाल*

ठोस विश्लेषणात्मक निष्कर्ष दिएको देखिँदैन । निश्चित सीमाभित्र रहेर गरेको अध्ययनको आधारमा नै भए पनि उक्त घटनासम्बन्धी एक स्तरको विवरणलाई सार्वजनिक गर्न समितिले खेलेको भूमिकालाई हाम्रो पार्टीले सकारात्मक रूपले लिएको छ ।

## संयुक्त जनमोर्चा, नेपाल

-यो प्रतिवेदन कुनै सर्वाधिकार




*अध्यक्ष : क. अमिक शेरचन*

सम्पन्न आयोगको प्रतिवेदनजस्तो नभई केही प्राविधिक शब्दावलीसहित अत्यन्त पूर्वप्रायोजित एवं प्रचारित टिपोटमात्र भएको छ । यसमा स्वयं आयोगको आफ्नो कुनै निष्कर्ष नभएको कुराले पनि यसलाई झनै अर्थहीन तुल्याएको छ ।

-यो रिपोर्टले कारणसहित घटनाको सत्यतथ्य सार्वजनिक गरेको छैन, बरू कुनै कारण पनि नभएको, एकजना पनि जीवित मान्छेको जिम्मेवारी एवं संलग्नता नभएको घटनाको रूपमा प्रस्तुत गरेको छ । आयोगको रिपोर्टले यो घटना सुनियोजित राजनीतिक षड्यन्त्रको घटना थियो भन्ने हाम्रो पहिलेको धारणालाई थप पुष्टि भएको छ । यसैले, आयोगको रिपोर्ट स्वयं जनताको लागि फेरि अर्को धोका भएको छ ।

## नेकपा (माओवादी)



*अध्यक्ष : क. प्रचण्ड*

कथित छानवीन समितिले अन्ततः हत्याराहरूद्वारा नियोजित रूपमा तयार पारिएको षड्यन्त्रमूलक निष्कर्षभन्दा अर्को ल्याउन सक्दैनथ्यो र ल्याएन पनि । तर छानवीन समितिको कथित प्रतिवेदनले ज्ञानेन्द्र एक्लै सो दिन पोखरा जानुको कारण, कुख्यात हत्यारा पारस शाहको भूमिका, वीरेन्द्रको पूरै परिवार सिध्याइनु र ज्ञानेन्द्रको पूरै परिवार बाँचनुको रहस्य, समग्र हत्याकाण्डको उद्देश्य, दीपेन्द्रलाई गोली कहाँ कहाँ लागेर उनको कसरी मृत्यु भयो, दीपेन्द्रको रगत जाँचको आधारमा मादक पदार्थ सेवन गरे नगरेको पुष्टि गर्ने प्रश्न, एउटा मादक पदार्थ सेवन गरेर भुँईमा पल्टिरहेको तथा आफ्नो शरीरको कपडा समेत खोल्न नसक्ने अवस्थाको व्यक्तिले केही मिनेटपछि नै त्यतिका हतियार बोकेर ठीक-ठीक निशाना लगाएको प्रसंग, हतियार आफैं चलेर दुर्घटना भएको भन्ने ज्ञानेन्द्रको बीचको बयानको कारण, त्यति भीषण हत्याकाण्ड हुँदासम्म सेना र सुरक्षा गार्डको भूमिका लगायतका अहम् प्रश्नमा मौन बसेर, हत्याकाण्ड गम्भीर षड्यन्त्रको परिणाम थियो भन्ने कुरालाई नै स्पष्ट गरेको छ ।

## नेकपा (मसाल)

हत्याको कारण पत्ता लगाई त्यसलाई वैज्ञानिक र वस्तुगत ढंगले पुष्टि गर्नुको सट्टा प्रतिवेदनले केबल सतही, उपरी र सामान्य फेहरिस्त प्रस्तुत गर्ने काम गरेको छ । त्यसप्रकारको सतही र उपरी प्रकारका विवरणहरू नै प्रतिवेदनका आधार रहेकाले उक्त हत्याकाण्डबारे उठेका मुख्य प्रश्नहरूको जवाफ दिन छानवीन समिति असक्षम सावित भएको हाम्रो निष्कर्ष छ ।

## नेकपा (एकताकेन्द्र)

वस्तुतः कथित छानवीन समिति 'छानवीन समिति' नभएर हत्याकाण्ड भएको लगत्तैदेखि दीपेन्द्रलाई हत्यारा बताउने षड्यन्त्रकारीहरूको लेखन्दासमात्र थियो भन्ने कुरा स्पष्ट भएको छ । 'छानवीन समिति'ले आफ्नो तर्फबाट कुनै निष्कर्ष नदिनुले त्यसको लेखन्दासको हैसियत र कायर मानसिकताको पुष्टि गर्दछ ।

'छानवीन समित'ले हत्याकाण्डको सम्बन्धमा नेपाली जनताले उठाएका कुनै पनि प्रश्नहरूलाई उत्तरित नगरेको मात्र होइन, थप प्रश्नहरू पैदा गरिदिएको छ । सारा विदेशी र सरकारी संचारमाध्यमहरूको एकछत्र प्रचारबाट प्रभावित भएर हिजोसम्म दीपेन्द्र नै हत्यारा हो कि त भन्ने मानिसकतामा रहेका व्यक्तिहरू पनि 'छानवीन समिति'को प्रतिवेदन आएपछि विवाहको विवादको कारण वा मादक पदार्थ सेवनबाट उत्तेजित भएर दीपेन्द्रले हत्या गरेका होइनन् भन्ने कुरामा स्पष्ट भएका छन् । यसबाट जतिसुकै ढाकछोप गर्न खोजिए पनि राजा वीरेन्द्रसहित उनको पूरा परिवारको हत्या गरिएको नारायणहिटी हत्याकाण्ड विदेशी प्रतिक्रियावादी शक्तिहरू र देशभित्रका चरम अनुदारवादी तत्वहरूको नियोजित राजनैतिक षड्यन्त्रको परिणाम हो भन्ने कुरा झन् नाङ्गो रूपमा स्थापित भएको छ । दीपेन्द्रले आत्महत्या गरेको होइन भन्ने कुरा स्पष्ट भएबाट मात्रै पनि यो हत्याकाण्ड षड्यन्त्र भएको कुरा छर्लङ्ग हुन्छ ।

## सिन्धुनाथ प्याकुरेल

*अध्यक्ष नेपाल बार एशोसिएसन*

आयोगले बाहिर ल्याएको चीज प्रतिवेदन नै होइन । त्यसमा छानवीन



आयोगले संकलित तथ्यको आधारमा छानवीन गरेको छैन । घटना कसरी घट्यो, कसले घटायो ? र अब के गर्ने ? भन्ने विषयमा आयोगले आफ्नो राय दिएको छैन । यो छानवीन आयोगले घटनाको बारेमा आफूले संकलन गरेका तथ्यहरूको संकलन मात्र हो ।

हाम्रो संसदीय व्यवस्थाअन्तरगत हामी अहिले शासित छौं र संसदीय व्यवस्थामा संसदबाट सरकार बनेको छ । त्यो सरकारमा सम्पूर्ण कार्यकारी अधिकार रहन्छ र न्यायाधीश न्यायपरिषद्‌बाट अनुमोदित पनि हुनुपर्दछ । त्यो व्यवस्था छ तर त्यसलाई मिच्ने काम भएको छ । त्यो आयोगमा प्रधानन्यायधीस स्वयं भएको र राजाबाट गठन भएको हुनाले वैधानिकता खोजिरहनु पर्दैन भन्ने कुरा पनि आएको छ । अहिलेको राजतन्त्र भनेको पंचायतकालीन राजतन्त्र होइन र सम्बैधानिक राजाले काम गर्दा मन्त्रीपरिषद्‌सित सल्लाह लिन पर्दैन कि पर्दछ ? त्यसकारण मन्त्रीपरिषद्‌को सल्लाह नलिइकन मन्त्रीपरिषद्‌लाई बाइपास गर्ने र न्यायपरिषद्‌को स्वीकृति नलिइकन बनेको छानबीन आयोगको सम्बन्धमा संवैधानिकताको प्रश्न उठ्नु स्वाभाविक हो । ❑

*साभारः साप्ताहिक हाँक*

## हृदयेश त्रिपाठी

*महामन्त्री नेपाल सद्‌भावना पार्टी*

❑ यो उच्च आयोगको प्रतिवेदनमा कुनै निष्कर्ष छैन, दुईसय पेजको प्रतिवेदन मात्रै तयार भएको छ । मलाई लाग्छ, उच्च आयोगले देख्ने र सुन्नेहरूको भनाइ र घटनाको विवरण मात्रै दिएको हो ।

## नारायणमान बिजुक्छे

*अध्यक्ष नेमकिपाका*



❑ प्रतिवेदनमा के भयो मात्रै भनिएको छ, व्याख्या र विश्लेषण छैन । शुरूदेखि नै उक्त सामूहिक हत्याका बारेमा उठेका शंकाहरूको कुनै निरूपण छैन ।

## कृष्णप्रसाद भट्टराई

*नेपाली कांग्रेस नेता तथा भू.पू. प्रधानमन्त्री*



❑ श्री ५ दीपेन्द्रले कोकिन, रक्सी खाएर त्यस्तो घटना गराएको हल्ला अखबारहरूमा आएको छ । मेरा पिताजी पनि कोकिन खानुहुन्थ्यो । १० औं वर्ष हाम्रो पिताजीले लगातार कोकिन खानुभयो । उहाँले त कहिल्यै हिंसा गर्नुभएन । कोकिन खाने मान्छेले हिंसा गर्दैन, चुपचापसँग बसिरहन्छ । हिंड्डुल गर्ने त उसलाई इच्छै हुँदैन । रक्सीले घुमफिर गर्ने इच्छा हुन्छ । रक्सीले जोश बढाउँछ । त्यसको त मलाई पनि पूर्ण रूपमा अनुभव छ । कोकिनको अनुभव छैन तर कोकिन खाने मान्छे त्यसरी उत्तेजित हुँदैन ।

## डा. मथुराप्रसाद श्रेष्ठका केही प्रश्न



छानवीन समितिको प्रतिवेदन जारी गरिएको छ । यो पनि यस अघिका हल्ला र डा. राजीव शाहीको पत्रकार सम्मेलनजस्तै अल्मलिएको छ । तर समितिले प्रतिवेदनमा फैसला वा निष्कर्ष होइन भन्ने स्वीकार गरेको छ ।

१) नशामा रहेर राम्रोसँग बोल्न र उभिन पनि नसक्ने तत्कालीन युवराजले त्यतिका बन्दूक (कम्तिमा चारवटा) गोली गट्ठा कसरी बोक्न सके ? जबकि उनलाई अरूले ओछ्यानमा पल्टाएका थिए ।

२) छोटो समयमै त्यस्तो व्यक्तिले त्यतिका मृतक र घाइतेहरूका प्रमुख अंगहरूमा कसरी ताकी ताकी अचूक निशाना लगाउन सके ?

३) युवराजधिराजले गोली कसरी प्राप्त गरे ? यो स्पष्ट छैन ।

४) युवराजाधिराजले विगत एक वर्षदेखि नियमित रूपमा गाँजा खाने गरेको आरोप लगाइएको छ । र, कत्लेआम हुनुको केही छिन अगाडिमात्र पनि गाँजा भरिएको चुरोट तानेको भनिएको छ । थाहा नभएको कालो वस्तु चुरोटमा मिसाइएको भनिएको छ । म चिकित्सक हुँ, गाँजाको दुर्व्यसनीमा आक्रामक, हिंस्रक र स्वजनघाती प्रवृत्ति विकास भएको एउटा पनि घटना मैले देखेको छैन । त्यस्तो व्यक्ति अन्तर्मुखी हुन्छन् र अरूलाई होइन बरू आफैलाई चोट पुऱ्याउँछन् । किनभने गाँजाले मान्छेलाई शिथिल बनाउँछ र अरू दुर्व्यसनीहरूमा भन्दा गाँजाका दुर्व्यसनीहरूमा अपराध दर कम देखिएको छ । यस विषयमा म लागू औषधी विशेषज्ञ, मनोचिकित्सक तथा मानवव्यवहार अध्ययन गर्ने वैज्ञानिकहरूको धारणा जान्न उत्सुक छु ।

यसका अतिरिक्त म अपराध, स्वजनघाती प्रवृत्ति र उग्र-स्वभावसँग गाँजाको अन्तरसम्बन्धबारे विश्वसनीय उदाहरण वा सूचनासमेत प्राप्त गर्न चाहन्छु ।

५) यदि यो समिति (उच्चस्तरीय छानवीन समिति) तथाकथित कालो वस्तुको पहिचान गर्न सक्दैन भने यो बृहद् अनुसन्धानको उत्तरदायित्व बहन गर्नुको औचित्य नै के रह्यो ?

## वामदेव गौतम

*महासचिव, नेकपा माले*



उच्चस्तरीय छानवीन समितिले जेठ ३२ गते पत्रकार सम्मलेनको अयोजना गरी वितरण गरेको प्रतिवेदनको सारांशको अध्ययनबाट हत्याका प्रमुख नायक श्री ५ युवराज दीपेन्द्र भएको मुचुल्का प्रस्तुत गरेको भएपनि यसबाट केही महत्वपूर्ण र गंभीर प्रश्नहरू खडा भएका छन् । यी प्रश्नहरूको सही जवाफविना प्रस्तुत गरिएका तथ्यले सत्यलाई निर्विवाद निरूपित गर्न असमर्थ देखिएका छन् । घटनाका बारेमा प्रस्तुत विवरण एक अर्कासँग बाझिएका पनि देखिन्छन् । ....

नारायणहिटी राजदरवार हत्याकाण्डको मुख्य रहस्य छानवीन समितिको प्रतिवेदन प्रस्तुतिपछि पनि खुल्न सकेको छैन । यसमा पारिवारिक विवाद मात्र हैन, देशी-विदेशी प्रतिक्रियावादीहरूको षड्यन्त्रको प्रयत्नलाई ठाडै इन्कार गर्नु हतारो हुनेछ । प्रतिक्रियावादीहरूले युवराज दीपेन्द्र र देवयानी राणा वा अरू कोहीलाई आफ्नो षड्यन्त्रमा उपयोग गरेको सम्भावनालाई पनि इन्कार गर्न सकिन्न । तर विनातथ्य-प्रमाण मात्रतर्कको आधारमा ठोकुवा गर्न मिल्दैन । घटनामा षड्यन्त्र भएको भए अगामी दिनमा नेपाली जनता र प्रतिक्रियावादी शक्तिका बीचमा टकरावको अवस्था सृजना हुनेछ । त्यसै दौरानमा नेपाली जनता क्रमिक रूपमा वास्तविकताका बारेमा प्रष्ट हुनेछन् । हामीले अहिले पनि सजगता अपनाउँदै जानु पर्दछ । ❑

देशमा शान्ति र सुव्यवस्था कायम हुन सकेमा मात्र विकासको गति तीब्र हुन सक्छ । यसर्थ समाजमा शान्ति, सुव्यवस्था कायम राखी एकता र राष्ट्रिय हितको भावनाले विकास कार्यमा सहभागी हुनु सबै नेपालीहरूको प्रमुख कर्तव्य हो ।

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

# नेपाल जन-गणतन्त्रको दिशातिर गइरहेको छ

क. प्रकाश ,महासचिव, नेकपा एकता केन्द्र

*❑ यही जेठ १९ गते नारायणहिटी राजदरबारमा भएको हत्याकाण्डलाई तपाईंले कसरी हेर्नुभएको छ ?*

-प्रतिक्रियावादी सत्ता दिन प्रतिदिन संकटग्रष्त हुँदै गएको थियो । त्यो संकटलाई 'समाधान' गर्न प्रतिक्रियावादी कोणबाट विभिन्न विकल्पका बारेमा खोजी भइरहेको थियो । त्यही क्रममा यो संकटलाई 'हल' गर्न विदेशी र देशी प्रतिक्रियावादीहरूको विशेष गरेर देशभित्रका चरम अनुदार पक्षको गठबन्धनबाट भएको राजनैतिक षडयन्त्रको परिणाम नै यो राजदरवार हत्याकाण्ड हो ।

*❑ यो हत्याकाण्ड षडयन्त्र नै हो भनेर के आधारमा भन्न सक्नुहुन्छ ?*

-पहिलो कुरा त दीपेन्द्रले आफूले मन पराएकी प्रेमिकालाई विवाह गर्न नपाएको कारणले र नशा सेवन गरेर सबै परिवारको हत्या गरेर आफूले पनि आत्महत्या गरेको कुरा प्रचारमा ल्याइयो । उठ्नै नसक्ने गरी नशा सेवन गरेको व्यक्तिले त्यत्रो हतियार बोकेर आएर छानी छानी गोली हान्न सक्ने स्थिति हुँदैन । प्रेमको कारणले आत्महत्या गर्ने वा जसले सबभन्दा बढी त्यसको विरोध गर्‍यो, त्यसैलाई मार्ने सम्भावना बढी हुन्छ । तर आफ्नो वंश नै सिध्याउने किसिमले त्यस्तो हत्या गर्न सक्दैन । दीपेन्द्र नै हत्यारा हो भन्ने प्रचार विदेशी संचार, विशेष गरेर प्रारम्भदेखि नै भारतीय संचार माध्यमले गरेको थियो । र, ती संचार माध्यमहरूले अब हुने राजा ज्ञानेन्द्र नै हुन् भनेर पनि तुरुन्तै घोषणा गरेका थिए । यसले शुरूमै शंकाको वातावरण सृजना गर्‍यो ।

अर्को कुरा, राजा वीरेन्द्रको सबै वंश नै सिद्धिने, त्यसपछि राजा हुने अहिलेका राजाको परिवार सकुशल बाँच्ने, यो कुरा संयोग मान्नै सकिँदैन । त्यस्तै गरेर, घटना घटिसकेपछि नजिकैको साधनसम्पन्न अस्पतालमा लगेर घाइतेहरूलाई कसरी बचाउँ भन्ने कुरामा ध्यान दिइएन । बढी गोपनीयता र सुरक्षामा मात्र ध्यान दिइयो । पहिला जहिले पनि विशिष्ट व्यक्तिहरूको उपचारको लागि विदेशी डाक्टरहरू झिकाइन्थे, अहिले झिकाइएन । यसले पनि शंका गर्ने ठाउँ दियो ।

अर्को, हत्याकाण्डको छानबीन गर्न गठित समितिले ल्याएको रिपोर्टले त यो हत्याकाण्ड षडयन्त्र नै हो भन्ने कुरा अरू ज्यादा पुष्टि गर्‍यो । किनभने पहिलो कुरा त त्यस समितिले ल्याएको रिपोर्टमा दीपेन्द्रले आत्महत्या गरेको पुष्टि नै हुन सकेन । दोस्रो, दीपेन्द्रले हातमा पञ्जा लगाएको भनिएको छ । आवेगमा आएर हत्या गर्न जाने र आत्महत्या गर्ने व्यक्तिले पञ्जा किन लगाउँछ ? मृतकहरूको पोष्टमार्टम नगरिएको कुरा पनि स्पष्ट भयो । अर्को, सैनिक हस्पिटलको शाही सर्जनले दीपेन्द्रले अल्कोहल सेवन गरेको नपाइएको भनेर बयान दिएका छन् । त्यस्तै गरेर, घटनास्थलमा पाइएको दीपेन्द्रले सेवन गरेको भन्ने चुरोटमा कुनै किसिमको लागु पदार्थ नभएको कुरा रिपोर्टमा उल्लेख छ ।

यसरी समितिको सबै रिपोर्ट हेर्दा प्रत्यक्षदर्शीहरूले दीपेन्द्र नै हत्यारा हो भनेर पुष्टि गर्न प्रयास त गरेका छन्, तर, प्रत्यक्षदर्शीहरूले दिएका बयानहरू पनि केही बाझिएका छन् । यी सबै कुराहरू हेर्दा त्यो हत्याकाण्ड राजनैतिक षडयन्त्र नै हो भन्ने स्पष्ट भएको छ । त्यसमाथि समितिले दीपेन्द्र नै हत्यारा हुन् भनेर अरूको भनाइमात्र अगाडि सारेको छ । तर आफ्नै कुनै निष्कर्ष दिएको छैन । यस्तो किन ? किनकि त्यो हत्याकाण्ड राजनैतिक षडयन्त्र भएकोले उनीहरू निष्कर्ष दिन सक्दैनथे ।

यो हत्याकाण्ड षडयन्त्र हो भन्ने विश्लेषण गर्दा राजा वीरेन्द्रको भूमिकालाई पनि केलाउनु जरूरी छ । पहिलो कुरा, राजा वीरेन्द्र कांग्रेसी सरकारले संसदबाट पारित गरेको नागरिकता विधेयकको बिरूद्धमा थिए । दोस्रो, उनले चीनसँगको सम्बन्ध सुदृढ गर्ने कोशिस गरेका थिए । त्यसै क्रममा राजा वीरेन्द्रले चीनको भ्रमण र चीनका प्रधानमन्त्रीले नेपालको भ्रमण गरेका थिए । त्यहीबेला नेपालको चीनसँग जोड्ने तीनवटा बाटाहरू खोल्ने निर्णय भएको थियो । यो कुराले भारतीय विस्तारवादी शक्तिहरूलाई गम्भीर खतराको महशूस गराएको थियो । अमेरिकीहरूको पनि नेपाललाई चीनविरोधी गतिविधिको केन्द्र बनाउने र कम्युनिष्टहरूलाई जसरी भए पनि दमन गर्ने योजना थियो । उनीहरूको यो योजना सफल पार्न र माओवादीलाई दमन गर्न सेना परिचालन गर्नु आवश्यक थियो । तर राजा वीरेन्द्र सेना परिचालन नगर्ने पक्षमा भएको कुरा उनीहरूलाई मन परेको थिएन ।

यसरी भारत र अमेरिकाको स्वार्थ राजा वीरेन्द्रबाट, उनीहरूको चाहना अनुरूप पूरा नभएको देखिन्छ । त्यसमाथि, नेपालको मूल खलनायक, जो दरवारभित्रको अनुदार पक्षको रूपमा चिनिन्छ, उसको र राजा वीरेन्द्रबीच अन्तरविरोध चलिरहेको थियो । त्यसको अर्थ राजा वीरेन्द्र जनतान्त्रिक थिए भन्ने कुरा होइन । उनी पनि प्रतिगामी आकांक्षा राख्थे र आफ्नो अधिकार बढाउन चाहन्थे । तर ०१७ सालमा जस्तै कू गरेर सम्पूर्ण अधिकार आफ्नो हातमा लिने कि नलिने भन्ने कुरामा उनी अलिकति उदार विचार राख्थे । यहाँनेर विदेशी र दरवारभित्रको अनुदार पक्षको स्वार्थ एक ठाउँमा मिसिन आयो । र, उनीहरूले राजा वीरेन्द्र आफ्नो उद्देश्यको सेवा गर्ने दृढ प्रतिनिधि पात्र हुन नसक्ने मूल्यांकन गरी विश्वासिलो प्रतिनिधि पात्रलाई नै सत्ता सुम्पने योजनाअनुसार राजा वीरेन्द्रको हत्या गर्नु नै उपयुक्त ठाने । त्यसैले विदेशी प्रतिक्रियावादी शक्तिहरू र देशभित्रका चरम अनुदारवादी राष्ट्रघातीहरू एवं फासिष्ट शक्तिहरूको गठबन्धनबाट षडयन्त्रमूलक ढंगले यो घटना घट्न गएको हो भन्ने राजनैतिक आधार खडा भएको छ ।

*❑ यो घटनापछि देशको स्थिति कतातिर गइरहेको छ ?*

- नकारात्मक कुरा के हो भने विदेशी प्रतिक्रियावादी शक्तिहरू र देशी प्रतिक्रियावादी शक्तिहरूको बीच गठबन्धन भएको छ र त्यसले देशको राष्ट्रियता र जनअधिकारको विरूद्धमा स्वाभाविक रूपमा खतरा पैदा गरेको छ । हाम्रो सार्वभौमिकता झन्झन् संकुचित हुने र हाम्रो राष्ट्रिय अखण्डतामाथि झन्झन् अतिक्रमण हुने खतरा पैदा भएको छ । त्यस्तै गरेर, ०४६ सालको जनआन्दोलनबाट प्राप्त जनअधिकार पनि खतरामा परेको छ । जुन-दिन नयाँ राजालाई राज्यारोहण गराइयो, त्यही दिनदेखि पर्चा छर्न नपाउने, आमसभा र जुलूस गर्न नपाउने, पोष्टरिङ्ग गर्न नपाउने र कुनै समूह वा व्यक्तिलाई नजरबन्दमा राख्न सक्ने अधिकार एउटा सामान्य प्र.जि.अ.लाई दिएर सरकारले सार्वजनिक सुरक्षा नियमावली लागु गरेको छ ।

दोस्रो कुरा, यहाँ प्रतिक्रियावादीहरूको गठबन्धन भयो । यो गठबन्धन दीर्घकालीन रूपबाटै क्रान्तिकारी आन्दोलन र नेपाली समाजको आमूल परिवर्तनको विरूद्धमा छ । यो भयो- यो हत्याकाण्डको एउटा पाटो ।

यसको अर्को पाटोमा पहिलो कुरा, अहिले प्रतिक्रियावादी व्यवस्थाको कारणले बढिरहेको संकटलाई समाधान गर्न राजा र सक्रिय राजतन्त्र आवश्यक छ भन्ने प्रचार एकदम गलत हो भन्ने कुरा यो घटनाले प्रष्ट गरेको छ । दोस्रो कुरा, बास्तविक सत्ता कहाँ छ भन्ने कुरा पनि यो काण्डले देखाएको छ । जनताद्वारा निर्वाचित सरकार निरीह, किंकर्तव्यविमुढ र अकर्मण्य बनेको देखियो । सत्ताको केन्द्र भनेको सेना हातमा लिएर बसेको राजा नै हो । र, सत्ताको केन्द्र सिंहदरवार नभएर नारायणहिटी दरवार हो भन्ने कुरा यो घटनाले स्पष्ट देखायो । अहिले सेना कानूनी रूपले सरकारको हातमा छ भनिएता पनि वास्तविक रूपमा राजाको हातमा भएको कुरा प्रष्ट देखिएको छ ।

अझ तेस्रो कुरा, यो घटनाले नेपालमा परंपरागत रूपमा रहिआएको

**यहाँका धेरै वामपन्थी शक्तिहरूले दुई तीनवटा कारणले ठीक भूमिका खेल्न सकेका छैनन्**

राजतन्त्रको औचित्य समाप्त भएको पुष्टि भएको छ र अब देशमा कस्तो शासन व्यवस्था संचालन गर्ने भन्ने कुरा जनता आफैले फैसला गर्नुपर्छ भन्ने नयाँ स्थितिको विकास भएको छ । अहिलेसम्म नेपाली समाजमा राजालाई देशभक्तिको प्रतीकको रूपमा मानेर राजाको आवश्यकता छ भन्ने जनताको एउटा हिस्सा थियो । यो षड्यन्त्रपूर्ण हत्याकाण्ड देखेपछि तुच्छ स्वार्थका लागि विदेशी शक्तिसँग मिलेर हत्याकाण्ड मच्चाउने, षडयन्त्र गर्ने, त्यस्तो गैर-जिम्मेवार राजतन्त्र किन चाहियो हामीलाई भन्ने प्रश्न जनताको दिलदिमागमा उठेको छ । उनीहरू अहिले यो राजालाई मान्न तयार छैनन् । फलस्वरूप अहिलेको जनआस्थाविहीन राजा र उनका उत्तराधिकारी दुवैको, इतिहासमा पृथ्वी नारायण शाहको पालादेखि कायम भएको जरो समाप्त भएको छ ।

अर्को कुरा, दीपेन्द्रले नै हत्या गरेको प्रचार-प्रसार भइरहेको छ, यद्यपि त्यो सत्य होइन । यदि त्यही कुरा नै हो भने पनि आफ्नो परिवारको रगतको होली खेल्ने, नशा सेवन गर्ने, आफ्नो जिम्मेवारीको भूमिका निर्वाह नगर्ने प्रवृत्ति बोकेको राजतन्त्र किन चाहियो ? जनमानसमा यो प्रश्न स्वाभाविक रूपले उठेको छ ।

यसरी अब नेपाल जनगणतन्त्रमा जाने स्थिति आयो भन्ने कुरा नेपाली जनताले व्यवहारबाट बुझ्ने अवसर प्राप्त गरेका छन् ।

❑ यस स्थितिमा राजनैतिक पार्टीहरूको भूमिका के हुन्छ त ?

-पहिलो भूमिका भनेको देशभित्रका र वाहिरका प्रतिक्रियावादीहरूको गठबन्धनबाट राष्ट्रियता र जनअधिकारमाथि पैदा भएको खतराका विरूद्ध एकताबद्ध भएर जुध्नु हो । दोस्रो, विदेशी शक्तिहरूले यहाँका चरम अनुदारवादी र प्रतिगामी तत्वहरूलाई अगाडि सारेर षडयन्त्र गरिरहेको परिप्रेक्ष्यमा उनीहरू दुवैका विरूद्ध संघर्ष गर्नु हो । अहिले राजनैतिक शक्तिहरूले के कुरा बुझ्नु पर्‍यो भने राष्ट्रियताको आन्दोलन र जनतान्त्रिक आन्दोलन एकअर्कोसँग अभिन्न रूपले जोडिएर आएका छन् । त्यसैले यी दुवै आन्दोलनलाई एकाकार गरेर आन्दोलनलाई अगाडि बढाउनु आवश्यक छ । देशभक्त शक्तिहरूले राष्ट्रियताको रक्षा गर्ने हो भने फासीवादविरूद्ध पनि संघर्ष गर्नै पर्ने स्थितिको सृजना भएको छ ।

अर्को कुरा, माथि भनेजस्तै अहिले नेपाल जनगणतन्त्रको दिशातिर गइरहेको छ । त्यसैले अब नेपालमा क्रान्तिकारी शक्तिहरूले सबै देशभक्त र जनवादी शक्तिहरूलाई गोलबन्द गरेर जन गणतन्त्र नेपालको निर्माणको रणनीतिलाई केन्द्रविन्दुमा राख्दै रणनीतिक सहकार्यमा अगाडि बढ्नुपर्दछ र क्रान्तिकारी संघर्षलाई तेज पार्नुपर्दछ ।

अहिले नेपालका वाम शक्तिहरूले देशलाई कता लैजाने भन्नेबारे निर्णायक फैसला गर्नका लागि भूमिका निर्वाह गर्नुपर्ने बेला हो । तर अहिले हाम्रो प्रयत्नका बावजूद यहाँका धेरै वामपन्थी शक्तिहरूले दुई तीनवटा कारणले ठीक भूमिका खेल्न सकेका छैनन् । पहिलो कुरा त, ऐन् मौका आउँदा उनीहरूमा देश र जनताप्रतिको निष्ठा, क्रान्तिप्रतिको निष्ठा र परिवर्तनप्रतिको निष्ठा कमजोर पाइयो, त्यसमा गम्भीरता पाइएन । उनीहरूले कैयौं घटनाहरूलाई विश्लेषण गर्ने र त्यसलाई सही दिशातिर लैजानका लागि शिघ्रतापूर्वक आफ्नो कार्यक्रम, नीति बनाएर जनतालाई सही दिशामा लैजान बेलैमा भूमिका खेल्न सकेनन् । दोस्रो, विचारधारात्मक राजनैतिक कुराहरूमा अन्यौलग्रस्त र अस्पष्ट रहेकाले तीव्र गतिले घटिरहेको घटनामा के गर्ने भन्ने समस्या पार्टीहरूमा रहेको देखियो । यसले गर्दा उनीहरूले राजनैतिक विश्लेषण नै ठीक तरिकाले गर्न सकिरहेका छैनन् । जस्तो संघर्ष गर्नु हुँदैन, किनकि त्यसबाट विदशी शक्ति वा प्रतिगामी शक्तिले फाइदा उठाउँछन्, वामपन्थी शक्तिहरूको दरिलो संयुक्त मोर्चा देखिनुहुन्न किनकि त्यसबाट तर्सेर प्रतिक्रियावादीहरू पनि मोर्चाबन्दी गर्छन् भन्ने जस्ता भ्रान्त धारणाहरू पनि कतिपय वामपन्थी भनिने समूहहरूमै देखिए । तेस्रो, यहाँ देश र जनताको स्वार्थभन्दा गुटगत स्वार्थ हावी भयो । संघर्षहरूलाई अगाडि बढाउँदा कुनै अर्को पार्टीले गरेको विश्लेषण पो पुष्टि हुने हो कि ? वा आफ्नो पार्टीलाईभन्दा अर्को पार्टीलाई पो फाइदा हुने हो कि भन्ने कुरा पार्टीहरूले सोचे ।

यी कारणहरूले गर्दा देश र जनताको पक्षमा वामपन्थी शक्तिहरूले जे-जति गतिविधि तथा काम-कारवाही अगाडि बढाउनु पर्ने हो, त्यो कुरामा समस्या उत्पन्न भएको छ । तर क्रान्तिकारी शक्तिहरूको नयाँ ध्रुवीकरण र एकताको सम्भावना पनि बढ्दै गइरहेको छ । तत्काल देशमा पैदा भएको चुनौतीलाई गम्भीरतापूर्वक मध्यनजर राखेर, प्रतिक्रियावादीहरूको गठबन्धनलाई गम्भीरतापूर्वक लिएर सम्पूर्ण क्रान्तिकारी र वामपन्थी शक्तिहरूको एकतालाई मजबूत गर्नु जरूरी छ । यसको लागि हामी सबै पार्टीहरूसँग विनम्र अनुरोध गर्दछौं । ❑


# हार्दिक श्रद्धाञ्जली



श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव,
श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह,
श्री ५ महाराजधिराज दीपेन्द्र वीर विक्रम शाहदेव,
श्री ५ अधिराजकुमार नीराजन वीर विक्रम शाह,
श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मी देवी राणा

लगायत राजपरिवारका अन्य श्रद्धेय सदस्यहरूको असामयिक स्वर्गारोहणबाट हामी मर्माहत भएका छौं । यस दुःखद् घडीमा स्वर्गीय आत्माको चीरशान्तिका लागि परमेश्वरसँग प्रार्थना गर्नुका साथै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

हिक्मतबहादुर माली

**माली आयल स्टोर,** कालीमाटी, काठमाण्डौ

# जनता सडकमा, पार्टीहरू कोठामा !

- तुल्सीदास महर्जन



*दरवार हत्याकाण्डको विरोधमा हत्यारा पत्ता लगाउने माग गर्दै सडकमा उत्रेका नागरिकमाथि प्रहरी दमन हुँदाको दृश्य*

गत जेठ १९ गतेको नारायणहिटी हत्याकाण्डपछि विशेषतः राजधानी र देशका अन्य विभिन्न शहरहरूमा जनताहरू जुन रूपले सडकमा उत्रे, त्यसले नेपाली जनताको जागरूकताको एउटा स्तरलाई स्पष्ट झल्काएको छ । यसले नेपाली जनता मूर्ख र कायर छन् भनी उनीहरूलाई न्यून रूपमा आंकलन गर्ने स्वदेशी तथा विदेशी प्रतिक्रियावादीहरूलाई चुनौतीको राम्रो सन्देश दिएको छ ।

बहुदल आएपछिको बाह्र वर्षमा राज्यसत्तामा सापेक्ष रूपमा उदार भूमिका खेलेर हिजो गुमेको जनविश्वास केही हदसम्म पुनः प्राप्त गर्न सफल भएका राजा वीरेन्द्रको वंशै सखाप हुनेगरी भएको दरबार हत्याकाण्डलाई कसैले पनि सहज रूपमा लिन सकेनन् । त्यसैले, गृहमन्त्री रामचन्द्र पौडेलको हवाला दिंदै हत्याकाण्डको भोलिपल्ट बिहानैदेखि विदेशी संचार माध्यमहरूले दिन थालेको सूचनाको आधारमा राजदरबार हत्याकाण्डको जिम्मेबार ब्यक्ति तत्कालीन युवराज दीपेन्द्र (जो आफै पनि शिकार भए) नै हुन् भनेर नेपाली जनता मान्न तयार भएनन् । त्यस्तैगरी नवघोषित राज्यसहायकबाट व्यक्त 'स्वचालित बन्दूक पड्कन गई हुनगएको दुर्घटना' भन्ने विचारप्रति नेपाली जनता असहमत मात्र होइन, निकै धेरै आक्रोशित पनि भए । परिणामस्वरूप उनीहरू लाखौंको संख्यामा हत्याकाण्डको बिरोधमा सडकमा उत्रे ।

राजदरवार हत्याकाण्ड हुनु तीन दिनअगाडि मात्र नेपाली जनताले ६ वामको आह्वानमा भएको तीन दिने देशव्यापी आमहड्तालको अप्ठ्यारोलाई झेलेका थिए । राज्यआतंक र चरम भ्रष्टाचारमा चुर्लुम्म डुबेको प्र.म. गिरिजाप्रसाद कोइरालाको शासनबाट जनतालाई मुक्त गराउन गरिएको आमहड्ताललाई जनताले मुश्किलले स्वीकारेको देखिन्छ । त्यतिखेर उनीहरूको मानसिकतामा द्वैधता रहेको देखिन्छ : जनता गिरिजाको शासनबाट छुटकारा पाउन पनि चाहन्छन्, तर उनीहरू प्रतिपक्षीहरूको क्रियाकलापमा पनि सन्तुष्ट हुनसकेका छैनन् ।

समग्रमा सरकार र प्रतिपक्षीहरूको भूमिकाबाट जनता अन्यौलग्रस्त र निराशाको स्थितिमा थिए । गिरिजाको भ्रष्टाचारविरोधी आन्दोलनले थोरै आशा जगाउन शुरू गरेको समय थियो ।

ठीक त्यही बेला अप्रत्याशित र अकल्पनीय रूपले भएको राजदरवार हत्याकाण्डबाट नेपाली जनतामा साँच्चै ठूलो मानसिक चोट पुग्यो । हत्याकाण्डको भोलिपल्ट जेठ २० गते नै कुनै पोष्टमार्टम वा लाश जाँचसमेत पनि नगराई हतार-हतार राजा, रानी तथा अन्य सबै मारिएका राजपरिवारका सदस्यहरूको दाहसंस्कार गरियो । एकजना सामान्य नागरिक मारिंदा पनि लाश मुचुल्का उठाउने, घटनास्थलको अवस्थाको पूर्ण अभिलेख तयार गर्ने, प्रयोग भएका हतियारमा हुने औंठा छाप लिने र पोष्टमार्टम गराउनेजस्ता प्रक्रियाहरू पूरा भइसकेपछि मात्र दाहसंस्कार गर्न दिइन्छ । तर यहाँ त राष्ट्रको प्रमुख ब्यक्ति मारिंदा पनि केही पनि गरिएन । हतार-हतार आर्यघाटमा लगी दाहसंस्कार गर्ने काम गरियो । यस्तो अचाक्ली हतारो किन गरियो ? आम जनतामा ठूलो आशंका पैदा भयो ।

कुनै छानवीन बिना नै गृहमन्त्रीले हत्याकाण्ड युवराजाधिराजले गराएको भनी बिदेशी संचार माध्यमहरूमा किन भने ? त्यही कुरा स्वदेशमा चाहिं किन भनिएन ? नवघोषित राज्यसहायकले 'स्वचालित बन्दूक पड्कन गई हत्याकाण्ड घट्न गयो' भनेर हचुवा रूपले किन बोले ? कहीं यस काण्डभित्र कुनै गम्भीर षडयन्त्र त लुकेको छैन ? -जेठ २० गतेको बिहानदेखि नै मानिसहरूको मन-मस्तिष्कमा यस्ता शंका उपशंकाहरू जन्मन थाले । तर जनताको मनमा उठेका शंका-उपशंकाहरूलाई निवारण गर्ने काम न सरकारले गर्‍यो, न दरवारले नै । सरकार तथा पार्टीहरू सबै नै मौन रहिरहे । २० गते दिउँसो श्री ५ दीपेन्द्रलाई राजा घोषित गर्नुअघिको स्थिति पार्टीहरूको लागि पनि वास्तवमा अन्यौलपूर्ण नै रह्यो । राजा समेतलाई मारेर कतै यसले अर्को 'महा सत्रसाल' त फर्काउँदै छैन ? भन्ने त्रास पनि उनीहरूमा देखियो । धेरै नेताहरू त फेरि भूमिगत पो हुनुपर्ने हो कि भन्ने सन्त्रासमा पनि डुबे । जनतामा पनि यो खालको स्थिति देशमा आउन आँट्यो कि भन्ने त्रास पैदा भयो ।

२० गते र २१ गते जनता दरवार, सरकार र पार्टीहरूको मुख हेरेर स्तब्ध भएर बस्यो । चोक चोकमा जम्मा भएर कुराकानी गर्ने र आश्चर्य र दुःख व्यक्त गर्ने काम

> केही बुद्धिजीवीहरूले 'ऋत्विक रोशन काण्ड'को बेलाको जस्तो हल्लैहल्लाको भीड मानेर तिनको अबमूल्यन पनि गरेका छन् । तर वास्तवमा त्यो दिनको जनसमूदाय हल्लैहल्लाको लहडी मुडमा सडकमा ओर्लेको थिएन ।

उनीहरूले गरे । काठमाण्डौ राजदरवार अगाडि मानिसहरू जम्मा भए । प्रहरीले बेला बेलामा उनीहरूलाई परसम्म धकेल्ने काम गर्‍यो ।

यसैबीच गोलीकाण्डमा गम्भीर घाइते भई सैनिक अस्पतालको सघन उपचार कक्षमा राखिएका नवघोषित राजा दीपेन्द्रको पनि जेठ २२ गते बिहान ३:४५ बजे मृत्यु भएको घोषणा भयो । र, राज्यसहायक श्री ५ ज्ञानेन्द्रलाई नयाँ राजा घोषित गरियो ।

श्री ५ ज्ञानेन्द्र राजा बन्नुको अर्थ शाहज्यादा पारस शाह युवराजधिराज बन्ने सम्भावना हुनु हो । पारस शाह तिनै ब्यक्ति हुन्, जसले विगतको समयमा संगीतकार प्रबीण गुरूङ्गलगायत कैयौं ब्यक्तिको ज्यान लिएका थिए । त्यसैले कतै तिनै पारस त युवराज हुने होइनन् भनेर जनता ज्यादै सशंकित भए ।

राजा दीपेन्द्रको मृत्यु र श्री ५ ज्ञानेन्द्रको राज्यारोहणको खबर सँगसँगै जनताको शंका उपशंका तीव्र रूपले बढ्न थाल्यो । त्यसैले, उनीहरू दरवार हत्याकाण्डको सत्यतथ्य बाहिर ल्याइयोस् भनेर सडकमा ओर्ले ।

जेठ २२ गते बिहानैदेखि काठमाण्डौका सडकहरूमा हज्जारौंको संख्यामा मानिसहरू स्वतःस्फूर्त रूपमा ओर्लन थाले र राज दरवार हत्याकाण्डको सत्यतथ्य बाहिर ल्याउन दर्वार र सरकारसँग माग गरी नारा लगाउन थाले ।

दरवार हत्याकाण्डबाट स्तब्ध भई ब्यापारीहरूले जेठ २० गतेदेखि नै आ-आफ्ना पसलहरू बन्द गर्दै आइरहेका थिए । यही क्रममा अत्यधिक पसलहरू बन्द रहेको स्थितिमा जेठ २२ गतेको बिहानैदेखि स्वतःस्फूर्त रूपमा दरवार हत्याकाण्डका बिरूद्ध नाराबाजी-सहितको मोटरसाइकल र मोटरको र्‍याली निस्क्यो । त्यो र्‍यालीले बानेश्वर, पुतलीसडक, बागबजार, न्यूरोडलगायत राजधानीका मुख्य मुख्य सडकहरूको परिक्रमा गर्‍यो । त्यसले चाँडै नै ठूलो संख्यामा जनतालाई सडकमा ओर्लन प्रेरित गर्‍यो ।

> सडकका जनता के चाहन्थे भने
> राजा वीरेन्द्रलगायत २० गते दाहसंस्कार गरिएका
> कसैको पनि पोष्टमार्टम नगरिए पनि कमसेकम
> अब राजा दीपेन्द्रको पोष्टमार्टम गरियोस्

जेठ २२ गतेको मध्यान्ह १२ बजेसम्ममा काठमाण्डौका सडकहरूमा लाखौंको संख्यामा जनताहरू ओर्लिसकेका थिए । राजा दीपेन्द्रको लाश राखिएको छाउनीस्थित सैनिक अस्पताल नजिक पनि हज्जारौं मानिसहरू बिहानै पुगेका थिए । सडकका जनता के चाहन्थे भने राजा वीरेन्द्रलगायत २० गते दाहसंस्कार गरिएका कसैको पनि पोष्टमार्टम नगरिए पनि कमसेकम अब राजा दीपेन्द्रको पोष्टमार्टम गरियोस् । तर पोष्टमार्टम गर्न डाकिएका टिचिङ अस्पतालका डाक्टरहरूलाई 'माथिको आदेश'बाट पोष्टमार्टम गर्न दिइएन भन्ने कुरा बाहिर सुन्नमा आयो । त्यसैले, जसरी पनि राजा दीपेन्द्रको पोष्टमार्टम गर्न लगाउनको निम्ति लाखौंको संख्यामा जनताहरू काठमाण्डौका सडकहरूमा ओर्ले । बिडम्बना के भयो भने प्रजातन्त्र र नेपालको राष्ट्रियतासमेत खतरामा जान सक्ने किसिमको दरवारभित्रको षडयन्त्रात्मक हत्याकाण्डका बिरूद्ध स्वतःस्फूर्त रूपमा लाखौं संख्यामा जनताहरू सडकमा ओर्लिसकेपछि पनि राजनीतिक पार्टीहरूको भने सडकमा नाक मुख देखिएन । कस्तो अचम्म ! जसलाई लिएर क्रान्ति गर्ने भनिएको हो, तिनीहरू जम्मै सडकमा र जसले तिनीहरूको नेतृत्व गर्ने भनिएको हो, तिनीहरू कोठामा । अर्थात् जनता सडकमा, पार्टीहरू कोठामा !

हत्याकाण्डको विरोधमा सडकमा नारा लगाउँदै आक्रोशित भीड



समाजवादी आन्दोलन, नेपाल, माले समर्थित अखिल, एकताकेन्द्र समर्थित अखिल, , र अखिल (क्रान्तिकारी) जस्ता विद्यार्थी संगठनहरू भने सडकमा उत्रेर आक्रोशित जनतालाई नेतृत्व दिने प्रयत्न गरे । तर चिनिएका स्थापित पार्टी नेता नहुँदा उनीहरूलाई भीडलाई नेतृत्व गर्न गाह्रो पर्‍यो । परन्तु ठूला स्थापित पार्टीहरू चाहिं बैठकै बैठक मात्र गर्दै कोठाभित्रै रहीरहे ।

त्यसदिन सडकमा उत्रेको जनतालाई केही बुद्धिजीवीहरूले 'ऋत्विक रोशन काण्ड'को बेलाको जस्तो हाल्लैहल्लाको भीड मानेर तिनको अबमूल्यन पनि गरेका छन् ! तर वास्तवमा त्यो दिनको जनसमुदाय हल्लैहल्लाको लहडी मुडमा सडकमा ओर्लेको थिएन । 'दीपेन्द्रको लाशलाई पोष्टमार्टम नगरी जलाउन नदिने' अठोट त्यसको मूल प्रवृत्ति थियो । नयाँ राजाप्रतिको शंका र संभावित युवराजप्रतिको विरोध पनि यसमा मिसिएको थियो । उग्र दक्षिण वा वाम चिन्तनको उपस्थिति पनि त्यहाँ थियो, तर त्यो त्यसको मूल प्रवृत्ति भने थिएन । सडक नै अँध्यारो हुने गरी पुलिसले अश्रु ग्याँस हानेपछि र अन्धाधुन्ध लाठी हानेपछि घायल हुँदा भने भर्खरैसम्म 'हाम्रो राजा हाम्रो देश प्रणभन्दा प्यारो छ' भन्ने कतिपय युवाहरूले रिसाएर 'लौ त्यसो भए माओवादी जिन्दावाद !' भन्न थालेको दृश्य पनि बागबजार, कमलादी र पुतलीसडकमा देख्न पाइयो । हेर्दा ती युवाहरू शायद जिन्दगीमा पहिलो पल्ट जुलूसमा आएका जस्ता देखिन्थे, नितान्त अराजनीतिक स्वभावका । तिनको आँखामा दुःख र आक्रोशको आँसु छचल्किएको देखिन्थ्यो ।

प्रमुख प्रतिपक्ष र बलियो संगठन भएको नाताले एमालेले आफ्नो संगठन शक्तिमार्फत् आक्रोशित भीडलाई नेतृत्व गरेर श्री ५ दीपेन्द्रको पोस्टमार्टमको निम्ति सडकबाट सशक्त जनदवाव सृजना गर्नुपर्थ्यो र गर्न सक्थ्यो । अरू सारा वामपन्थी पार्टीहरू र राजा वीरेन्द्रका भक्त रहँदै आएका राप्रपाजस्ता शक्तिहरूलाई पनि यो प्रयत्नमा एकताबद्ध गर्न सक्थ्यो । तर एमाले यस्तो निर्णायक घडीमा अकर्मण्य रह्यो । अरूको पनि लगभग त्यस्तै स्थिति रह्यो ।

एमालेले सारा विपक्षीहरूको भेला बोलाएर उनीहरूलाई एक गठ गर्दै - हत्याकाण्डका जीवित बचेका साक्षी, वारदातको थलो र अन्य दसी प्रमाणहरूलाई जोगाउनु पर्छ, पारदर्शी पारिनु पर्छ, पार्टी प्रतिनिधिहरू र संचारमाध्यम प्रतिनिधिहरूलाई तिनीहरूसमक्ष जाने स्थिति मिलाउनु पर्छ भनेर सरकार र दरवारसमक्ष जोडदार संघर्ष गर्नु पर्थ्यो र गर्न सक्थ्यो । त्यसो गरिएको भए राजदरवार हत्याकाण्डबारे धेरै तथ्य पत्तो लाग्ने संभावना हुन्थ्यो । जन-आक्रोश शान्त, तर संगठित र उद्देश्यमूलक पनि बन्थ्यो । तर एमालेले त्यस्तो कुनै काम गरेन । सडक बिल्कुलै नेतृत्वशून्य रह्यो । एकताकेन्द्रको नेतृत्वले यस दिशामा प्रयत्न गरेको पाइयो । तर उनीहरूको सामयिक पहलको महत्वलाई अरूले बुझ्न सकेनन् ।

आखिर सडकमा ओर्लेका आक्रोशित तर संगठित जनतालाई रोक्न सरकारले जेठ २२ गते दिउँसो ४ बजेदेखि कर्फ्यू लगायो । र, कर्फ्यूको समयमा नै सेनाको घेराभित्र राखी विना जनसमुदाय राजा दीपेन्द्रको शवयात्रा गरियो । श्रद्धाञ्जली ब्यक्त गर्न चाहने सर्वसाधारण एकजना नेपालीले पनि शवयात्रामा भाग लिन पाएन । राजा दीपेन्द्रको शवको पोष्टमार्टम गरिनुपर्छ भन्ने आमजनताको मागलाई सरकार र दरवारले प्रहरी र सेनाको बलमा जबरजस्ती दबायो ।

पोष्टमार्टमदेखि सरकार र दरबार किन यति ज्यादा डराए ? किन कर्फ्यूभित्रबाट नै हतार हतार राजाजस्तो मान्छेको शवयात्रा गरियो ? यी प्रश्नहरूले आम नेपाली जनतालाई ज्यादै नै चिमोटे । त्यसैले, जेठ २२ गते सरकारले कर्फ्यू जारी गरे पनि ठाउँ ठाउँमा जनताले कर्फ्यू तोडेर जुलूस प्रदर्शन गर्‍यो । जुलूसमाथि सशस्त्र प्रहरीले अन्धाधुन्ध गोली चलाउँदा १२ जना घाइते भए, ४ जना मारिए । दर्जनौं घाइते भए र सयौं गिरफ्तार भए । सरकारले जेठ २३ र २४ गते पनि आंशिक समयका लागि कर्फ्यू जारी गर्‍यो ।

जेठ २२ गते कर्फ्यू लगाएर राजा दीपेन्द्रको शवयात्रा गरिनुअघि नयाँ राजा श्री ५ ज्ञानेन्द्रको राज्यारोहण गरियो । राज्यारोहणपछि हनुमानढोकाबाट नारायणहिटी दरवारसम्म बग्गीमा चढेर आउँदा दरवारको नयाँ नेतृत्वका बिरूद्ध चारैतर्फ नारा-जुलूस भइरह्यो ।

आक्रोशित भीडले ढुंगाले हान्ला भनेर प्रधानमन्त्रीलाई नयाँ राजाको बग्गीमा समेत राखिएन ❑



# नारायणहिटी हत्याकाण्डपछिको समयमा देखिएको 'संचार'को अनुहार

- हरिगोविन्द लुइँटेल -

**टि. भि. र रेडियोले 'मजबूरी'का कारण खास खास कुराहरू दिन नसकेको बाहेक पनि थुप्रै कुरामा 'पंचायती' व्यवहारहरू गरे**

## रेडियो-टि.भि.

❑ हरेक वर्ष विजया दशमीको दिन दरवारमा हुने नियमित दशैं-टिकाजस्तो सामान्य घटनालाई समेत तेह्र-चौध मिनेटसम्म बेलुकीको समाचार वुलेटिनमा पट्यारलाग्दो तरीकाले दिइरहने, देखाइरहने नेपाल टेलिभिजनले आफूलाई 'दरवार टेलिभिजन'को स्तरमा झार्दै आएको हो । पंचायतकालमा त्यहाँ घुसेका कतिपय 'मण्डले' हर्ताकर्ताहरूले जनस्तरका 'हात्ती' जत्रा ठूलो महत्वका समाचारलाई समेत दबाएर दरवारका 'मुसा' जत्रा महत्वहीन समाचारहरू भने बेस्सरी 'हाइलाइट' गर्ने गर्थे, गर्दैआएका छन् ।

यो इतिहासका भुक्तभोगी नेपाली जनताले गत जेठ १९ गतेको नारायणहिटी हत्याकाण्डपछि यो 'दरवार टेलिभिजन'बाट स्वभावतः केही विशेष आशा गरेका थिए । किनभने यतिखेर दरवारमा मुसाजत्रो हैन, हात्तीजत्रो पनि हैन, विशाल पहाडजत्रो घटना घटित भएको थियो ।

हत्याकाण्डको तुरून्त खबर त न यसले दिन सक्यो, न रेडियो नेपालले नै दिन सक्यो । आधिकारिक स्रोतबाट खबर नआई दिन नसकेको 'मजबूरी' उनीहरूका सामु थियो । तर पछि अस्पतालमा रहेका घाइतेहरूको अवस्थाबारे त उसले समय समयमा श्रव्य-दृश्य समाचार दिन सक्थ्यो, विरामीहरूसँग उनीहरूको स्वास्थ्य स्थितिबारे कुराकानी गरेर देखाउन सक्थ्यो, डाक्टरहरूसँग कुराकानी गरेर दिन सक्थ्यो । यसैगरी, जाँच आयोगले काम सकेर प्रतिवेदन दिइसकेपछि यसले दरवारमा हत्याकाण्ड भएको ठाउँको दृश्य खिचेर ल्याएर दिन सक्थ्यो, जसलाई हेरेर जनताले हत्याकाण्डबारे स्थलगत मूर्त धारणा बनाउन पाउँथ्यो । यति आशा जनताले गरेका थिए । तर यसले यो आशा यसले अलिकति पनि पूरा गरेन ।

टि.भि. र रेडियोले 'मजबूरी'का कारण खास खास कुराहरू दिन नसकेको बाहेक पनि थुप्रै कुरामा 'पंचायती' व्यवहारहरू गरे । अन्यौलको यो स्थितिमा यस्तो देखियो- मानौं, रेडियो नेपाल 'पुरोहित बाजे'हरूलाई जिम्मा लगाइएको थियो । राजारानीको दाहसंस्कारको प्रत्यक्ष-प्रशारण हो कि धार्मिक उपदेशात्मक कार्यक्रम हो, छुट्याउन मुश्किल हुन्थ्यो ।

यी रेडियो र टि.भि. दुवैले निरर्थक च्याईं-च्याईं र भजनकीर्तन एवं रामायण, गरूड-पुराणहरूका बीचबीचमा थुप्रै अन्य कुराहरू दिन नजानेका भने थिएनन् । जस्तो कि बेलाबेलामा केही अपवादबाहेक अधिकांश पंचायत कालदेखिका 'उपदेशक'हरूका अनुहार र स्वरहरूबाट जनतालाई 'धैर्य र संयम'को पाठ पढाउने काम उनीहरूले वाक्कलाग्दो हदसम्मै गरे । तर जनताले सडकमा व्यक्त गरेका दुख र 'पोष्टमार्टम हुनुपर्छ, घटनाको राम्ररी छानवीन हुनुपर्छ' भन्ने खालका आवाजहरूलाई पटक्कै स्थान दिइएन । मानौं, भिन्न मत राख्ने जनता त भेडाहरूको भीड थियो, त्यो त अराजक हल्लाखोर जमात मात्र थियो, त्यसको कुनै अनुभूति थिएन, माग थिएन, अवाज थिएन, त्यो समाचार बन्न लायकै थिएन ।

अरूको पक्षमा लाग्नेहरूको त कुरै छोडौं, राजारानीको पक्षमा लागेर, आँखाभरि आँसु पार्दै, मुडुलो टाउको लिएर हिँडिरहेका युवाहरूलाई कर्फ्यू र जुलूसमा सक्रिय रहेको अरोपमा सयौंको संख्यामा थुनामा राखियो, गोली लागेर ४ जना मरे । ११, ९ र ७ वर्षका निर्दोष बच्चीहरूमाथिसमेत सरकारले काठमाण्डौं, अनामनगरनेर गोली हान्यो, तर ती कहिल्यै समाचार बनेनन्, श्रव्य वा श्रव्य-दृश्यका वस्तु बनेनन् ।

नयाँ राजाका सामु रहेका समस्या र चुनौतिबारे भिन्न मत बोक्ने विचारहरूबीच छलफल, अन्तर्क्रियाहरू गराउने कामहरू भएनन्, कारण त्यो गर्ने समयमा त माथि उल्लिखित 'मण्डले' हर्ताकर्ताहरू नयाँ राजाको चाकरीमा स्तुतिगान तयार गरी त्यसलाई श्रव्य-दृश्यमा ढाल्ने काम पो गरिरहेका थिए त । उनीहरूको प्राथमिकता त त्यतापट्टि पो रहेको छ त !

क्षमताको अभाव छैन रेडियो र टि.भि.मा, अभाव छ- प्रजातान्त्रिक तरीकाले चल्न चाहने प्रवृत्तिको ।

## दरवार

प्रधानमन्त्री समेतलाई दुईघण्टापछि सूचना दिने दरवारिया संयन्त्रले अत्यन्त अप्रत्यासित घटना घटेकोले शुरूको केही घण्टा 'अन्यौल'को दावी गर्नसक्ला, तर घटनाको निश्चित जानकारी आफूले पाएपछि पनि यसले जनतालाई सही सूचना बेलैमा दिनु जरूरी ठानेन । यो समय २०२८ माघमा राजा महेन्द्रको निधन हुँदाको जस्तो पंचायती निरंकुशतन्त्रको समय पनि हैन भन्ने कुरा र यतिखेर चौबीसै घण्टा समाचार दिइरहने, स्वदेशतिर फर्केका



**श्री ५ ज्ञानेन्द्रबाट तात्कालीन राज्य सहायकको हैसियतले २० गते दिइएको वक्तव्यमा हत्याकाण्डको कारण 'स्वचालित हतियार पड्कन गएको' भन्ने आशय जारी गर्नुमा शोक र शंकाको घनत्वपूर्ण चापमा रहेको जनताले 'षड्यन्त्र' को गन्ध मिसिएको आशंका गर्नु स्वाभाविक छ कि छैन ? थियो कि थिएन ?**

शक्तिशाली टि.भि. च्यानलहरू विदेशमा विद्यमान छन् भन्ने कुरा नेपालको दरवारले अनुभूत नै नगरेको पाइयो ।

विदेशी टि.भि.हरूले सनसनीपूर्ण खबरको रूपमा घटनालाई प्रचारमा लगिसकेपछि पनि, दवाव अनुभव गरेरै पनि यसले तत्कालै जनताको खुल्दुली मेट्न धेरैभन्दा धेरै कुराहरू बाहिर ल्याउनु जरूरी थियो । तर नेपालको दरवारले 'संवैधानिक राजतन्त्र' अन्तरगत आधुनिक बन्न रूचाएन, हिजो पंचायती कालकै जस्तो रहस्यमय टापु बन्ने ढिपी र अहंकार यसका संयन्त्रहरूले अंगीकार गरे । माथि रेडियो टेलिभिजनको सन्दर्भमा जुन कुराहरू गरिए तिनमा दरवारिया संचार संयन्त्रको अनुदारताको पनि ठूलो हात रहेको छ । घाइतेहरूको फोटो लिन सरकारी संचारलाई समेत अनुमति नै दिइएन रे ! यसको अर्थ सरकारले फोटो प्रशारण गर्ने झिनो प्रयत्न गर्न खोजेको, तर निर्णायक रूपमा आदेश गर्न चाहिँ नसकेको हो भन्ने लाग्छ भने यसले दरवारी संयन्त्र चाहिँ सरकारको मातहमै नरहेको भन्ने पनि बुझिन्छ । यस्तो किन ? के सार्वभौम जनताले चुनेको सरकारको नियन्त्रण र मातहतमा नरहने छुट नेपालको दरवारलाई अझै छ ? के यो नेपाल २०४६ अघिको नेपाल हो ?

श्री ५ ज्ञानेन्द्रबाट तात्कालीन राज्य सहायकको हैसियतले २० गते दिइएको वक्तव्यमा हत्यकाण्डको कारण 'स्वचालित हतियार पड्कन गएको' भन्ने जुन आशय प्रस्तुत भयो, त्यो आफैंमा गलत रहेछ भन्ने कुरा पछि आएर स्वतः प्रमाणित भयो । यस्तो आशय दरवारले जारी गर्नुमा शोक र शंकाको घनत्वपूर्ण चापमा रहेको जनताले 'षड्यन्त्र' को गन्ध मिसिएको आशंका गर्नु स्वभाविक छ कि छैन ? थियो कि थिएन ?

छाउनी अस्पताल परिसरमा सरकारी टि.भि.लाई समेत छिर्न नदिने दरवारीया संयन्त्रले जेठ २५ गते घटनाका प्रत्यक्षदर्शी शाही नातेदार डा. राजीव शाहीलाई खुला पत्रकार सम्मेलन गर्न लगायो । यो अर्को अनौठो र काइते व्यवहार थियो- यो संयन्त्रको । सेनाको अस्पतालमा सयौं देशी-विदेशी पत्रकारहरूका माझ दरवारका नातेदारले पत्रकार सम्मेलन गरेकोलाई भोलिपल्टदेखि जाँच कार्य शुरू गर्नेवाला उच्चस्तरीय छानवीन अयोगलाई दवाव दिन खोजिएको चालवाजी भनेर बुझ्न सक्ने क्षमता भएका नेपाली जनताहरू पनि यो देशमा धेरै छन् भन्ने कुरा दरवारले नबुझेको देखियो । पछि राजीवले 'अनुमतिबेगर गरेको अनुशासनहीन काम' बताएर उनीमाथि सैनिक नियमअनुसार कारवाही गर्ने हल्का प्रचार गरी दरवारले दुनियाँको आँखामा धुलो छर्न खोजेको हो भन्ने कुरा बुझ्ने जनता पनि यो देशमा धेरै नै पैदा भैसकेका छन् ।

दरवारिया संचार संयन्त्रको जनतालाई मूर्ख ठान्ने यस्तो व्यवहारले जनताको मनमा शंकाको बादल उठाएको छ । यसको व्यवहारले बुझाउँछ, दरवारिया संचार संयन्त्र कुनै अन्योलमा छैन, अतः सोचीसोची तोलीतौली काम गरिहेछ- आफ्नो स्वार्थ हेरेर । जनताले यस्तोसम्म सोच्ने आधार यस कुराले दिन्छ कि दिन्न ? - दरवारले सूचना राम्ररी सम्प्रेषण गरेन, कारण दरवार सूचनालाई कसरी संप्रेषण गर्ने भन्नेमा हैन, कसरी लुकाउने भन्नेमा चिन्तित र सक्रिय थियो ।

## सरकार

सरकारी संचारयन्त्र र दरवारिया संचार यन्त्र दुवैलाई छुट्टाछुट्टै व्याख्या नगरी यी दुवैलाई पनि सरकारको समग्र व्यवहारभित्रकै अंगहरूको रूपमा लिन पनि सकिन्छ । यसरी नलिंदा चाहिँ सरकार फेरि पनि दरवारिया संयन्त्रका अगाडि निरिहसमेत देखिन्छ भने, यसरी नै लिने भए समग्रमा सरकार रूढीवादी तानाशाही संस्कारमा चुर्लम्म डुबेको कुनै 'सुस्त मनस्थितिको बालक' ठहरिन्छ । तर जब 'कान्तिपुर' पत्रिकामाथि यो जाइलाग्छ र दरवार काण्डका कारण संसारभरिको ध्यान नेपालतिर तानिएको बेला आफ्नो कुरूप तानाशाही अनुहार संसारलाई देखाउन पनि लाज-घिन मान्दैन, तब भने यसलाई 'सुस्त मनस्थितिको बालक' नभन्नु पर्ने हुन्छ । यसबाट सरकार पनि सचेत ढंगमै आफ्नो योजनाअनुसार नै आफ्नो संचार-नीति लागु गरिहेको मान्नु पर्ने हुन्छ हामीले ।

त्यसैले, संकोच नमानीकन स्वीकार्नु पर्ने कुरा के हो भने, देशको बाह्य सुरक्षा व्यवस्था बलियो पार्न जरूरी दुईचार घण्टाबाहेक यसरी सोह्र सोह्र घण्टासम्म जनताबाट राजारानीको हत्या भएको खबर लुकाएर तड्पाउने काम जुन गरियो, त्यो गिरिजा सरकारको तानाशाही संस्कार र नालायकीको परिणति हो । राजा महेन्द्रको निधन हुँदासमेत रेडियोले 'केही समयपछि महत्वपूर्ण घोषणा हुनेछ' भनी च्याई-च्याईंको बीचमा समय समयमा भनेको थियो । त्यत्ति पनि यो सरकारले गरेन । आजको 'प्रजातन्त्र'मा माथि उल्लिखित न्यूनतम जरूरी सुरक्षात्मक दुई-चार घण्टापछि सही समाचार जारी गर्ने वा संचार माध्यमलाई समाचार दिन अनुमति दिने काम गर्नु किन नहुने ? 'राज्य सहायक तोक्ने वा राज्यारोहण गर्ने काम हुँदैछ' भन्ने समाचार जनताले सुन्नै नमिल्ने समाचार हो ? के ती कामहरू 'संपन्न भैसकेपछि मात्रै सुन्नु पर्ने विषय' नै हो ?

१९ गते राती ९:१५ को हत्याकाण्डपछिको १६ घण्टापछि २० गते दिउँसो १:१५ मा सरकारले दिएको समाचारमा हत्याकाण्डलाई 'निधन' र 'स्वार्गारोहण' मात्र भनियो । के कारणले राजारानी मारिए ? जनतालाई गुमराह नै पारियो । साँझ श्री ५ ज्ञानेन्द्रको वक्तव्यले 'स्वचालित' भनिएको बन्दूक पड्केको भनी बन्दुकको सम्म कुरा गर्‍यो र मर्नेहरू ८ जनाको नाम दियो । घाइतेहरूको को को थिए त ? -२१ गतेसम्म पनि उनीहरूको नाम दिइएन ।

निजी क्षेत्रका केही नेपाली अखवारहरूले अखवार पुग्ने ठाउँहरूका निम्ति 'केही राहत' को काम गरे । तर काठाण्डौका गैर सरकारी एफ.एम. रेडियोहरू पनि सरकारको टेलिफोन-धम्कीका शिकार बन्न बाध्य भएर फगत 'पंचायती ट्वांग्रो' बन्न पुगे । यत्ति मात्र हैन, शहरबजारमा स्याटेलाइट च्यानलहरू घरघरै पुर्‍याइरहेका केवल नेटवर्कहरू पनि सरकारी धम्कीका शिकार भए । कहीं जी.टि.भि.को लाइन काटियो, कहीं वि.वि.सी., सि.एन.एन.को, कहीं सबैको । मानौं, यो राणा शासन हो- यहाँ 'मौसूफ श्री ३' हरूको इच्छाअनुसार मात्र रैती दुनियाँले चल्नुपर्छ, कुन च्यानल हेर्न हुने, कुन नहुने ? - त्यो कुरासम्म पनि सरकारको सनक र रूढीअनुसार हुनुपर्छ ।

अनि यसरी सूचनाका सबै स्रोतहरू बन्द गरेर सरकारले माग राख्यो- अब जनताले धैर्य र संयम अपनाउनु पर्छ ।

यतिसम्म नकचरोपना २०४६ पछिको सरकारले देखाउला भनेर शायद कसैले पनि सोचका थिएनन् ।

त्यतिखेर सरकारले जनताबाट निम्नबमोजिम अपेक्षा गर्‍यो ।

- रेडियो टिं.भि.मा च्याईं-च्याईं सुन्नू ।
- रामायण र गरूड-पुराण सुन्नू ।
- पंडित बाजेहरूले प्रसंग-बेप्रसंग फलाकेका प्रवचनहरू, उपदेशहरू सुन्नू र शिर निहुर्‍याएर बस्नू ।

-बीच बीचमा पंचायती कालमा 'बृद्ध मण्डलेहरू'का स्याल हुँइयाहरू बेला बेलामा दिइने गरेजस्तै गरी दिइएका, सरकार र दरवारका नालायकी छोपछाप पार्ने खालका उपदेशहरू सुन्नू । अनि धैर्य र संयम गरेर बस्नू ।


-कपाल काट्नू र कपाल काटेकालाई सरकारले छानीछानी थुन्न लगेको पनि चुपचाप हेरिरहनू ।

-सडकमा नहिड्नू, नबोल्नू, अनुमान नगर्नू, तर्क नगर्नू । तर्क र अनुमानहरू सब हल्ला हुन् ।

-सरकार र दरवारले लाशको पोष्टमार्टम गर्दैन । पोष्टमार्टम गर् भनेर नहिंड्नू, जुलूस-नारा नगर्नू ।

-दुई घण्टाको तयारी समय पनि नदिएर लगाइएको कर्फ्यूको स्वागत गर्नू । नृशंस तरीकाले पंचायती ढंगमा पुलीसले हानेको गोली खानू, बच्चाहरूले पनि गोली खानू ।

-छानवीन अयोग गठन गर् नभन्नू । गठन भैसकेपछि त्यो अयोगले यी यी कुरामा ध्यान



*हत्याकाण्डका शिकार बनेको राजपरिवारका शवहरू तथा घाइतेहरू राखिएको सैनिक अस्पताल, छाउनीमा नाकाबन्दी गर्दै सैनिकहरू*

देओस् नभन्नू । आयोगले दिएको निचोड रहितको प्रतिवेदन चुपचाप स्वीकार गर्नू । त्यसमा प्रश्न नउठाउनू ।

- विदेशी टि.भि.हरूलाई भ्रत्याउनू, राजीव शाहीलाई पत्याउनू (यद्यपि राजीव शाहीको विरोध गरेको नाटक भने गरिनेछ) ।

-भिन्न तर्क, तथ्यतिर संकेत नगर्नू । विश्लेषण नगर्नू ।

-देश विकासतिर लाग्नू । शान्ति, अहिंसा, गौतम बुद्ध..... आदि आदि !

# निजी क्षेत्रको संचार

दरवार हत्याकाण्डका बेला नेपाली निजी संचार क्षेत्रले दरवार र सरकारद्वारा वास्तवमा सूचना जाम गरिंदा त्यसलाई फुकाउन संगठित प्रयत्न गर्नमा पर्याप्त जागरूकता देखाउन नसकेको बाहेक अरू पक्षमा त यो क्षेत्र सरकारी तानाशाहीको शिकारै बन्न पुगेको हो । सूचना जामका विरूद्ध छुट्टाछुट्टै पहलहरू भए, तर दरवार र संचारको सूचना संयन्त्रको मूल थलोमा सामूहिक दबाव र विरोध त्यो हतारो र अन्यौलको स्थितिमै पनि हुनु सम्भव र जरूरी थियो । लाइसेन्स नवीकरण नगरिदिएर सरकारले दिक्क पारेका एफ.एम. रेडियोहरू पनि सरकारसँग ज्यादा 'बाध्य' भए, तत्काल सामूहिक संघर्ष उनीहरूबाट पनि भएन ।

एउटा प्रजातान्त्रिक भनिने सरकारले संचारलाई प्रजातान्त्रिक बनाउनमा जरूरी सबै कुरामा पहल लिनुपर्ने जुन मान्यता हामीमा थियो, त्यो मान्यताप्रति ठूलो आघात पुऱ्याउने काम सरकारले नै गरेपछि, सूचना जाम हुन नदिने भूमिका खेल्नुपर्ने सरकार स्वयं सूचना दबाउनतिर लागेपछि, विदेशी संचारसँग बोल्ने गृहमन्त्रीले, स्वदेशी सबै संचारप्रति 'नबोल्न धम्की' दिन थालेपछि, निजी संचार असक्षम भयो भनी टिप्पणी गर्नुको कुनै अर्थ देखिन्न । निजी क्षेत्रका संचार साधनहरूले यो विषेश बेलामा आफ्नो जिम्मेवारी र दायित्व निर्वाह गर्न नसकेको निरपेक्ष आरोप लगाउनेहरू पनि यतिखेर केही देखिएका छन् । वास्तवमा यस्तो आरोप लगाउनु भनेको खुट्टामा नेल ठोकिएको कैदीले जेल सरूवा हुँदाको बाटोमा राम्ररी हिड्नै नसकेको अरोप लगाउने र पछाडिबाट उसलाई लात्ताले हान्ने पंचायती प्रवृत्तिको 'प्रहरी हवल्दार' हुनुसरह हो ।


कतिपय निजी अखबारहरूले २२ गतेपछि केही दिन दरबार काण्डकाबारे अपुष्ट समाचारहरू दिने काम गरे । जव सरकार आफ्नो सूचना स्रोतले विदेशीहरूलाई मात्र पोस्न थाल्छ, तब स्वदेशीहरूले आ-आफ्ना जो भएका सूचना स्रोतहरूको भर पर्नथाल्नु विल्कूलै स्वाभाविक छ । ती आ-आफ्ना स्रोतहरू भनेका विभिन्न हल्ला वा अड्कलका मुहानहरू हुनसक्नु पनि विल्कूलै स्वाभाविक थियो । जव जनताहरू 'जोखाना हेरेर' देशको खवर अड्कल गर्न बाध्य हुन्छन्, तब देश 'हल्लै हल्लाको देश' बन्न पुग्छ नै ।

स्मरणीय छ, यो देश आफैं 'हल्लै हल्लाको देश' बनेको हैन, सामन्ती शासकहरूद्वारा बनाइएको हो ।

अहो ! आजको जमानामा त यहाँका शासकहरू बिरालाले बिष्टा लुकाएभैँ सूचना लुकाउने काम गरिरहेछन् भने, हिजो डेढ दुईसय वर्षअघि दरवारमा राजा रणबहादुर शाह मारिंदा, प्रधानमन्त्री माथवरसिंह थापा मारिँदा वा श्री ३ रणोद्दीप सिंह मारिंदा तात्कालीन शासकहरूले कति लुकाए होलान्, कति विकृत पारे होलान् सूचनालाई ? अनि त्यतिखेर यो देश कत्ति धेरै 'हल्लै हल्लाको देश' भयो होला ? -अहिले अनुमान गर्न पनि गाह्रो पर्छ

१९ गतेको घटना र त्यसपछि सरकारले निजी प्रेसलाई गरूडले सर्पलाई गाँज्न खोजेभैं गऱ्यो, "जिम्मेवार बन्न" संचारमन्त्रीले दिउसो भाषण गर्ने अनि साँझ *कान्तिपुर*का सम्पादक समेत व्यवस्थापकहरूलाई गिरफ्तार गर्ने काम गरी आतंकको वातावरण सृजना गर्ने काम यसले गरेको स्थितिमा 'व्यवसायिक' भनिने दैनिक पत्रिकामध्ये एउटाले त शायद व्यवसायिक प्रतिस्पर्धाकै कारणले गर्दा होला 'कान्तिपुर'लाई 'खुच्चिङ्ग' नै नभने पनि सरकारको बोलीमै लोली मिलाउन पुगेको पनि पाइयो । त्यसो त केही 'नवमण्डले' पत्रकारहरूले 'थुन्नै पर्थ्यो', 'पक्रनै पर्थ्यो'को आशयमा रेडियोबाट स्याल हुईयाँ जारी गर्न पनि लाज मानेनन् । तर निजी क्षेत्रकै अस्वस्थ प्रतिस्पर्धा र व्यक्तिगत स्वार्थले जन्माएको यो विकृति निजी क्षेत्रको आम प्रवृत्ति भने भएन, यो अपवादको रूपमा मात्र देखापऱ्यो । सरकारी दमनको प्रतिकारमा मूलतः संपूर्ण निजी क्षेत्र सडकमा उत्र्यो । निजी क्षेत्रको यो 'पेशागत ऐक्यबद्धता' अभिव्यक्ति स्वतन्त्रताप्रतिको बढ्दो जागरूकताको समेत परिचायक हो ।

केही ढोंगी प्राज्ञहरूले जति नै ढोंग गरेर नकारेता पनि के कुरा साँचो हो भने, अन्ततः संचार जगत पनि समाजका शोषक र शोषित गरी दुई वर्गकै वर्गस्वार्थहरूमा बाँडिएको हुन्छ । सामान्य मौसममा यी दुवै वर्गका पक्षधर पत्रकारिताले एकअर्काका कतिपय चरित्र र अन्तरवस्तु अँगाल्ने पनि गर्छन्, एकले अर्कोलाई प्रभावित पार्ने प्रयत्न पनि यिनीहरूबीच रहने गर्छ । तर जब मौसम असामान्य भइदिन्छ, जब आधारभूत वर्गस्वार्थको प्रत्यक्ष टक्करको समय आउँछ, तब "भेडा भेडासँग, बाख्रा बाख्रासँग' भैहाल्छ । यसपटक पनि यस्तो भएको छ । यथास्थितिवादीहरू दीपेन्द्र नै हत्यारा हो भन्ने कुरालाई अपुष्टनै भए पनि हतार हतारमा स्थापित गर्ने धूनमा लागेका र अब पुराना कुरा छोडौं, देशको नयाँ स्थिति राम्रो बनाउन थालौं भन्ने सन्देश दिनमा तल्लीन रहेका छन् भने यथास्थितिवादविरोधीहरू चाहिँ वस्तु के छ, त्यसैबाट धारणा बनाउने सन्तुलित बाटोमा हिंड्न खोजिरहेछन् । तर यसै प्रवृत्तिभित्रका केही संचारकर्मीहरूमा भने मनोगतवादी निष्कर्षको पछि लागी आफ्नो राजनीतिक रूचीको पक्षमा घटनालाई जबरजस्ती ब्याख्या गर्ने कोशिस पनि गरिरहेका छन् । यो उनीहरूको कमजोरी हो ।



कान्तिपुरका सम्पादक युवराज घिमिरे

हो, निजी क्षेत्रमा पछि केही कमजोरी देखिएको छ । दरवार हत्याकाण्डसम्बन्धी जाँच आयोगको रिपोर्ट बाहिर आएपछि त्यो रिपोर्टलाई प्रस्तुत गर्न र राजा वीरेन्द्रहरूप्रति श्रद्धा जाहेर गरी नयाँ राजा श्री ५ ज्ञानेन्द्रको प्रशंसा गरेर विज्ञापन र ग्राहक बटुल्न यी संचार माध्यमहरूको जति धेरै रूची देखियो, त्यति रूची यो हत्याकाण्डलाई, रिपोर्टकै आधारमा पनि, तार्किक रूपले विश्लेषण गर्नमा देखिएन । 'शहीदभन्दा पनि महान थिए राजा वीरेन्द्र'जस्तो लाग्ने गरी प्रशंसाको पूल बाँध्नमा रूची, तर त्यस्तो 'महान' राजाको हत्याकाण्डको यथार्थ पत्ता लगाउनमा भने अरूची !

अन्ततः यो पनि कसको वर्ग पक्षधरता कता ? भन्ने कुरासँगै जोडिन्छ । ❑

प्रेस स्वतन्त्रतासँग जोडिएको प्रसंग



लेखक

# यो निरंकुशतातिरको फड्को हो ?

- युवराज घिमिरे -

कान्तिपुर प्रकाशनलाई गिरिजाप्रसाद कोइराला सरकारले आफ्नो तारो बनाएको छ । भूमिगत माओवादीका नेता डा. बाबुराम भट्टराईको एउटा लेख छापेबापत प्रकाशनका अध्यक्षलगायत चारजना 'राज्यबिरुद्ध'को अपराधमा अभियुक्त बन्न पुगेका छन् । भट्टराईको लेख *कान्तिपुर*को दृष्टिकोण पेजमा छापिएपछि सरकारले त्यसलाई *कान्तिपुर*कै विचारका रुपमा प्रस्तुत गर्ने दुस्प्रचार पनि गरेको छ ।

हनुमानढोकामा ९ दिन हिरासतमा बस्दा मैले पहिलेदेखि नै पढ्न चाहेको तर पढ्न नभ्याएको एउटा पुस्तक अध्ययन गर्ने मौका पाएँ । त्यो किताव थियो : इतिहास शिरोमणि बाबुराम आचार्यद्वारा लिखित 'फेरि यस्तो कहिल्यै नहोस् !' किताबमा पृथ्वीनारायण शाहपछि दरबारमा घटित अनेक षड्यन्त्र र हिंसाका घटनाबारे विस्तृत वर्णन छन् । हाम्रा राष्ट्रिय विभूति भीमसेन थापालाई त भण्डै 'देशद्रोही' जसरी प्रस्तुत गरिएको छ । रणबहादुर शाह, गिर्वाणयुद्ध, राजेन्द्र, सुरेन्द्र, ललितत्रिपुरा सुन्दरी, साम्राज्यलक्ष्मी, राजराजेश्वरी देवी - सबै राजसंस्थासँग जोडिएका व्यक्तिबारे 'नकारात्मक' मानिनसक्ने टिप्पणीहरु छन् त्यो पुस्तकमा । मलाई लाग्यो, वर्तमान सरकारको परिभाषा या कानूनको गलत ब्याख्या गर्ने हो भने अब नेपालमा इतिहासको अध्ययन, अध्यापन, शोध, अनुसन्धान र लेखन केही पनि हुन सक्तैन । विगत १० वर्षमा नेपालको संविधान विश्वकै उत्कृष्ट संविधानमध्ये एक भएको र त्यसमा पनि प्रेस स्वतन्त्रताको ग्यारेन्टीको हिसावले त नेपाल सबभन्दा अगाडि नै छ भनी नथाक्नेहरुको सूचीमा प्रधानमन्त्री कोइराला स्वयं पनि हुनुहुन्छ ।

त्यसैले डा. भट्टराईको लेख जो उनको विचार र अभिव्यक्ति दुवै थिए - लाई छाप्दा कुनै अपराध ठहरिन्छ भनी मान्ने व्यक्तिहरु नेपालमा ज्यादा नहुनु स्वाभाविकै थियो । तैपनि सरकार प्रतिबद्ध थियो, हामीलाई दु:ख दिन !

पक्राउको एक सातापछि हामीसँग लिएको बयानमा मुख्य रुपमा सोधिएका विषयहरु थिए :

◆ *के भट्टराईको लेखले वर्तमान राजाप्रति घृणा, द्वेष फैलाउँदैन ?*

◆ *के सी.आई.ए. र भारतको गुप्तचर संस्था 'र' लाई हत्यामा सामेल भएको आरोप लगाइएको उक्त लेखले अमेरिका र भारतसँगको हाम्रो सम्बन्धलाई प्रतिकूल रुपमा असर गर्दैन ?*

◆ *के सेनालाई भड्काउने प्रयास त्यो लेखले गरेको छैन ?*

यी प्रश्नहरु कम्प्युटर प्रिन्टआउट हातमा लिएका प्रहरीका एकजना सव-इन्सपेक्टरले गरेका थिए - सरकारी वकिलको उपस्थितिमा । प्रश्नहरु आफैंमा शायद खराब थिएनन् । प्रश्न तयार गर्ने सरकारको नियत खतरनाक थियो । त्यो खतरनाक प्रवृत्तिको परिचय उसले पहिलेनै राजपत्रमा प्रकाशित गरेको तर पछि सार्वजनिक हुनआएको सार्वजनिक सुरक्षा नियमावली-२०५८ द्वारा दिएको छ ।

भारतमा पृथकतावादी खालिस्तानीहरुद्वारा चलाइएको आन्दोलनताका त्यहाँ विभिन्न कानूनहरु लगाइएतापनि जर्नेल सिंह भिन्ड्रावाको अन्तर्वार्ता छापेको आधारमा पत्रकारहरु गिरफ्तार भएनन् । आसाम आन्दोलन र काश्मिरमा 'प्लेवी साइट'को आवश्यकता महशूस गर्ने ब्यक्ति र संगठनहरुका आवाजलाई स्थान



जेठ २४ गते 'कान्तिपुर' दैनिकमा डा. बाबुराम भट्टराईको लेख 'नयाँ कोतपर्वलाई मान्यता दिनु हुँदैन' प्रकाशित गरेकोमा आपत्ति जनाई श्री ५ को सरकारले सो दैनिकका सम्पादक युवराज घिमिरे, प्रवन्ध निर्देशक कैलाश सिरोहिया र निर्देशक विनोदराज ज्ञवालीलाई सोही दिन साँझ गिरफ्तार गऱ्यो । 'राष्ट्रिय-अन्तरराष्ट्रिय स्तरमा भएको ठूलो विरोधपछि उहाँहरू तारेखमा छुट्नु हुँदाको क्षण ।

दिएकै भरमा अथवा इन्दिरा गान्धीको हत्यामा 'सी.आई.ए.को हात छ' भनी वक्तव्य दिने नेताहरुलाई र ती वक्तव्य छाप्ने पत्रकारहरुलाई गिरफ्तार गरिएन । तर त्यहाँको संविधानले मित्र राष्ट्रहरुसँगको सम्बन्धलाई प्रभाव पार्ने खालका लेखहरु छाप्न भने निषेधात्मक आग्रह व्यक्त गरेको छ ।

सन् १९९५ अक्टोवरको पहिलो सातामा 'आउटलूक म्यागाजिन'को पहिलो अंकमा 'जनमत'का आधारमा ७७ प्रतिशत काश्मिरीहरुले 'आत्मनिर्णय'को अधिकारलाई जायज ठहऱ्याएका थिए । अर्थात् ती ब्यक्तिहरु काश्मिरको हैसियत के हुनुपर्छ भन्ने कुराको निर्णयको अधिकार काश्मिरीहरुसँगै हुनुपर्ने कुरामा विश्वास राख्दथे । तर सार्वभौमसत्ता र देशको अखण्डतामाथि खतरा पुऱ्याएको आरोप पत्रिकामाथि लगाइएको देखिएन ।

ब्रिटेनमा तीन दशकभन्दा ज्यादा हिंसात्मक आन्दोलन चलाउँदै उत्तरी आयरल्याण्डलाई ब्रिटेनबाट अलग गर्नुपर्ने विचारयुक्त लेखहरुलाई ब्यावसायिक धर्मका रुपमा पत्रपत्रिकाहरुले छाप्दै आएका छन् । करीव १४ वर्ष पहिले तीनजना संदिग्ध, स्वतन्त्र आयरल्याण्डका लागि लडिरहेका आइरीश रिपब्लिकन आर्मी (आई.आर.ए.)का कार्यकर्ताहरुलाई प्रहरीले मारेको रिपोर्टको विस्तृत विवरण छाप्ने इयान ज्याकलाई 'वर्षका उत्कृष्ट पत्रकार' घोषित गरी सम्मान गरिएको थियो ।

नेपालको सम्बिधानले प्रेस स्वतन्त्रता र चिन्तन तथा अभिव्यक्तिको स्वतन्त्रतालाई कुण्ठित गरेको छैन भनी हामी मान्दछौं । त्यसैले, संविधानको प्रयोग प्रेस स्वतन्त्रताको पक्षमा, अभिव्यक्तिको स्वतन्त्रताको पक्षमा 'कसाईको खुकुरी' नभएर 'सर्जनको छुरी'का रुपमा हुनुपर्दछ ।

विश्व जनमत प्रजातन्त्र, वैयक्तिक स्वतन्त्रता र अभिव्यक्तिको स्वतन्त्रताका पक्षमा छ । त्यसैले 'उचित संयम'का साथ यी अधिकार या प्रेस स्वतन्त्रताको उपभोग गरिनुपर्छ भनी संविधानमा उल्लेख गरिएका देशहरुमा पनि त्यस्तो 'प्रावधान'लाई स्वतन्त्रतामाथिको लगाम या प्रतिशोधको अस्त्रको रुपमा प्रयोग गरिने छैन भनी अपेक्षा गरिन्छ । तर 'कान्तिपुर'माथिको आक्रमण तथा गिरफ्तारीमा प्रयोग गरिएको 'प्रावधान'को पक्षमा त कानूनसम्मत पनि नबनेको तर्क कानून विशेषज्ञहरुले प्रस्तुत गरेका छन् । सम्बिधानमा भावना या मनसाय तथा शाब्दिक पक्ष हुन्छन् । र, त्यत्तिकै महत्वपूर्ण राज्यसंयन्त्रको ब्यावहारिक पक्ष पनि हुन्छ । निश्चय नै संयमविनाको स्वच्छन्द प्रेसको आवश्यकताको वकालत गर्ने प्रयास होइन यो । तर राज्यशक्तिको दुरुपयोग गर्दै वैचारिक, वैयक्तिक र प्रेस स्वतन्त्रताको घाँटी निमोठ्ने सरकारलाई 'सजायँ उन्मुक्ति'को फाइदा दिइनु हुँदैन । त्यसो भएमा, त्यो प्रजातान्त्रिक ब्यवस्थाद्वारा निर्वाचित सरकारको निरंकुश प्रवृत्ति तथा गन्तव्यप्रतिको एउटा महत्वपूर्ण फड्को हुनेछ । 'कान्तिपुर' बिरुद्धको सरकारी अभियान-लाई चुनौति दिँदै देशभित्र र बाहिर गुञ्जिएका आवाजलाई त्यो अर्थमा अत्यन्तै सकारात्मक मानिनुपर्छ । ❑

# काट्टो, जदौं र जो हुकुम सरकार !

– खगेन्द्र संग्रौला –



*राजा वीरेन्द्रको एघारौं दिनमा काट्टो खाएका ब्राम्हण दुर्गाप्रसाद सापकोटा हात्ती चढेर बागमती तर्दै*

भित्ते पात्रोमा नेपालले बीसौं शताब्दी छिचोलेर एक्काईसौं शताब्दीमा पाइला टेकेको छ । संविधान पल्टाउँदा नेपाली जनताले निरङ्कुश राजतन्त्रको भारी इतिहासमा बिसाएर राजालाई संवैधानिक राजतन्त्रको आसनमा बसाएको कुरा पढ्न पाइन्छ । तर शासनतन्त्रका राजनीतिक कार्यव्यापार र शासक खलकका सांस्कृतिक विधिव्यवहार हेर्दा भने नेपाल उहिल्यैको बर्बर मध्ययुगको अँध्यारोमा रूमल्लिइरहेको र त्यस नेपालमा दानवीय कर्मकाण्ड र निरङ्कुश राजतन्त्र ज्यूँ का त्यूँ रहेको छनक पाइन्छ । केही समययताका घटनाहरूले यी कुरा प्रस्टाप्रस्टी देखाएका छन् ।

## काट्टो र काट्टे बाहुनको सत्यानाश

दरबारको हत्याकाण्डमा परेर बितेका महाराज वीरेन्द्र र युवराज दीपेन्द्रको काजक्रियाको एघारौं दिन दुई गरीब बाहुनलाई लोभलालचको जालमा फसाएर वर्तमान कोइराला सरकारले काट्टो खुवायो । श्री ५ वीरेन्द्रको काट्टो खाने हुस्सु दुर्गाप्रसाद सापकोटा थिए । उता, श्री ५ दीपेन्द्रको काट्टो खाने बुद्धु थिए देवीप्रसाद आचार्य । काट्टे बाहुन खोज्ने मुख्य दलाल पशुपतिका विश्व सापकोटा थिए । निज सापकोटाले काट्टेहरूलाई 'पँपाँच लाख नखत पाउँछौं' भनेर लोभ्याए । पहिले राजा महेन्द्रको काट्टो खाने गणेश भट्टलाई सरकारले कतै तराईमा मनग्गे जग्गा दिएर खाइजीबिकाको चाँजो मिलाइदिएको थियो । यसपाला पनि त्यस्तै बन्दोबस्त होला भनेर लोभिंदै हरिप काट्टेहरूले काट्टो कुपुकुपु खाए । तर खाइसकेपछि भने बबुरा काट्टेहरू 'हिस्स हर्के हरिया दाँत' भए ।

काट्टो खुवाउने रीत उहिल्यै मानव समाजलाई अज्ञानले गाँजेको अँध्यारो युगदेखि शुरू भई धार्मिक कर्मकाण्डसँग गाँसिएर आएको दीर्घरोग हो । उहिल्यैका हाम्रा पुर्खाहरूका रूढीवादी विश्वासअनुसार मान्छे मरेपछि उसको हंस प्रेत बन्छ । त्यस प्रेतमा मृतकका बाँचुन्जेल तृप्त हुन नपाएका तिर्सनाहरू ज्युँदै रहन्छन् । ती तिर्सना मेट्ने इच्छाले त्यो प्रेत पहिले आफू मान्छे छँदा बास गरेको घर् वरिपरि घरिघरि घुमिरहन्छ । त्यसरी घुम्दा त्यसले बाँचेकाहरूलाई तर्साउने डर हुन्छ । त्यसैले प्रेतका तिर्सनाहरूलाई तृप्त गरी त्यसलाई फेरि कहिल्यै नफर्किने बाटोमा बिदा गरेर बाँचेकाहरूलाई प्रेतबाट छुटकारा दिने हिसाबले बाहुनलाई काट्टो खुवाउने चलन चलेको हो । चलनअनुसार काट्टे बाहुनलाई काट्टो खुवाई मृतकका लुगासुगा लगाउन दिइन्छ । त्यति गरेपछि त्यो काट्टे मृतकको प्रेतमा फेरिएको मानिन्छ । अनि त्यस काट्टेरूपी प्रेतलाई कहिल्यै नफर्किने गरी घाट, चौबाटो र भञ्ज्याङ कटाइन्छ ।

यसरी काट्टे बाहुनलाई डाँडो कटाउनुको पछाडि अर्को अर्थ पनि छ । काट्टो खाएपछि काट्टे बाहुनको जात जान्छ । आफ्ना हातको पानी नै नचल्ने गरी ऊ अछूतमा पतीत हुन्छ । त्यसैले उसले पहिले बसोबास गरेको बस्तीका आफन्त र चिनारूहरूको छिःछिः, दूरदूरको शिकार बन्नु नपरोस् भनेर उसलाई कहिल्यै कसैले नदेख्ने गरी कतै धेरै टाढाको बिरानो बस्तीतिर लखेटिन्छ ।

काट्टो खान तम्सेका सापकोटा र आचार्य 'दिउँला भनी बाचा गरेको नखत पक्कै देलान्' भनेर ढुक्क थिए । त्यत्रो नाम र त्यतिबिधि धन भएका राजाको काट्टो खानु छ, उसमाथि प्रधानमन्त्रीको बाचा हो भनेर दलालले लोभ्याएको छ – काट्टेहरूले कसरी नपत्याउन् ?

कालमोचन घाटमा रमितेहरूको भीड लाग्यो । भीडमा प्रधानमन्त्री कोइराला र बडागुरू केशरीराज पाण्डे समेत हाजिर भए । रमितेहरू काट्टेहरूलाई यसरी हेरिरहेका थिए, मानौं तिनीहरू साँच्चीकै प्रेत हुन् । हिन्दू संस्कारअनुसार मृतकको काजक्रियाको तेह्रौं दिन सुद्धाइँ गरेर नचोखिउन्जेलसम्म मासु खाइँदैन । तर गरीब बाहुनलाई लोभ्याएर तिनको जात काड्न एघारौं दिनमा काट्टोको नाउँमा तिनलाई मासु खुवाइयो । कुरो त्यति मात्र कहाँ हो र ? मृतकको प्रेतलाई काट्टे बाहुनका आङमा चढाउन मृतकको अस्तुको घोट्टा वा उसका गिदीको अंश पनि मासुमा सुटुक्क मिसाएर खुवाइयो होला । यसरी खुवाइने काट्टो भनेको अभछ्छे हो । त्यो शुद्ध र सद्दे मानिसले खानु नहुने फोहोर हो । लाटा बाहुनले अभछ्छे खाए, खाएपछि ती काट्टे भए अनि तिनको जात गयो ।

प्रेत बनाएर जात काडिएका काट्टेहरूलाई हात्ती चढाएर घाट तारियो अनि लावालस्करको बीचमा काट्टेपाटीमा लगेर तिनलाई बास बसाइयो ।

लोभी काट्टेहरू दङ्ग छन् ।



*श्री ५ दीपेन्द्रको काट्टो खाँदै ब्राम्हण देवीप्रसाद आचार्य*

राजाको ज्यानको रख्खे गरेझैं गरी फौजीहरू तिनको अघिपछि लागेका छन् । तिनको शान कति, तिनको मान कति ! नखानु काट्टो खाइसकेपछि त्यत्रात्यत्रा मान्छेले दिउँला भनी बाचा गरेको काट्टोको बक्सिस कसो नदेलान् र ?

काट्टेहरूलाई लागेको थियो, आफू चढेको हात्ती पनि अब आफ्नै हो, प्रेतसँगै दानमा आएको । त्यसैले दुर्गाप्रसाद सापकोटा राति अबेरसम्म हात्ती किन्ने गाहाकी खोज्दैथिए, तर बिहान उठेर हेर्दा त गाँठ्ठे हात्ती नै छैन । सरकारका मान्छेले काट्टे सापकोटाको हात्ती चोरेर राति नै थानकोट कटाइसकेछन् । अब भने काट्टेहरूका मनमा चिसो पस्यो । देश-दुनियाँलाई डुबाउने प्रधानमन्त्री कोइरालाले आफूहरूलाई पनि डुबाएरै पो छाड्ने हुन् कि ?

नभन्दै तिनले डुबाएरै छाडे ।

काट्टो खुवाउनुअघि चोट्टाहरूले 'पाँच लाख नखत दिउँला' भनेर लोभ्याएका थिए, आखिरमा काट्टेहरूले जम्माजम्मी नाथे साढे उन्नाईस हजार रूपियाँ पाए । जातका ठाउँमा जात गयो, इज्जतका ठाउँमा इज्जत लुटियो, इलमका ठाउँमा इलम नाश भयो । गति छाडेर काट्टो खाइसकेपछि अब तीन पुस्तासम्म काट्टेहरूका हातको पानी नचल्ने भयो । यसो पुजाआजा आतेपाते गरेर जसोजसो प्राण धानिरहेका थिए, अब काट्टेहरूको खाइजीविकाको मेलोमेसो नै हरायो । तिनले अब न टीका थाप्न पाउने भए, न टीका लाइदिन पाउने भए । काट्टो खाएर काटिएका फोहोर नाक समाजका मुखेञ्जी देखाउनु त झन् मरेकै जुनी हुने भो ! काट्टेपाटीमा काट्टेहरू विश्वासघाती प्रधानमन्त्री कोइरालालाई सराप्दै धुरूधुरू रूनथाले ।

पुलिसहरू बिदा गर्न खोज्छन्, कौडीको भाउमा सर्वस्व लुटिएका काट्टेहरू घ्याक पसारेर बसेका बस्यै । ठगिएका काट्टेहरूले एउटा काम ठीकै गरे । चित्त बुझ्दो गरी काट्टोको दानदछ्छिना नपाएको झोंकमा आफूहरूले चारभञ्ज्याङ काट्नु पर्ने चलनका थाप्लामा तिनले यसपाला लात्ती बजारे । र, यसरी वैदिक विधिअनुसार चलिआएको भनिने कथित सनातन चलनको एउटा कुहिगन्धे कडीको अन्त्य भयो ।

"लोभ देखाएर झुक्याइयो हजूर !" तर्तरी आँसु झार्दै र रिसले मुर्मुरिंदै पत्रकारहरूसँग काट्टे देवीप्रसाद आचार्यले बिलौना गरे ।

झुक्याउने बाठाहरू को को हुन् ? ती बाठाहरू हुन् – सिंहदरबारका प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र राजदरबारका बडागुरू केशरीराज पाण्डे । उसैगरी तापले जल्दै र क्रोधले कुर्लिंदै काट्टे दुर्गाप्रसाद सापकोटाले सरापे, "बीस हजार रूपियाँ मात्र दिएर अहिले बिचल्ली पारे हजूर ।" कथित धर्मका नाउँमा गरीब बाहुनलाई बिचल्लीमा पार्ने धर्मात्माहरू पनि उनै हुन् – उनै प्रधानमन्त्री र उनै बडागुरू । यसरी आफू सढेगलेको मानवद्वेषी कर्मकाण्डको कमारो भएर यिनले आचार्य र सापकोटाको सत्यानाश गरिदिए । यिनले तिनको सांस्कृतिक हत्या गरे र तिनका जीवनका जहाजै डुबाइदिए ।



अहिलेको संविधानमा राजा औपचारिक राष्ट्र प्रमुख हुन् । उनको राज्यारोहणमा संवैधानिक अङ्गका प्रमुखहरूले एक थुँगो फूल टक्र्याएर उनलाई शुभकामना दिनु शिष्टता र मर्यादाकै कुरा हो ।



प्रधानमन्त्री



प्रतिपक्षी दलका नेता



प्रधान न्यायाधीश



प्रधान सेनापति

## दाम, जदौ र दासता

महाराज र युवराजको हत्या भएपछि खाली हुन आएको सिंहासन भर्न वसन्तपुर दरबारको भित्री डबलीमा श्री ५ ज्ञानेन्द्रको राज्यारोहण समारोह भयो । त्यस समारोहमा के देखियो ? त्यहाँ के देखियो भने उता संविधानमा संवैधानिक राजतन्त्र छ, यता व्यवहारमा निरङ्कुश राजतन्त्र छ । उता संविधानमा बहुदलीय प्रजातन्त्र छ, यता व्यवहारमा निर्दलीय दासता छ । समारोहमा नवनियुक्त राजाका पाउमा दाम चढाएर जदौ गर्नेहरूको लाम लाग्यो । जदौरेहरूको लाममा जननिर्वाचित प्रधानमन्त्री थिए, सर्वोच्च अदालतका प्रधान न्यायाधीश थिए, प्रमुख प्रतिपक्षका मूल नेता थिए, प्रतिनिधि सभाका सभामुख थिए र प्रधान सेनापति पनि थिए । पहिले निरङ्कुश राजतन्त्रमा त्यो समारोह जसरी हुन्थ्यो, अहिले संवैधानिक राजतन्त्रमा पनि त्यो त्यसरी नै भयो । पहिले निर्दलीय राजमा नागरिकको जसरी मान मर्दन गरिन्थ्यो, अहिले बहुदलीय राजमा पनि तिनको त्यसरी नै मान मर्दन गरियो ।

अहिलेको संविधानमा राजा औपचारिक राष्ट्र प्रमुख हुन् । उनको राज्यारोहणमा संवैधानिक अङ्गका प्रमुखहरूले एक थुँगो फूल टक्र्याएर उनलाई शुभकामना दिनु शिष्टता र मर्यादाकै कुरा हो । तर पाउमा दाम चढाएर धनुषटङ्कार नमस्कार गर्नु ! यो त मालिक र दासबीचको सम्बन्धको सूचक हो । निर्दलीय पञ्चायत कालको निरङ्कुश राजतन्त्रका पालामा पञ्चहरू राजाका पाउमा यसैगरी दाम चढाएर धनुषटङ्कार नमस्कार गर्थे । अहिले प्रजातान्त्रिक संविधानको मर्म र मर्यादाको खिल्ली उडाउँदै र आफ्नो मानवीय गरिमालाई आफै कुल्चिंदै बहुदलवादी नेताहरूले उसै गरे – राजाका पाउमा दाम चढाएर धनुषटङ्कार नमस्कार !

प्रधानमन्त्री, प्रमुख प्रतिपक्षका नेता र सभामुख जनताले विश्वास गरी जिताएका विशिष्ठ जनप्रतिनिधिहरू हुन् । उसैगरी प्रधान न्यायाधीश र प्रधान सेनापति आफ्नो योग्यता र सेवाबाट ती उच्च ओहदामा पुगेका वरिष्ठ राष्ट्रसेवकहरू हुन् । तर राज्यारोहण समारोहमा यिनको स्थान र हैसियत यस्तो देखियो, मानौं यी सबै राजाका घरेलु दासहरू हुन् ।

समारोहमा भत्भती पोल्ने टन्टलापुर घाम लागेको थियो । यी सबै सर्वोच्च जनप्रतिनिधि र राष्ट्र सेवकहरू समारोहभरि घाममा टट्टिएर कुनै जिम्दारका हरूवा-चरूवाझैं उभिरहे । त्यस घडीमा तिनमा विवेक, स्वाभिमान र आँटको लेस मात्र पनि लक्षण देखिंदैनथ्यो । मानौं राजा विष्णुका औतार हुन् र यी सबै उनका पाउ-पूजक भक्तहरू हुन् । मानौं प्रजातान्त्रिक संविधान शासनतन्त्रको देखाउने सुन ठोकेको दाँत मात्र हो, खाने दाँतचाहिं उही निरङ्कुशतन्त्र हो । त्यस सामरोहमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र प्रमुख प्रतिपक्षी नेता माधवकुमार नेपालले राजालाई एक थुँगो फूल टक्र्याई सादा छाता ओडेर, सादा कुर्सीमा बस्न आँट गरेका भए के तिनको त्यो आचरण प्रजातान्त्रिक संविधान विपरीत हुन्थ्यो ? के त्यसो गर्नु संवैधानिक राजाको मानहानी हुन्थ्यो ? के त्यसो गरेका भए तिनलाई फौजीले पक्राउ गर्थ्यो ? यहाँनेर एउटा प्रश्न उठ्छ : के कांग्रेस र एमालेको

संघर्षशील राजनीतिक यात्राको अन्तिम टुङ्गो निरङ्कुशतन्त्र र त्यस यात्राबाट हातलागी हुने अन्तिम फल दासता नै हो त ?



सभामुख तारानाथ रानाभाट

## भाट महोदयको भनीनसक्नु भाटगिरी

तारानाथ रानाभाट जननिर्वाचित प्रतिनिधि सभाका सभामुख हुन् । यस अर्थमा उनी माननीयहरूका पनि माननीय हुन् । तर राजदरबारमा छानबीन टोलीको प्रतिवेदन राजालाई बुझाउने समारोहमा उनी विशुद्ध भाटको भेषमा प्रस्तुत भए । जस्तो थर उस्तै आचरण, यता पनि भाट उता पनि भाट ! राजाका अगाडि बोल्ने क्रममा उनले झण्डैजसो वाक्यैपिच्छे चाकरी र चापलुसीको चिल्लो घसिएको स्वरमा "जो हुकुम सरकार !" भने । प्रतिवेदन राजाका "पाउमा चढाउँछु" भन्ने अर्थ लाग्ने चाकरी वचन बोल्न पनि उनी चुकेनन् । जनभाषा र प्रजातान्त्रिक संस्कृतिलाई गिज्याउँदै र होच्याउँदै उनले त्यसरी दासले बोल्ने भाषा बोलिरहँदा सुन्नेहरूलाई यो निरङ्कुश निर्दलीय युग हो कि उदार बहुदलीय युग हो ? त्यो संवैधानिक राजाका अगाडि कुनै स्वतन्त्र नागरिकले बोलेको हो कि निरङ्कुश राजाका अगाडि कुनै दासले बोलेको हो ? बोल्ने मानिस कुनै पञ्चायती ताबेदार हो कि नेपाली कांग्रेसको युवा नेता र प्रतिनिधि सभाको सभामुख हो भन्ने भ्रम भइरह्यो । अनुहार तारानाथ रानाभाटको थियो, बोल्ने मुख भने निखर पञ्चको । के कांग्रेस इतिहासको उकालो चढ्न नसकेर अब इतिहासको ओरालोतिर लागेको हो ? के ऊ बहुलवादी बहुदलीय प्रजातन्त्र र त्यस प्रजातन्त्रको रखवारी गर्ने संविधानलाई मचक्मचक् कुल्चिँदै इतिहासको रथलाई प्रतिगमनको कुबाटोतिर फर्काउन कटिबद्ध भएको हो ? के काट्टे बाहुनका हंसमा मृतकको प्रेत चढेझैँ कांग्रेसका हंसमा पञ्चको प्रेत चढिसकेको हो ?

## राजदरबारको संस्कृतिमा विकारको कोलाहल

राजसंस्थालाई राष्ट्रिय एकताको प्रतीक भन्ने गरिएको छ । कुनै व्यक्ति वा संस्था एकताको प्रतीक हुनका निम्ति त्यो नैतिकता, बन्धुत्व, उदारता, करूणा, परोपकार, सहिष्णुता र पारदर्शिताजस्ता उच्च मानवीय मूल्यहरूबाट सुसज्जित हुनुपर्छ । तर केही समययता सर्वाङ्ग उदाङ्गो भएको राजदरबारको चरित्रमा यी गुणहरूको विकराल गरीबी छर्लङ्गै देखियो । राजपरिवारको सदस्य नागरिकलाई गाडीले किच्दै सडकमा सयर गर्छ । राजपरिवारको भाइ सदस्य राजा हुने रोलमा उभिएका दाजुलाई गाँजा र "नाम नखुलेको कालो पदार्थ" टक्र्याउँछ । पुत्र युवराजले आफ्ना पितामाता महाराज र बडामहारानीको हत्या गरेको खबर राजदरबारका एकाघरका सदस्यहरूका अनेकौं मुखबाट तँछाड-मछाड गर्दै बाहिर आउँछ । कुनै परम् सत्यको आविष्कार गरिएको उमङ्गमय अभिनय गर्दै त्यस बर्बर कथालाई स्थापित गर्न जोडतोडकासाथ देशदेशावरमा डङ्का पिटिन्छ । राजसंस्था भनेको सहोदर छोराका हातबाट बाबु मारिने संस्था हो भन्ने वीभत्स सत्यलाई रहस्यमय ढङ्गले स्थापित गर्दा ठूलो बाजी जितेको अनुभव गरिन्छ । कथित परम्पराका नाउँमा जात, दर्जा र अहंकारको अत्तो थापेर युवराजलाई आफूले रोजेकी केटीसँग बिहे गर्न नदिई उनलाई जीवन साथी रोज्ने अधिकारबाटै वञ्चित गरिन्छ । अनि त्यही प्रेम प्रसङ्गलाई कारण देखाएर त्यसको रहस्यमय आवरणमुनि उनै अभागी युवराजको नाम इतिहासका पातामा सामूहिक हत्याको एकल सूत्रधारका रूपमा गौरवकासाथ दर्ता गराइन्छ । माथि भनिएझैं राज्यारोहण समारोहमा मुलुकका जननिर्वाचित नायकहरू र वरिष्ठ नागरिकहरूलाई मध्ययुगीन दरबारका घरेलु दासका रूपमा प्रस्तुत हुन विवश तुल्याइन्छ । राजदरबारको धार्मिक परम्पराले गरीब बाहुनलाई लोभ्याएर काट्टो खुवाई उसको मानवीय गरिमालाई ध्वस्त पार्ने काम गर्छ । यी सबै घटना-प्रकरणहरूको ऐनामा हेर्दा राजसंस्थाको नैतिक चरित्र धमिरा लागेर भित्रभित्रै भ्वाङ परेको बैरागलाग्दो रूखजस्तो पो देखियो ।

स्वर्गीय श्री ५ दीपेन्द्र



शाहज्यादा पारस शाह





*काट्टो खाएपछि काठमाण्डौ उपत्यका त्याग्ने मुडमा ब्राम्हण सापकोटा । उनले स्वर्गीय श्री ५ वीरेन्द्रको श्रीपेचको नक्कल गरी बनाइएको टोपी पहिरेका छन् ।*

जनताले आफ्नो आस्था टिकाउने र आशा गर्ने गुण र आकर्षण त्यसमा अब खै के बाँकी रह्यो ? जसले आफ्नै परिवारको एकता, बन्धुत्व र मर्यादाको जोगाउ गर्न सकेन, राष्ट्रिय एकता र मर्यादाको प्रतीक रहिरहन सक्ने हैसियत त्यसमा अब कहाँ के बाँकी रह्यो ? काट्टो, जदौ र 'जो हुकुम सरकार' संवैधानिक राजतन्त्रको गरिमालाई जोगाउने अलङ्कार पक्कै होइनन् । गन्दे झारका बुट्यानमा सुन्दर र बास्नादार चमेली फुलीहाल्ला कि भनी आशा गर्नु प्रधानमन्त्री कोइरालाको बाचामाथि काट्टेहरूले विश्वास गर्नुजस्तै पो हो कि !

## काट्टो खुवाउनेलाई धिक्कार र काट्टो खानेको उद्धार

हाम्रो प्रजातान्त्रिक संविधानका दृष्टिमा मुलुकको सामाजिक मानचित्रभित्रका सबै नागरिकहरू बराबर छन् । त्यसकारण प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र बडागुरू केशरीराज पाण्डेको हक र मर्यादा जति छ, दुई काट्टे बाहुन दुर्गाप्रसाद सापकोटा र देवीप्रसाद आचार्यको हक र मर्यादा पनि त्यति नै छ । तर कोइराला र पाण्डेले धर्म र परम्पराका नाउँमा सापकोटा र आचार्यको मानवीय गरिमालाई ध्वस्त तुल्याई तिनको बिचल्ली पारेका छन् । त्यसैले यी दुई काट्टेहरूको उद्धार गर्नु यतिखेर सबै बन्धुप्रेमी नेपालीहरूको जरूरी कर्तव्य हुन आएको छ । यसका निम्ति हामीले कत्ति बियाँलो नगरीकन काट्टोका सूत्रधारहरूलाई काट्टो भाग फिर्ता गर्नका निमित्त चन्दा उठाउन थाल्नुपर्ने भयो । उठेको काट्टे चन्दा रकमको आधा प्रधानमन्त्री कोइरालालाई र अर्को आधा बडागुरू पाण्डेलाई फिर्ता टक्र्याउनु शोभनीय नै होला । त्यसपछि मानव अधिकारवादीहरूको अगुवाइमा एउटा विशाल चियापान कार्यक्रमको आयोजना वाञ्छनीय होला । सो कार्यक्रममा सापकोटा र आचार्यका हातबाट कोइराला र पाण्डेलाई चिया टक्र्याएर पीडित काट्टेहरूलाई अछूतको दर्जाबाट उद्धार गरी तिनको जात फर्काउने यत्न गर्नै पर्ला ।

प्रधानमन्त्री 'श्री ३' गिरिजाप्रसाद कोइराला र बडागुरू श्री ६ केशरीराजा पाण्डेमा मान्छेलाई मान्छेको मासु खुवाउने काट्टे संस्कृतिप्रति अगाध आस्था छ । त्यसैले काट्टे भागको रकम हात परेपछि उनीहरू चारभञ्ज्याङ कटाइन राजीखुशीले नै तयार होलान् भनी हामीले आशा गर्नु उत्रो उपद्रो नहोला । ❑

# नारायणहिटी हत्याकाण्ड प्रतिक्रियाका प्रवृत्तिहरू



-डा. पीताम्बर शर्मा

जेठ १९, २०५८ को राति नारायणहिटी राजदरवारमा मञ्चित हत्याकाण्डले देशभर असंख्य प्रतिकृयाहरू जन्मायो । यी प्रतिकृयाहरूलाई मूलतः चारथरि प्रवृत्तिका रूपमा पनि हेर्न सकिन्छ । यी प्रवृत्तिहरूले सम-सामयिक नेपाली राजनीतिका विविध चरित्र र प्रवृत्तिहरूलाई प्रतिबिम्वित गरे भने आश्चर्य मान्नु पर्दैन ।

पहिलो प्रवृत्ति हो- यथास्थितिवादी - १।

यो प्रवृत्तिको आशय हो : जे हुनु भयो, शंका-उपशंकाले संकट निम्त्याउँछ । हत्याकाण्डको दुःस्वप्नलाई बिर्सेर राष्ट्रअगाडि बढ्नुपर्छ भन्ने प्रवृत्ति ।

यो प्रवृत्ति खासगरी, यथास्थितिबाट फाइदा उठाइरहेका, कता-कता प्रतिगमनको झिनो अपेक्षा गर्नसमेत नचुक्ने, राजतन्त्रलाई अनन्तकालसम्म नेपालको निरपेक्ष आवश्यकताका रूपमा हेर्ने, तथाकथित अभिजातीय र नवधनाढ्य वर्गका प्रतिकृयाका रूपमा देखापर्छ । इतिहासलाई व्यक्ति विशेषको सनककै प्रतिफलका रूपमा दिग्दर्शित गर्न यिनीहरू खप्पिस छन् । यिनीहरूको विचारमा जेठ १९ अघि र पछिका घटनाक्रम र छानवीन प्रतिवेदनबाट उब्जेका प्रश्नहरू असान्दर्भिक र औचित्यहीन हुन् । प्रतिवेदन समग्र छ, पूर्ण छ । यसैले, प्रतिप्रश्नहरूको चक्रब्यूहमा पस्नु निरर्थक हो ।

भाग्यवादको घोडामा चढेर यिनीहरू हिजोको वस्तुस्थितिलाई नै आजको यथार्थ ठान्छन् । २१ सौं शताब्दीको प्रजातन्त्र र काट्टो खुवाउने मानसिकताका बीच यिनीहरू कुनै विरोधाभास नै देख्दैनन् । हिजोसम्मका 'आदर्श' युवराज आज दुर्ब्यसनी, वंशै नाश गर्ने हत्यारामा दरिनु नितान्त स्वाभाविक नियतिको 'अकल्पनीय क्रुरता' सिवाय केही होइन भन्ने यिनीहरूको ठम्याइ छ । धूलो टक्टक्याएर संबैधानिक राजतन्त्र उठिसक्यो । राष्ट्र अनि प्रजातन्त्र उसैका पछि लाग्नुपर्छ । यो उनीहरूको स्पष्ट अभिमत हो ।

दोस्रो प्रवृत्तिलाई यथास्थितिवादी -२ भने हुन्छ ।

यिनीहरू हत्याकाण्डलाई 'असामान्य' त ठान्छन् तर 'उत्तरदायित्व'को 'गहन भारी' बोक्नु परेका कारण जेठ १९ वरिपरिको घटनाक्रम र छानवीन प्रतिवेदनप्रति सोझै प्रश्न उठाउन भने सक्दैनन् । भित्र र बाहिरका प्रतिगमनकारी शक्तिहरूले तरल राजनैतिक स्थितिको फाइदा उठाउछन् कि भनेर उनीहरू त्रसित छन् । यिनीहरू राजतन्त्रलाई समसामयिक नेपाली राष्ट्रिय एकताको प्रतीक र राजनैतिक अनि सामाजिक स्थायित्वको द्योतकका रूपमा हेर्छन् । सम्बैधानिक राजतन्त्र र राजाप्रतिको आफ्नो बफादारी निरपेक्ष रूपमा बाहिर देखा परोस् भन्ने यिनीहरू चाहन्छन् । अमूर्त शैलीमा प्रश्न उठाएजस्तो गर्नु, राजनैतिक प्रवृत्तिहरूलाई गौण देख्नु र सोचाइ र भनाइ अनि भनाइ र गराइका

**यी चारथरि प्रवृत्तिहरूले सम-सामयिक नेपाली राजनीतिका विविध चरित्र, र प्रवृत्तिहरूलाई प्रतिबिम्वित गरे भने आश्चर्य मान्नु पर्दैन**

बीचको 'शंकाको फाइदा' आफूलाई मिल्ने स्थितिको निर्माण गर्नु यिनीहरूको विशिष्टता हो । विगत दशकमा प्रजातन्त्रको अभ्यासका माध्यमबाट आर्जन गरेको आफ्नो साख र छविप्रति यिनीहरू विश्वस्त देखिन्नन् । मध्यमवर्गीय द्वैधता यिनीहरूको चरित्र प्रतीत हुन्छ ।

तेस्रो खाले प्रवृत्तिलाई मूलिक *radical* भन्न मिल्ला ।

यो प्रवृत्तिले नारायणहिटी हत्याकाण्डलाई व्यक्ति विशेषको सनकको परिणति भनेर मान्न इन्कार गर्छ । यिनीहरूका बिचारमा व्यक्तिलाई आन्तरिक र वाह्य राजनैतिक र अन्य स्थितिहरूसँग अलग्याएर हत्याकाण्डको जड तहसम्म पुग्न सकिंदैन । हत्याकाण्डको 'अकल्पनीय आकस्मिकता' फगत संयोगको कुरा हो भनेर मान्न यिनीहरू तयार छैनन् । हत्याकाण्डको सत्य-तथ्यको उद्घाटन घटनाको समग्र सन्दर्भमा विश्लेषण गरेर मात्रै संभव हुन्छ । असजिला प्रश्नहरू र वर्तमानका विसंगतिहरूप्रति आँखा चिम्लेर भविष्य सुनिश्चित हुनैसक्दैन भन्ने यिनीहरूको मान्यता छ । त्यसैले छानवीनको प्रतिवेदनलाई एउटा नाटकको असफल पटाक्षेपका रूपमा हेरिनुपर्छ । छानवीनको प्रकृया नै पूर्वाग्रही रहेको यिनीहरूको दावी छ । यिनीहरू संबैधानिक राजतन्त्रलाई समय-सापेक्ष दृष्टिले हेर्छन् र यसका विकल्पहरूको समेत हेक्का राख्छन् । यिनीहरूको समग्र सोचाइमा कदाचित आफनो राजनैतिक साख बढाउने जुक्तिमात्र अन्तर्निहित छ कि भनेर शंका गर्ने ठाउँ पनि छ ।

चौथो प्रवृत्ति माओवादीहरूले प्रदर्शित गरेका छन् ।

यसको सटीक उदाहरण जेठ २४, २०५८ को कान्तिपुर दैनिकमा प्रकाशित डा. बाबुराम भट्टराईको लेख हो । यिनीहरू नारायणहिटी हत्याकाण्डलाई एउटा दीर्घकालीन उद्देश्यका साथ रचिएको सुनियोजित षडयन्त्रको परिणति मान्दछन् । यो हत्याकाण्डले नेपालको समसामयिक राजनीतिमा सर्वथा नयाँ र गुणात्मक परिवर्तन ल्याएको छ र यसले गुणात्मक रूपमै पृथक राजनैतिक समीकरण र कार्यगत रणनीतिको अपेक्षा राख्छ भन्ने यिनीहरूको ठम्याइ छ । हत्याकाण्डले नेपाली राजतन्त्रको चरित्र नै रूपान्तरित भएको पनि यिनीहरूको निष्कर्ष छ । आफूलाई गणतन्त्रवादीका रूपमा चिनाए पनि राजतन्त्रको ऐतिहासिक मूल्यांकनका क्रममा भने त्यसप्रति यिनीहरू सकारात्मक नै देखिन्छन् ।

माथि उल्लेखित अधिकांश प्रवृत्तिहरूमा सार्वभौम नेपाली जनतालाई निरीह रूपमै प्रस्तुत गरिएको छ । नेपाली जनताको विवेक र प्रौढतालाई स्वीकार गर्न र त्यसको राजनैतिक निकाश खोज्न कता-कता एउटा हिच्किचाहट रहिरहेको अनुभव हुन्छ ।

नारायणहिटी हत्याकाण्डलाई हेर्ने यी प्रवृत्तिहरूको घम्साघम्सीमा नेपालका बहुसंख्यक गरीब, अशिक्षित र पीडित जनता शायद अमेरिकी कवि रोवर्ट फ्रष्टका यी पंक्तिहरूसँग सहमत हुन्थे होलान् :

We sit around in a circle and suppose
The secret sits in the middle and knows.

(अर्थात् : हामी एउटा घेरा वरिपरि बस्छौं र अनुमान गर्छौं ।
गुह्यचाहिं त्यसको मध्यमा बस्छ र जान्दछ ।)

तर के कुरा सत्य हो भने, गुह्य आफैं प्रकट हुंदैन, प्रकट गराइनुपर्छ । ❑




श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव,
श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह,
श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव,
श्री ५ अधिराजकुमार नीराजन वीर विक्रम शाह,
श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मी देवी राणा
तथा राजपरिवारका अन्य सदस्यहरूको असामयिक एवं दुःखद् निधन भएकोमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

हार्दिक श्रद्धाञ्जली !

नेशनल ट्रेडिङ्ग लिमिटेड
परिवार



# कस्तो छ नयाँ राजाको उद्योग-व्यापार ?

-राजेन्द्र महर्जन

हिजोसम्म राजा ज्ञानेन्द्र उद्योगपति, व्यापारी र अधिराजकुमार मात्रै हुनुहुन्थ्यो । तर आज नारायणहिटी हत्याकाण्डपछि उहाँ नेपालका राजा पनि हुनुभएको छ । राजा हुनासाथ उहाँको राष्ट्रप्रमुखको भूमिका, उद्योगपतिको कार्यभार र व्यापारीको जिम्मेवारीबारे नेपाली जनमानसमा धेरै नै खुल्दुली उत्पन्न भइरहेको छ । उद्योगपति र व्यापारीबाट राजासमेत हुनुभएका राजा ज्ञानेन्द्रको चल-अचल सम्पत्ति कति छ भन्नेबारे चासो बढिरहेको छ ।

धेरैजसोलाई वर्तमान राजाको उद्योग र व्यापार कति छ, कति सम्पत्ति छ भन्ने कुरा थाहा छैन, त्यसैले यस विषयमा जिज्ञासाहरू धेरै छन् । यही जिज्ञासा मेटाउन केही खोतलखातल गर्दा थाहा भएको छ : राजा ज्ञानेन्द्रको पर्यटन, जलविद्युत, चिया, सुर्ती र यातायात व्यवसाय सम्बन्धी उद्योग र व्यापारको लर्को नै चलिरहेको छ ।

राजा वीरेन्द्रको शासनकालमा अधिराजकुमार ज्ञानेन्द्र मूलतः प्रकृति संरक्षण र व्यापारको विस्तारमा संलग्न हुनुहुन्थ्यो । श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष र लुम्बिनी विकास कोषका अध्यक्षका रूपमा बाहिर देखिने उहाँको छविको पछाडि व्यापारी र उद्योगपतिको छवि पनि लुकिरहेको कुरा धेरैलाई थाहा थिएन । आफ्ना दाजु श्री ५ वीरेन्द्र राजा हुँदा, विशेषतः निरंकुश पंचायतीकालमा उहाँ 'लो-प्रोफाइल'मा बसी राज्य संचालनमा सघाउने र उद्योग-व्यापार संचालन गर्नुहुन्थ्यो ।

हुन त उहाँले हिमालय टी-इस्टेट र सोल्टी होटलजस्ता केही उद्योग र व्यापार आफ्ना काका-काकी अधिराजकुमार हिमालय र प्रिन्सेप शाहबाट अंशको रूपमा पनि पाउनुभएको देखिन्छ । दुवै उद्योग अधिराजकुमार हिमालयले ४० वर्षअगाडि स्थापना गरेका थिए । त्यसका अंशहरू राजा ज्ञानेन्द्रलगायत राजा वीरेन्द्रदेखि राजपरिवारका सबै सदस्यहरूले पाउनुभएको थियो ।

श्री ५ ज्ञानेन्द्रको उद्योग-व्यापार मूल रूपमा सोल्टी ग्रुपसँग सम्बन्धित छ । सोल्टी ग्रुपमा १२ वटा औद्योगिक-व्यापारिक कम्पनीहरू छन्, जसमा सोल्टी इन्टरप्राइजेज (प्रा.) लि. र सूर्य इन्टरप्राइजेट (प्रा.) लि. मुख्य रूपमा रहेका छन् । अरू कम्पनीहरू जलविद्युत, चिया, सुर्ती, यातायात, शिपिङ र मार्केट रिसर्चसँग सम्बन्धित छन् । सोल्टी होटल, सूर्य टोबाको कम्पनी (प्रा.) लि. र हिमालय टी-इस्टेट, सिप्रदी ट्रेडिङ र हिमाल हाइड्रो राजा ज्ञानेन्द्रकै कम्पनीका रूपमा चर्चित छन् ।

जनकपुर चुरोट कारखाना जस्तो सरकारी निगमलाई आच्छुआच्छु पारिरहेको र धेरै नै बिक्ने चुरोट उत्पादनकर्ता 'सूर्य टोबाको कम्पनी' उहाँको मात्रै सिंगो लगानीमा चलिरहेको कम्पनी चाहिँ होइन । त्यसमा सूर्तीजन्य उद्योगसँग सम्बन्धित ब्रिटिश बहुराष्ट्रिय कम्पनी निकटको भारतको विशाल कम्पनी 'इण्डियन टोबाको कम्पनी' *'ITC'* को पनि ठूलो लगानी छ ।


भारतीय पूँजीसँग 'ज्वाइन्ट भेन्चर'मा खोलिएको सूर्य टोबाको कम्पनी लगायत सोल्टी होटल र हिमालय टी-इस्टेटमा पनि भारतीय पूँजीपतिहरूको ठूलो लगानी रहेको बताइन्छ । अतः पहिले सोल्टी होटल होटल व्यवसायसम्बन्धी बहुराष्ट्रिय कम्पनी ओबेराय ग्रुपसँग साझेदारीपछि ओबेराय सोल्टी होटल र पछि हॉलीडे इन जस्तो पर्यटनसम्बन्धी बहुराष्ट्रिय कम्पनीसँगको साझेदारीमा 'सोल्टी होली डे इन' मा फेरिएको हो । त्यस्तै, पहिलेको हिमालय टी-इस्टेट पनि अहिले विदेशी पूँजीसँग साझेदारीको क्रममा हिमालय गुडरिकको नाममा संचालित रहेको बताइन्छ । विश्वस्त सूत्रका अनुसार, राजा ज्ञानेन्द्र बोर्डको अध्यक्ष हुनुभएको हिमालय गुडरिकमा बाहेक अन्य कम्पनीहरूमा उहाँ र शाही परिवारको बहुमत शेयर छैन, विशेषतः विदेशी पूँजीपति र औद्योगिक समूहहरूको वर्चश्व छ ।

**अहिले एकथरि मानिसहरू राजा ज्ञानेन्द्र आफ्नो व्यापारिक स्वार्थ र राजाको जिम्मेवारीको दोहोरो भूमिका बीच टक्कर हुने र उहाँलाई निकै अप्ठ्यारो हुने अनुमान गरिरहेका छन् ।**

यहाँ के कुरा उल्लेखनीय छ भने राजा ज्ञानेन्द्रको स्वामित्वमा रहेको मानिने 'सिप्रदी ट्रेडिङ कम्पनी'ले ट्रक र बसको आयातमाथि, विशेषतः टाटा कम्पनीका यातायातका साधनहरूको आयातमाथि एकाधिकार नै कायम गर्दै आइरहेको छ ।

यसरी तीसौं वर्षसम्म देशी-विदेशी पूँजीपतिहरूसँग मिलेर उद्योग व्यापार गरिरहनुभएका राजा ज्ञानेन्द्र अहिले पूँजीपतिबाट राजा हुनुभएको छ । त्यसैले जनमानसमा अहिले उठिरहेको एउटा प्रमुख सवाल हो: नयाँ राजाले राष्ट्रप्रमुखको भूमिका र उद्योगपति-व्यापारीको दोहोरो भूमिका कसरी निभाउनु होला ? उहाँको दोहोरो भूमिकाबीच अन्तरद्वन्द्व हुन्छ कि हुँदैन होला ?

अहिले एकथरि मानिसहरू राजा ज्ञानेन्द्र आफ्नो व्यापारिक स्वार्थ र राजाको जिम्मेवारीको दोहोरो भूमिका बीच टक्कर हुने र उहाँलाई निकै अप्ठ्यारो हुने अनुमान गरिरहेका छन् । अर्काथरि मानिसहरू, विशेषगरी



काठमाडौं सोल्टी ग्रुपले सञ्चालन गरेको पाँच तारे होटल सोल्टी होलिडे इन

उद्योग व्यापारसँग सम्बन्धित व्यक्तिहरू र व्यवस्थापन तथा उद्यमशीलताका पक्षपातीहरू भने श्री ५ ज्ञानेन्द्रको दोहोरो भूमिकाबाट अत्यन्त हर्षित भइरहेका छन् । उनीहरूको भनाइअनुसार, उद्योग-व्यापारको कुशल व्यवस्थापन गर्ने ज्ञान र क्षमता भएका उद्यमी राजा हुनु निकै सुखद् पक्ष हो ।

सामाजशास्त्रीहरूको विश्लेषणअनुसार, एक्काइसौं शताब्दीका नेपालका नयाँ राजाको यात्रा अमेरिकी प्रकारको पूँजीवादी पथतिर लक्षित देखिन्छ । अर्थात् बजार र राज्यको मेलजोल र पूँजीपति र राज्यप्रमुखको साँठगाँठमा देश अगाडि बढ्ने संभावना बढेको छ ।

तर सारमा यस्तो भूमिकाले बजार, राज्य र नागरिक समाजको त्रिकोणात्मक अन्तरसम्बन्धका आधारमा देश अगाडि बढ्नुपर्दछ भन्नेहरूलाई नराम्रो चोट पुऱ्याउने देखिन्छ । देशको आर्थिक-राजनैतिक शक्तिहरूको अन्तरसम्बन्धलाई केलाएर हेर्दा पहिलेदेखि नै बजारले, पूँजीपति वर्गले वा उत्पीडक धनी वर्गले राज्यलाई आफ्नो सशक्त हतियारको रूपमा प्रयोग गर्दै आइरहेको छ, कहिले प्रत्यक्ष रूपमा त कहिले परोक्ष रूपमा । नेपाली जनता यस्तो चोट पुऱ्याउने स्थिति र प्रक्रियाबाट नयाँ राजा श्री ५ ज्ञानेन्द्र मुक्त भएको देख्न चाहन्छन् ।

**नयाँ राजाले आफ्नो लोभमुक्त र जनपक्षीय छवि बनाउने हो भने राजा वीरेन्द्रको संपत्ति सरकारको ढुकुटीमा जम्मा गर्नु पर्दछ ।**



अहिले राज्यारोहणपछि श्री ५ ज्ञानेन्द्रबाट आफ्नो उद्योग-व्यापारको साम्राज्यलाई घटाउने-बढाउने वा छोड्ने संभावनाका बारेमा अनेकौं प्रश्न र मागहरू उठ्न थालेका छन् । केही उद्योगपतिहरूले राजा ज्ञानेन्द्रले सामान्य पूँजीपतिले सरह आर्थिक क्षेत्रमा अन्य पूँजीपतिहरूसँग, आफ्ना नागरिकहरूसँग होडबाजी गर्नु निकै अनौठो र नमिल्दो-नसुहाउँदो काम हुने छ भन्ने अर्थमा लिइरहेका छन् । कारोवारको मैदानमा राजाको शाही हैसियत र प्रभावको कारणले उहाँसँग होडबाजी गर्नु आफ्नै लागि निरर्थक र अहितकर सम्झने उद्योगपतिहरू भन्छन्- "हामी राजा ज्ञानेन्द्रलाई आदर गर्दछौं, तर व्यापारिक होडबाजी गर्दैनौं ।"

नागरिक समाजका मानिसहरू भने देशको हितका लागि र आफ्नो राष्ट्र प्रमुखको छविका लागि उहाँले आफ्ना व्यापारिक र औद्योगिक गतिविधिहरू छोड्नु पर्दछ भन्दछन् । राजाले पनि नागरिकसरह उद्योग र व्यापारमा होडबाजी गरिरहनु राजाको राष्ट्रप्रमुखको छविसँग पटक्कै मेल खाँदैन भन्ने विचार राख्ने ती मानिसहरू भन्दछन् : "राजाले साँच्चै नै जनताबीच प्रिय हुने हो भने आफ्ना श्रीसम्पत्ति जम्मै देश र जनताको नाममा त्याग गर्नुपर्छ । त्यत्ति गर्न नसके आफ्नो आम्दानी र खर्च पारदर्शी गर्नुपर्छ, केही मात्रामा अंशदान भए पनि गर्नुपर्छ ।"

यसैबीच नेकपा (माले)ले मुलुकमा राजा ज्ञानेन्द्रका सम्बन्धमा उत्पन्न अनेकौं आशंका र प्रश्नहरूको निवारण गर्दै आफूलाई जनउत्तरदायी बनाउन राजा ज्ञानेन्द्र र उहाँको परिवारको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति सार्वजनिक गर्नुपर्ने र आवश्यकताभन्दा बढी रहेको सम्पत्ति राष्ट्रको नाममा समर्पित गर्नुपर्ने माग अगाडि सारेको छ ।

'नेकपा (माले)ले राजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराज दीपेन्द्र र अधिराजकुमार नीराजनको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति राष्ट्रको नाममा समर्पण गर्न र उक्त सम्पत्तिलाई सामाजिक सेवाको क्षेत्रमा लगाउन पनि माग गरेको छ ।

श्री ५ वीरेन्द्रको वंश नै सखाप भएपछि उहाँहरूको अरबौंको त्यो संपत्ति अब नयाँ राजाको थैलीमा आउने पक्का छ । यसबाट नयाँ राजाको संपत्ति अरबौंबाट खरबौंमा पुग्न बेर छैन । परन्तु, नयाँ राजाले आफ्नो लोभमुक्त र जनपक्षीय छवि बनाउने हो भने त्यो संपत्ति सरकारको ढुकुटीमा जम्मा गर्नु पर्दछ । त्यसबाट नेपालले विदेशी सहायता र ऋणबाट मुक्त हुन दरो पाइला चाल्न सकिन्छ ।

यस्ता राम्रा कामहरूको श्रीगणेश गरेर उद्योग-व्यापारबाट मुक्त हुने दिशातिर अग्रसर हुनु भएमा श्री ५ ज्ञानेन्द्र साँच्चै नै देशप्रेमी र प्रजावत्सल राजामा परिवर्तन हुन थाल्नुभएको संकेत नेपाली जनताले पाउने छन् । ❑




हार्दिक श्रद्धाञ्जली

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव,
श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह
लगायत राजपरिवारका अन्य श्रद्धेय सदस्यहरूको असामयिक स्वर्गारोहणबाट हामी मर्माहत भएका छौं । यस दुःखद् घडीमा स्वर्गीय आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

नेशनल इन्स्योरेन्स कं. लि.



हार्दिक श्रद्धाञ्जली

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव,
श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह
लगायत राजपरिवारका अन्य श्रद्धेय सदस्यहरूको असामयिक स्वर्गारोहणबाट हामी मर्माहत भएका छौं । यस दुःखद् घडीमा स्वर्गीय आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.



# कुरा दरबारको, बहस युवराजको

- रविन्द्र अधिकारी

दुनियाँले बिज्ञान र प्रविधिको चमत्कारपूर्ण २१ औं शताब्दीमा प्रवेश गरेको छ । हाम्रो देश नेपालमा भने १७ औं शताब्दीका मक्किएर कुहिएका संस्कार र संस्कृतिको आडमा राजदरवारलाई रहस्यमय गुफा बनाउने प्रयत्न अझै पनि रोकिएको छैन । राजदरवारभित्र राजारानी तथा राजपरिवारका अन्य सदस्य अझ भनौं, राजा वीरेन्द्रको वंश नै समाप्त हुँदा पनि दरवारिया चालचलनका बारेमा पुनर्विचार गर्न न वर्तमान राजा नै तयार देखिन्छन्, न मुलुकका जिम्मेवार राजनैतिक शक्तिहरू नै । यस्तो अवस्थामा कसरी हुनसक्छ राजदरवारभित्र प्रजातान्त्रीकरण ? कसरी रोकिन्छन् हत्या र अपराधपूर्ण कृयाकलापहरू ? के राजदरवारलाई जनचासोको विषय नबनाई अर्थात् त्यहाँभित्रका कृयाकलापहरूलाई पारदर्शी नबनाई राष्ट्रिय-अन्तरराष्ट्रिय रूपमा उठ्ने जिज्ञाशा र आशंकाहरूलाई मेट्न सकिन्छ ? इतिहासकार बाबुराम आचार्यले 'फेरि यस्तो कहिल्यै नहोस्' भनेर इतिहास लेख्नुभयो तर फेरि त्यहाँभन्दा पनि जघन्य हत्याकाण्ड नारायणहिटीमा भयो । यदि यस्तै हो भने फेरि पनि त्यस्तै घटनाहरूको पुनरावृति हुँदैन भन्ने आधार के छ र ?

यतिबेला जनस्तरबाट धेरै जिज्ञाशाहरू उठेका छन् । पारस शाह युवराज हुन्छन् कि हुँदैनन् ? श्री ५ ज्ञानेन्द्रले वडामहारानी घोषणा गर्दा पनि युवराज घोषणा गरिबक्सेको छैन । पारसलाई युवराज नबनाउने विचार पो छ कि ? अथवा युवराज बनाउने उपयुक्त बेला पर्खेर पो हो कि ? के हो ? - जिज्ञासा र खल्दुलीहरू दौडिरहेका छन् । छानवीन समितिको प्रतिवेदन आएपछि पारसलाई युवराज बनाइने छ भन्ने कुरा पनि नआएको होइन, जेहास् यतिबेलासम्म पारसलाई युवराज घोषणा गर्ने काम भएको छैन र अब पनि नहोस् ।

दुनियाँलाई थाहा छ- पारस शाह विभिन्न समयमा अपराधपूर्ण कृयाकलापमा संलग्न व्यक्ति हुन् । 'पारसको ज्यादती अति भो, देशलाई ठूलो क्षति भो' 'पारस शाहलाई कारवाही गर !' भन्ने नारा लगाउँदै ५ लाख २३ हजार जनताका हस्ताक्षर बोकेर २०५७ भाद्र ७ गते हजारौं हजार जनसमूह अनेरास्ववियूको नेतृत्वमा राजदरवार गएको थियो र तत्काल पारस शाहको श्री ५ शाहज्यादा पद्वी खोसियोस् भन्ने माग गरेको थियो ।



> पारस शाह युवराज हुन्छन् कि हुँदैनन् ? श्री ५ ज्ञानेन्द्रले वडामहारानी घोषणा गर्दा पनि युवराज घोषणा गरिबक्सेको छैन । पारसलाई युवराज नबनाउने विचार पो छ कि ?

ब्यक्तिगत रूपमा पारससँग हाम्रो कुनै लेनदेन छैन । तर उनले जनताले बुझाएको कर खाएर मनपरी गर्न पाइँदैन । जनतालाई अपमान गर्न पाइँदैन । पारस शाहसँग रीस उठेर मात्रै त्यतिबेला उनको बिरूद्ध नारा लागेको होइन । यदि पारस शाहले बेलाबखत पेस्तोलबाट फायरीङ्ग गर्दै नहिंडेको भए, सडकमा ट्याक्सी ड्राइभर नकुल्चिएको भए, प्रहरीलाई वेलाबखत् बन्दूक नदेखाएको भए अथवा प्रबीण गुरूङ्ग र अन्य नागरिकहरूको विभिन्न समयमा ज्यान नलिएको भए जनताको रीस पारस शाहप्रति पोखिने थिएन अथवा 'अपराधी बस्ने दरवार होइन, जेल हो' भन्ने आवाज आउने थिएन ।

जनस्तरबाट यति धेरै आवाज उठेको र आरोप लागेको व्यक्ति अहिले युवराज र भोलिको महाराज बन्न सक्दछ कि सक्दैन ? अहिले उठेको सवाल यही नै हो । जनताको आग्रह यतिमात्र हो, श्री ५ ज्ञानेन्द्रले यस्तो व्यक्तिलाई युवराज बनाउन हुँदैन, राजगद्दी उत्तराधिकारी नियमलाई समयानुसार परिवर्तन गर्ने आँट वर्तमान महाराजाधिराजले गर्नु पर्दछ, जनभावनालाई कदर नगर्दा अर्को दुर्घटना हुनसक्दछ । अहिले युवराज कसलाई बनाउने भनी निर्णय गर्ने अधिकार जनतालाई छैन, त्यसकारण पनि आवाज उठेको छ र यो भावनाको कदर गरिनु पर्दछ ।

राजदरवार हत्याकाण्डको छानवीन गर्न गठित समितिको प्रतिवेदनलाई आधार मान्दा पनि राजदरवारभित्र अन्तरराष्ट्रिय रूपमा अस्वीकृत मानिएका लागू पदार्थहरू ओसार-पोसार हुँदारहेछन् अर्थात् त्यहाँ लागू पदार्थ सेवन हुँदोरहेछ । यस्तो काम दरवारभित्र हुनु हुँदैन भन्ने अधिकार जनतालाई हुनुपर्दछ । यस काममा जस्तो रूपमा भए पनि पारस शाहको पनि संलग्नतालाई समितिको प्रतिवेदनले पनि पुष्टि गरेको छ । त्यसकारण पनि वर्तमान महाराजाधिराजले दरवारको स्वच्छ छविका लागि विचार गर्नैपर्ने देखिन्छ ।

नियम कानूनहरू समय र परिस्थितिसँगै बदलिनु पर्दछ । र, बदलिन्छन् पनि । कानून र नियमहरू जनभावना अनुकूल हुनै पर्दछ । १७ औं, १८ औं शताब्दीको शासन परम्परा यतिवेला ग्राह्य हुन सक्दैन । शासन पनि समयसापेक्ष हुन्छ । नैतिकता पनि नयाँ, गतिशील र समयसापेक्ष हुन्छ ।

आफ्नो हक, सत्य, न्याय, अधिकार र स्वतन्त्रताको लागि लड्न सक्नु नै नैतिकता हो । राम्रो-नराम्रो, असल-खराव, नैतिक-अनैतिक भन्ने कुरा समय र स्थितिसापेक्ष हुन्छ भन्ने कुरालाई राजा र जनता दुवैले स्वीकार गर्नुपर्दछ । सन् १८४३ मा त राजा सुरेन्द्रको ज्यादतिको विरोधमा जनता सडकमा आए भने अहिले त २०५८ हो । त्यसकारण राजदरवार पनि २०५८ को भावनाअनुसार समयसँग मिल्ने गरी चल्नु पर्दछ ।

हामीकहाँ एउटा नराम्रो संस्कार छ, त्यो हो- चाकरी गर्ने । मुलुकका प्रधानमन्त्री, गृहमन्त्री, कतिपय नेताहरू राजाको चाकरी गर्दछन् र राजालाई अलोकप्रिय बनाउँछन् । प्रबीण गुरूङ्गको हत्याकाण्डमा नक्कली ड्राइभर खडा गरियो । प्रबीणकी श्रीमती शान्ति गुरूङ्गलाई प्रलोभन दिइयो र एउटा हत्याकाण्डलाई ढाकछोप गरेर पारसलाई जोगाउने प्रयत्न भयो । त्यही प्रयत्नले आज दुनियाँमा अविश्वास सृजना भइरहेको छ । हाम्रो सरकारले जनताको भावनालाई जे छ, त्यही राजाकहाँ पुऱ्याओस्, हामीले विकल्पहीन कुरा गरेका छैनौं । के राजगद्दीमा छोरामात्र बस्ने भन्ने कुरा २१ औं शताब्दीमा सुहाउँछ ? छोरी बस्न मिल्दैन र ?

यस विषयमा सबैले गम्भीर भएर सोच्नु पर्दछ । जापानको राजतन्त्र र ब्रिटेनको राजतन्त्रबाट पनि केही सिक्ने प्रयत्न गर्नु पर्दछ ।

ब्रिटेनमा केही वर्ष पहिले राजपरिवारका युवराज चार्ल्स र युवराज्ञी डायनाको बीचमा सम्बन्ध विच्छेद भएपछि एउटा ठूलो बहस चलेको थियो । त्यहाँ युवराज चार्ल्सले सम्बन्ध विच्छेद गर्दै अर्की कुनै आइमाईसँगको नाजायज सम्बन्ध राख्दाको अवस्थामा त "उनी भावी राजा हुन सक्दैनन्, उनका छोरा फिलीपलाई राजा बनाउनु पर्दछ" भन्ने बहस त्यहाँ चल्यो भने हामीकहाँ त त्योभन्दा पनि गम्भीर प्रकृतिको मुद्दामा बहस चल्नु अस्वाभाविक मान्नु हुँदैन । जब रानी एलिजावेथपछिका सन्दर्भमा बाबु हुँदाहुँदै छोरालाई राजा बनाउनु पर्दछ भन्ने कुरा वेलायतमा वहसको विषय बन्दछ भने नेपालमा राजाका छोरालाई युवराज नबनाइयोस् भन्ने कुरा कुनै पनि हालतमा असान्दर्भिक हुनसक्दैन । ❑

*लेखक अनेरास्ववियू (माले)का अध्यक्ष हुनुहुन्छ - मूल्यांकन*

# पहिलो पनि भएको थियो नारायणहिटीमा विभत्स हत्याकाण्ड

## वि.सं. १९४२ सालमा नारायणहिटीमै भएको हत्याकाण्डको खोतलखातल

- मुक्ता श्रेष्ठ -

**वि. सं. १९४२** मंसिर ९ गते बेलुकी करीब १० बजे तात्कालीन राणा प्रधानमन्त्री रणोद्दीप सिंह आफ्नो ठूलो तकियामाथि घोप्टो परेर तुल्सीपत्रमा राम नाम लेखिरहेका थिए । एकजना सेवक उनको खुट्टामा तेल घसिरहेको थियो । सुब्बा बलवान सिंह अंग्रेजी पत्रिका पढ्दै त्यसको अनुवाद प्रधानमन्त्रीलाई सुनाइरहेका थिए । त्यति नै बेला धीर शमशेरका तीन छोराहरू डम्बर शमशेर, भीम शमशेर र खड्ग शमशेर हातमा पिस्तोल लिएर कोठाभित्र छिरे । पिस्तोलसहित तीनै भाइ यसरी पसेको देखेर प्रधानमन्त्री रणोद्दीप केही भस्के । उनले तीनै भाइसँग सोधे- "किन ? के भन्न आयौ ?"

यत्तिकैमा डम्बर शमशेरले भने- "स्वास्नीको कमारो भई फरियाभित्रबाट शासन चलाउने नालायकलाई सजायँ दिन आएको !" यति भन्नासाथ उनले गोली हानीहाले । त्यो गोली रणोद्दीपको छातीमा लाग्यो । उनी तत्कालै भूइँमा ढले । त्यसपछि खड्ग शमशेर र भीम शमशेरले घाइतेमाथि थप गोली चलाए । त्यहीं नै उनको तत्काल मृत्यु भयो । कोठामा हाहाकार मच्चियो ।

पत्रिका पढिरहेका बलवान सिंहको होशहवास उड्यो । उनी थरथर काँप्न थाले । उनी काँप्न थालेको देखेर तीनै जनाले भने- "तिमी किन डराएको ? आऊ हाम्रो मद्दत गर ।" डरले काँपिरहेको बलवान सिंह उनीहरूले जे भने त्यही गर्न लागे । चारैजना मिलेर रणोद्दीपको लाशलाई भरेङ्गबाट घिसार्दै लगेर तल पुऱ्याइयो ।

गोलीको आवाज सुनेर प्रधानमन्त्रीको सुरक्षाको लागि राखिएको 'विजुली गारत' (सैनिक प्रहरी) सतर्क भयो । तर उनीहरूलाई नियन्त्रणमा लिन खटिएका चन्द्र शमशेरले रिवोल्भर देखाएर ती सैनिक प्रहरीलाई कब्जामा लिए । र, उनीहरूलाई आत्मसमर्पण गर्न लगाइयो । मुमा माहिली महारानी (श्री ५ त्रैलोक्य विक्रमकी माहिली पत्नी तथा श्री ५ पृथ्वी वीरविक्रम शाहकी आमा)ले रणोद्दीप सिंहको हत्या भएको तुरून्तै थाहा पाइन् । तत्कालै उनी तयार भएर आफ्नो छोरा श्री ५ महाराजधिराज पृथ्वी वीरविक्रमका साथ तल ओलिइन् । र, श्री ५ को लागि तयार गरी राखेको बग्गीमा बसिन् । त्यही बग्गीमा वीर शमशेर पनि चढे र टुँडिखेलतिर रवाना भए । मुमा माहिली महारानीको आदेशमा त्यहाँ रहेका सैनिकहरू पनि बग्गी सँगसँगै अगाडि बढे ।

रावलपिण्डी जानको लागि वीर शमशेरको मातहतमा खटाइएको चार पल्टन सैनिक पहिले नै टुँडिखेलमा तैनाथ थियो । वीर शमशेरहरूको निर्देशनअनुसार ती सैनिकहरू टुँडिखेलको खरीको बोट वरिपरि जम्मा भए । सैनिकहरू जम्मा हुनेबित्तिकै मुमा महारानीले सैनिकहरूलाई सम्बोधन गर्दै भनिन्- "भाइहरू हो ! अहिले भरखरै रातको बीचमा गोरे (जनरल रणवीरजंग राणा)ले ठाहिँला बुबा रणोद्दीप सिंहलाई मारेर गएछ । मेरा बालक छोरा श्री ५ पृथ्वी वीरविक्रमलाई बरखास्त गरी र मेरो हुर्मत लिई जेठी महारानीकी छोरी शाहज्यादीलाई राजगद्दीमा राखेर आफूले रजाइँ गर्न खोजिरहेको छ । यस बिपत्ति कालमा यिनै वीर शमशेरले बालक महाराजधिराजको गाथगद्दी र मेरो आवरू इज्जतको समेत रक्षा गरेको हुनाले जंगबहादुर बुबाले पाएसरहको श्री ३ महाराजको खिताव र प्राइममिनिस्टर पदको हालीमुहाली अधिकार पनि आजैदेखि यिनैलाई दिएकी छु । यिनैले लगाए अह्राएअनुसार नै कामकाज गर्नू । यसो गरेमा नै तिमी हामी सबैको


रणोद्दीप सिंह


कल्याण हुनेछ ।"

महारानीले यति बोल्नेबित्तिकै वीर शमशेरका भाइ खड्ग शमशेरले प्रधानमन्त्रीलाई स्यालूट गर्न सैनिकहरूलाई अह्राए । तर सैनिकहरूले तुरून्तै स्यालूट गरेनन् । उनीहरूलाई 'के गरूँ कसो गरूँ' भयो । वीर शमशेर तथा उनका मतियारहरू भने स्तब्ध भए । यत्तिकैमा मुमा महारानीले रूँदै फेरि रणवीरजंगको विरूद्धमा बोल्न थालिन् । यसरी रानी रूँदै बोल्न थालेकीले सैनिकहरूलाई पनि साँच्चै नै महारानीले भनेजस्तै रणवीरजंगले बेइमानी गरेकै हो कि जस्तो लाग्यो । र, उनीहरूले वीर शमशेरलाई सलामी चढाइदिए ।

यसरी वीर शमशेर आफ्नै ठाइँला बाबु र ठूलाबाबुका (जंगबहादुरका) छोराहरूको हत्या गरेर वि.सं. १९४२ मंसिर ९ गते राति नेपालको प्रधानमन्त्री भए । यो कस्तो विडम्बना ! जसले सयौं भारादारहरूको हत्या गरेर राणा परिवारको हातमा सत्ता सीमित पारेका थिए, उनकै भाइले जंग बहादुरका सन्तानको हत्या गरेर आफ्नो सन्तानमा सत्ता सीमित पारे ।

वास्तवमा यो परिस्थितिको सृजना गर्ने अरू कोही नभएर स्वयंम जंगबहादुर नै थिए । आफू प्रधानमन्त्री भएपछि जंगबहादुरले श्री ५ लाई नाम मात्रको राजा बनाएर शासनको सम्पूर्ण अधिकार आफ्नो हातमा लिए । राजा प्रधानमन्त्रीको कठपुतली तथा विष्णुको अवतारको रूपमा जनताले मान्ने मूर्तिजस्तै भए । राजाको काम प्रधानमन्त्रीले बनाएको नीति, नियम, कानूनमा लालमोहर लगाउनु मात्रै रह्यो । प्रधानमन्त्री नै नेपालको सर्वोच्च शासक भए ।


डम्बर शमशेर


भीम शमशेर


खड्ग शमशेर

यही शासनशक्ति आफ्नै वंशमा कायम राख्नको लागि जंगबहादुरले आफ्नो मृत्युपछि आफ्ना भाइहरू, भाइहरूपछि आफ्ना छोराहरू, छोराहरूपछि नातिहरू र नातिहरूपछि भाइका छोराहरू प्रधानमन्त्री हुने रोलक्रम बाँधेका थिए । यही रोलक्रम नै जंगबहादुरका आफ्नै सन्तानको नाशको कारण बन्यो ।

जंगबहादुरले बाँधेको यो रोलक्रम न त उनका आफ्ना छोराहरूलाई नै मन परेको थियो, न भाइहरूलाई नै । उनका छोराहरूलाई बाबुको मृत्युपछि आफूहरू नै प्रधानमन्त्री हुने चाहना थियो भने भाइहरूलाई जंगबहादुरका नातिहरूपछि मात्र आफ्ना छोराहरू प्रधानमन्त्री हुन पाउने भन्ने कुरा मन परेको थिएन । विशेष गरेर जंगबहादुरका कान्छा भाइ धीर शमशेरलाई यो कुरा पटक्कै चित्त बुझेको थिएन । परन्तु जंगबहादुर बाँचुन्जेल कसैले पनि यो नीतिका विरुद्ध बोल्ने आँट गरेनन् ।

तर जंगबहादुरका छोराहरू जंगबहादुर जिउँदै हुँदादेखि नै तात्कालीन युवराज श्री ५ त्रैलोक्यसँग मिलेर एउटा षड्यन्त्र रचिरहेका थिए । यो षड्यन्त्र थियो- जंगबहादुरको मृत्युपछि उनका भाइहरूलाई सखाप पारेर श्री ५ को गुमेको अधिकार श्री ५ ले फिर्ता लिने र जंगबहादुरका छोरा जगतजंग साधारण प्रधानमन्त्री भएर बस्ने । तर धीर शमशेरको चलाखीले गर्दा उनीहरूको यो षड्यन्त्र असफल भयो । जंगबहादुरको मृत्युपछि धीर शमशेरको अगाडि आफूहरूले केही गर्न नसक्ने देखेर जंगबहादुरका छोराहरू यो षड्यन्त्रबाट पन्छिए ।

श्री ५ त्रैलोक्यले भने यो योजनालाई चालु राखेका थिए । तर जंगबहादुरको मृत्यु भएको एक वर्ष नपुग्दै उनको मृत्यु भयो । भनिन्छ, धीर शमशेरले नै उनलाई मन्द बिष दिएर मारेका हुन् ।

श्री ५ त्रैलोक्यको मृत्युपछि उनका भाइ नरेन्द्र विक्रम शाहले दाजुले बनाएको गुटलाई अगाडि बढाए । उनले भने जंगबहादुरका छोराहरूलाई आफ्नो गुटमा समावेश गरेनन् । भनिन्छ, नरेन्द्र विक्रम शाहको गुट रणोद्दीप र धीर शमशेर तथा उनका सन्तानलाई सखाप पारेर नरेन्द्रलाई पृथ्वी वीर विक्रमको स्थानमा राख्न चाहन्थ्यो । तर गगनसिंहका छोरा उत्तरध्वजद्वारा यो षड्यन्त्रको पर्दाफास भएकोले यो षड्यन्त्र सफल हुनसकेन । यस गुटमा रहेका कैयौं मारिए । कैयौं जेल हालिए । नरेन्द्र विक्रम भारतको चुनारगढको जेलमा कैद गरिए । यसैलाई इतिहासमा '३८ साल पर्व' भनिन्छ । त्यतिबेला जंगबहादुरका जेठा छोरा जगतजंग भारतमै थिए । यही पर्वमा मुछेर धीर शमशेरले उनलाई पनि प्रधानमन्त्रीको रोलक्रमबाट हटाइदिए ।

जंगबहादुरको मृत्युपछि उनका ठाँहिला भाइ रणोद्दीप सिंह प्रधानमन्त्री तथा श्री ३ महाराजसमेत भएका थिए । उनी ज्यादै सोझा र धार्मिक विचारका व्यक्ति थिए । उनमा राजकाज गर्न सक्ने क्षमता थिएन । उनका अर्का भाइ जगत शमशेर पनि त्यस्तै प्रकृतिका व्यक्ति थिए । धीर शमशेर भने ज्यादै चलाख, फुर्तिला, हिम्मतिला र समयअनुसार चल्नसक्ने खालका व्यक्ति थिए । त्यसैले प्रधानमन्त्री रणोद्दीप सिंह उनकै सहयोग लिएर शासन चलाउँथे । वि.सं. १९३६ मा जंगबहादुरका अर्का भाइ जगत शमशेरको पनि मृत्यु भयो । रणोद्दीपको मृत्युपछि प्रधानमन्त्री हुने पालो अब धीर शमशेरकै थियो ।

यसपछि रणोद्दीप सिंह झन् बढी धर्मकर्मको कार्यमा लीन हुनथाले । अब त सम्पूर्ण राजकाज चलाउने जिम्मा धीर शमशेरको काँधमा आइपुग्यो । दरबारमा धीर शमशेर र उनका छोराहरूको प्रभाव बढ्न थाल्यो । यो कुरा जंगबहादुरका छोराहरूलाई मन परेको थिएन । उनीहरू रणोद्दीपकी मन परेकी पत्नी हरिप्रियालाई हातमा लिएर उनीमार्फत् धीर शमशेरका कामहरूमा बाधा दिन खोज्थे । तर धीर शमशेर भने आफूले सोचिसकेको काम जसरी भए पनि पूरा गरेरै छाड्थे ।


नरेन्द्रविक्रम शाह


धीर शमशेर

**छोराहरूलाई बाबुको मृत्युपछि आफूहरू नै प्रधानमन्त्री हुने चाहना थियो भने भाइहरूलाई जंगबहादुरका नातिहरूपछि मात्र आफ्ना छोराहरू प्रधानमन्त्री हुन पाउने भन्ने कुरा मन परेको थिएन । विशेष गरेर जंगबहादुरका कान्छा भाइ धीर शमशेरलाई यो कुरा पटक्कै चित्त बुझेको थिएन ।**


वीर शमशेर


चन्द्र शमशेर

जंगबहादुरले बाँधेको प्रधानमन्त्री हुने रोलक्रम धीर शमशेरलाई पहिलेदेखि नै मन परेको थिएन । उनी आफ्नो हातमा शासनको अधिकार आउनेबित्तिकै जंगबहादुरका छोरा तथा नातिहरूलाई पन्छाई आफ्ना सन्तानमा नै शासनको अधिकार सीमित पार्ने योजना बनाइरहेका थिए । र, धीर शमशेर 'जसको तरवार, उसको दरबार' भन्ने उक्ति बारम्बार आफ्ना छोराहरूलाई भन्ने गर्थे । बाबुको मनसाय बुझेका छोराहरू भने रणोद्दीपकै जीवनकालमा सत्ता आफ्नो हात पार्न आतुर भइसकेका थिए ।

वि.सं. १९४१ कार्तिक ११ गते अकस्मात धीर शमसेरको मृत्यु भयो । उनको मृत्युपछि उनका छोराहरूको नूर गिर्न थाल्यो । त्यसमाथि रणोद्दीपले भारतमा रहेका जंगबहादुरका जेठा छोरा जगतजंगलाई पुनः रोलक्रममा राख्ने मनसायले नेपाल झिकाए । रणोद्दीप सिंहको यो कामबाट धीर शमशेरका छोराहरू निकै आत्तिए । उनीहरू जसरी भए पनि सत्ता हत्याउने प्रयत्नमा लाग्न थाले । त्यसका लागि उनीहरूले एउटा योजना नै तयार गरे । इन्द्रजात्राको पर्व मनाउन राजपरिवार र प्रधानमन्त्री १० दिनसम्म हनुमान ढोकामा गएर बस्नुपर्ने चलन थियो । यसै अवसरमा प्रधानमन्त्रीको हत्या गर्ने, यसको दोष जंगबहादुरका ल्याइतेपट्टिका छोरा रणवीरजंगमाथि लगाउने र यसै अपराधमा जंगबहादुरको खलकैको विनाश गरेर प्रधानमन्त्रीको कुर्सी आफ्नो हात पार्न उनीहरूले योजना बनाए । यस योजनामा श्री ५ पृथ्वी वीरविक्रमकी मुमा माहिली महारानीलाई पनि बार्षिक ३ लाख रूपियाँ विशेष भत्ता दिने लोभमा वीर शमशेरहरूले आफ्नो पक्षमा मिलाएका थिए । तर यो योजनाको सुइँको रणवीरजंगले पाएको हुनाले यो षड्यन्त्र सफल हुनसकेन । त्यसपछि पनि वीर शमशेरहरू मौकाको खोजीमा लागिरहे ।

त्यसै समयमा रूसले अफगानिस्तानको बाटो भएर भारतमाथि आक्रमण गर्ने हल्ला व्यापक हुनथाल्यो । ब्रिटिश सरकारले आफ्नो शक्तिमाथि विश्वास दिलाउन भारतको रावलपिण्डीमा (हाल पाकिस्तानमा) सैनिक प्रदर्शन गर्ने योजना बनायो । त्यस प्रदर्शनीमा नेपालले पनि सैनिक पठाउनुपर्ने भयो । रणोद्दीप सिंहले यसको जिम्मा वीर शमशेरलाई दिए । चार पल्टन सेना उनको मातहतमा भारत जाने भयो । त्यसमा वीर शमशेरका भाइहरू पनि परेका थिए । उनीहरूलाई त्यहाँ पठाइसकेपछि जंगबहादुरका छोरा जगतजंगलाई उत्तराधिकारी नियुक्ति गरेर आफू काशीबास जाने योजना रणोद्दीप सिंहले मनमनै बनाइसकेका थिए ।

यता मौकाको ताकमा बसिरहेका वीर शमशेर तथा उनका भाइहरूका लागि सत्ता हात पार्ने यो सुवर्ण मौका थियो । उनीहरूले आफ्नो मातहतमा रहेको सेनाको बलमा सत्ता हत्याउने योजना बनाए । तर त्यसको लागि आफूहरूले मात्र सबैथोक गर्नु सम्भव


श्री ५ त्रैलोक्यकी रानी, श्री ३ जुद्धकी छोरी ललित राज्येश्वरी देवी


रणवीरजंग


युद्धप्रतापजंग


जगतजंग राणा

**वीर शमशेरहरू बस्ने घर त्यतिखेरको प्रधानमन्त्री निवास नारायणहिटी दरवारबाट करिव ५ मिनेटको पैदल बाटोमात्र फरक थियो। सबै चाँजोपाँजो मिलिसकेपछि उनीहरू प्रधानमन्त्री निवासमा जान प्रस्थान गरे। अंग्रेजहरूले जरूरी चिठ्ठी पठाएका छन् प्रधानमन्त्रीलाई तुरून्तै जाहेर गर्नुपर्छ भनेर उनीहरू मूल ढोकाबाट सजिलैसाग भित्र पसे।**

थिएन । त्यसैले उनीहरूले माहिली मुमा महारानीलाई पहिले नै हातमा लिइसकेका थिए । खड्ग शमशेरका मामा कर्नेल केशर सिंह थापालाई पनि यस योजनामा समावेश गराइयो । केशरसिंह थापालाई नै लगाएर रणोद्दीप सिंहका सल्लाहकारहरू काजी लक्ष्मीभक्त पौडेल र कर्नेल गम्भिर कट्टुवाललाई पनि आफ्नो पक्षमा मिलाइयो । उनीहरूलाई 'रणोद्दीपलाई नमार्ने बरू काशीवास पठाइदिन्छौं' भन्ने आश्वासन दिइएको थियो र यो योजना सफल भएमा ५०/५० हजार रूपियाँ पुरस्कार दिने लोभ पनि उनीहरूलाई देखाइएको थियो ।

यी सबै चाँजोपाँचो मिलाइसकेपछि वीर शमशेरहरूले वि.सं. १९४२ मंसिर ९ गते बेलुका रणोद्दीपको हत्या गर्ने तय गरे । र, मंसिर १० गते उनीहरू रावलपिण्डी जान भारत प्रस्थान गर्ने भनेर वीर शमशेर ९ गते दिउँसै रणोद्दीपबाट विदा भएर आए । त्यही दिन रणोद्दीपको आदेशमा आफूलाई चाहिने हात-हतियार र गोलीगठ्ठा पनि हात पारे । त्यसपछि आफ्नो तैनाथमा भएका सैनिकहरूलाई टुँडिखेलमा पाल बनाई राखियो र आफूले प्राप्त गरेका सबै गोली गठ्ठाहरू पनि बाँडियो । त्यसको साथै उनीहरूलाई के पनि भनियो भने "भोलि विहान सबेरै हिँड्नुपर्छ । अर्डर नआइकन कोही पनि पालबाट बाहिर ननिक्लनू । प्रत्येक पालमा बाँसुरी बजेपछि तम्तयार भएर बाहिर निस्कनू । ब़िलम्ब नगर्नू ।"

त्यसपछि उनीहरू बेलुकी कसले के के गर्ने भन्ने योजना बनाउन थाले । योजनाअनुसार ध्वजनरसिंह राणा र रणोद्दीपले धर्मपुत्र बनाएर राखेको ब्यक्ति, जो प्रत्येक दिन बेलुका रणोद्दीपको दरवारमा सुत्न जाने गर्थे, लाई समयमै सुत्न जान नदिनको लागि रक्सीमा भुलाएर राख्न रण शमशेर खटिए । रणवीरजंग (यिनी जंगी अड्डाका मुख्य अफिसर थिए, वीर शमशेरले गोलीगठ्ठा लिएकोले शंकालु भएका थिए र उनले आफ्नो दाजु पद्मजंगसँग राति रणोद्दीपको दरवारमा सुत्न जानुपर्ने कुरा पनि उठाएका थिए)लाई रक्सीमा भुलाउन देव शमशेर खटिए । खड्ग शमशेर, भीम शमशेर र डम्बर शमशेर रणोद्दीप सिंहको हत्या गर्न जानको लागि खटिए । चन्द्र शमशेर बिजुली गारतलाई कन्ट्रोल गर्नका लागि खटिए । वीर शमशेर श्री ५ लाई कब्जा गर्ने काममा खटिए र अरू भाइहरू जंगी पहरा भएको ठाउँमा खटिए । त्यहाँ गम्भिर कट्टुवालले पालोमा बसेका आठ पहरीयाहरूलाई विभिन्न काममा खटाइसकेका थिए र उनीहरूको हात-हतियार कोठामा राखेर कोठा बन्द गरिसकेका थिए ।

वीर शमशेरहरू बस्ने घर त्यतिखेरको प्रधानमन्त्री निवास नारायणहिटी दरवारबाट करिव ५ मिनेटको पैदल बाटोमात्र फरक थियो । सबै चाँजोपाँजो मिलिसकेपछि उनीहरू प्रधानमन्त्री निवासमा जान प्रस्थान गरे । "अंग्रेजहरूले जरूरी चिठ्ठी पठाएका छन् प्रधानमन्त्रीलाई तुरून्तै जाहेर गर्नुपर्छ" भनेर उनीहरू मूल ढोकाबाट सजिलैसँग भित्र पसे । त्यहाँ पसिसकेपछि सबै भाइहरू आ-आफ्नो काममा खटिए । र, सबैले आ-आफ्नो जिम्माको काम पूरा गरिसकेपछि उनीहरू सबै दरवारको पटाङ्गिनीमा उपस्थित भए । सबैको उपस्थितिपछि सबै नै टुँडिखेलमा गएर जम्मा भए र त्यहीं नै वीर शमशेर श्री ३ तथा प्रधानमन्त्री भएको घोषणा गरियो ।

प्रधानमन्त्रीको घोषणापछि वीर शमशेरले सबभन्दा पहिले तोपाखाना कब्जा गर्न लगाए । त्यसपछि जंगबहादुरका सन्तान तथा आफ्ना विरोधीहरूको संहार गर्ने काम शुरू भयो । वीर शमसेर प्रधानमन्त्री भएको घोषणा भएपछि उनी त्यहाँबाट सैनिकहरू साथ लिएर साहेबज्यू उपेन्द्र विक्रम शाह (श्री ५ पृथ्वी वीर विक्रम शाहको काका)को निवासमा पुगे । त्यहाँबाट वीर शमसेरले आफ्ना विरोधीहरूलाई सिध्याउन सैनिकहरूलाई ठाउँ ठाउँमा खटाए ।

बद्रीनर सिंहका छोराहरू केदारनरसिंह राणा र ध्वजनरसिंह राणा रणोद्दीपको हत्या भएको थाहा पाउनेबित्तिकै आफूसँग भएको जरजावाहरात तथा पैसा बोकेर ब्रिटिस राजदूतावासमा शरण लिन पुगिसकेका थिए । जंगबहादुरको थापाथली दरवारमा जंगबहादुरका छोराहरू पद्मजंग, रणवीरजंग र नाति जुद्धप्रतापजंग (जगतजंगका छोरा)लाई मार्न पचास पचासजना सेनाका साथ एक एकजना अफिसरहरू पठाइयो । तर उनीहरू पनि हर्कजंग राणाबाट घटनाको सम्पूर्ण विवरण थाहा पाएकाले ब्रिटिश राजदूतावासमा शरण लिन पुगिसकेका थिए । युद्धप्रतापजंग भने बीचबाटै पक्रिएर मारिए । रणोद्दीप सिंहकी माहिली महारानी हरिपृयादेवी र मुमा जेठी महारानी जो जगतजंगको समर्थक थिए, उनीहरू पनि ब्रिटिश राजदूतावासमा शरण लिन पुगे ।

जगतजंग मनोहराको दरवारमा बसिरहेका थिए । उनलाई पनि हर्कजंग राणाले घटना भएको खबर गरेका थिए । तर उनी आफू रोलक्रमबाट हटिसकेको हुनाले 'मलाई के गर्लान् र ?' भनी त्यहीं नै ढुक्कसँग बसिरहे । फलस्वरूप उनी पनि बच्न सकेनन् । उनलाई मार्न त्यहाँ पनि सैनिक पठाइयो । त्यहाँ पुगेका सैनिकहरूले उनलाई तल आउन आह्वान गरे । उनी तल आउनको लागि भरेङ्गबाट ओर्लिरहेका थिए, त्यति नै बेला उनीमाथि कविराज थापा नामको सैनिकले गोली ठोकी दियो । उनी ढुनमुनिंदै भरेङ्गबाट खसे र छटपटाउन थाले । त्यहीबेला अर्को सैनिकलाई लगाएर उनको टाउको काट्न लगाइयो ।

यसरी वीर शमशेर र उनका भाइहरूले आफ्ना भाइहरूबाहेक प्रधानमन्त्रीको रोलक्रममा आउन सक्ने वृद्ध, युवा तथा बालक कसैलाई बाँकी राखेनन् । भेट्टएजति सबै भाइहरूलाई सखाप पारे । अरू बाँकी बचेकाहरू भारतमा निर्वासित भए । त्यसपछि धीर शमशेरका १७ भाइ छोराहरूले आफ्ना हातमा सत्ता सुनिश्चित पारे । तिनै भाइहरूले २००७ सालसम्म नेपालमा शासन चलाए ।

त्यही हत्याकाण्ड नेपालको इतिहासमा '४२ सालको पर्वको नामले स्थापित रहेको छ । यो हत्याकाण्डपछि दरवारमा यति ठूलो हत्याकाण्ड भएको तथ्य छैन । त्यो हत्याकाण्ड भएको ११६ वर्षपछि यही जेष्ठ १९ गते नारायणहिटीमै फेरि अर्को विभत्स हत्याकाण्ड भएको छ ।

यो हत्याकाण्ड किन र कसरी भयो भन्नेबारे चित्तबुझ्दो जवाफ दरवार, सरकार र उच्चस्तरीय समिति कतैबाट नपाएका आमजनताहरू यतिबेला प्रश्न गरिरहेछन्- के यो हत्याकाण्ड पनि ४२ साल पर्वजस्तै त होइन ?

❑

सन्दर्भ स्रोतहरू :


१) *श्री ३ हरूको तथ्य बृतान्त - पुरूषोतम ज.ब. राणा*
२) *अब यस्तो कहिल्यै नहोस् - बाबुराम आचार्य*
३) *नेपालको ऐतिहासिक रूपरेखा - बालचन्द्र शर्मा*

# किन र कसरी पहिरो जाँदैछ पिपुल्स वार ग्रुपमा ?

- राजेन्द्र महर्जन -

हिंसा र प्रतिहिंसाको आगोबीच फसिरहेको भारतको माओवादी पार्टी : भाकपा (माले) - पिपुल्स वार ग्रुपको राजनैतिक चिन्तन, त्यसको रणनीति र कार्यनीतिबारे भारतभित्रै अहिले ठूल्ठूला सवालहरूले टाउको उठाउन थालेका छन् । ती सवालहरू तब तब अगिल्छन्, जब जब पिपुल्स वार ग्रुपका छापामार दस्ताहरू अर्थात् दलमहरू र सेना-प्रहरीबीच दोहोरो भीडन्त हुन्छ वा दलमहरूले प्रहरी र सेनाबिरूद्ध आकस्मिक रूपमा आक्रमण गरी सनसनी र उत्तेजनाको लहर फैलाउँछन् वा दलमका छापामारहरू हत्या वा आत्मसमर्पणको चपेटामा पर्छन् ।

विगत ३-४ वर्षअगाडिदेखि पिपुल्स वार ग्रुपको छापामार शक्तिमा पहिरो जान थालेको संकेत देखिएको छ । रँ, सम्झौताहीन संघर्षको पक्षपाती भनिने यस ग्रुपले पनि आन्ध्रप्रदेश सरकार र भाजपाको केन्द्रीय सरकारसँग वार्ताको प्रस्ताव अगाडि सारेको छ । पहिले पहिले धेरैजसो राज्यसरकार र ग्रुपबीच अनवरत रूपमा सशस्त्र र प्रचार युद्ध चलिरहन्थ्यो । यसपटक राज्यसरकारले धुवाँधार रूपमा प्रचारयुद्ध छेडिरहेकै बेला ग्रुपले सशर्त वार्ताका लागि आफू तयार रहेको कुरा सार्वजनिक गर्‍यो । प्रख्यात क्रान्तिकारी कवि वरवर राव र विख्यात क्रान्तिकारी गायक-कलाकार गदरमार्फत् ग्रुपले मुठभेड रोक्ने शर्तमा वार्ताको संभावना रहेको खबर सार्वजनिक गरेको थियो । राज्य-सरकारका मुख्यमन्त्री चन्द्रबाबु नायडू र केन्द्रीय सरकारका गृहमन्त्री लालकृष्ण आडवाणीले हतियार छोड्ने शर्तमा मात्रै पिपुल्स वार ग्रुपसँग वार्ता गर्ने हठ गरे । त्यसपछि पिपुल्स वार ग्रुपको वार्ता प्रयासमाथि पनि प्रश्नचिन्ह लाग्यो ।

पिपुल्स वार ग्रुपको वार्ता प्रयास कुन उद्देश्यपूर्ति गर्नका लागि भएको हो भन्ने रहस्य त्यति राम्ररी खुलेको देखिंदैन । शक्ति संचयका लागि आवश्यक समय प्राप्त गर्नका लागि कि केही सम्झौता नै गर्नका लागि भन्ने सवाल स्पष्ट भइसकेको छैन । तर यसको पछाडि रहेको एउटा कटु यथार्थ के हो भने पिपुल्स वार ग्रुपको छापामार शक्तिमा व्यापक रूपमा पहिरो गइरहेको छ । सन् १९८० को शुरूवातदेखि क्रियाशील केन्द्रीय युवा नेतृत्व गिरफ्तारी, हत्या, झूठा मुठभेड, पलायन र दलपरित्यागका कारणले झनझन् सीमित हुँदैगइरहेको छ भने दोस्रो तहका नेताहरू केही हदसम्म भूमिगत रूपमा क्रियाशील छन् । तर भुइँ तहमा कार्यरत कार्यकर्ता र नेताहरूमा भने डरलाग्दो ढंगले स्खलन आइरहेको छ, विशेषतः 'गुरिल्ला जोनहरू'मा ।

पिपुल्स वार ग्रुपको वास्तविक स्थिति बुझ्नलाई 'गुरिल्ला जोन' नामाकरण गरिएका स्थानहरूमा त्यसको संगठन र छापामार शक्तिमा आइरहेको आरोह-अवरोहलाई सकेसम्म वस्तुवादी ढंगले रेखांकित गर्नु जरूरी छ । यहाँ मूलतः आन्ध्रप्रदेशमा रहेका गुरिल्ला जोनहरूमा ग्रुपद्वारा चलाइएको छापामार संघर्ष र त्यसमा देखापरेका समस्याहरूको शब्दचित्र प्रस्तुत गर्ने जमर्को गरिनेछ ।

### *दण्डकारण्य*

सन् १९८० को दशकको शुरूमा गुरिल्ला जोन निर्माण गर्ने कार्यनीतिक लाइन तय गरेपछि पिपुल्स वार ग्रुपले पहिलोपटक घोषणा गरेको गुरिल्ला जोन हो : दण्डकारण्य क्षेत्र । यसमा आन्ध्रप्रदेशको आदिलावाद जिल्ला, मध्यप्रदेशको बस्तर क्षेत्र, आन्ध्रप्रदेशसँग जोडिएका महाराष्ट्रका गडचिरोली तथा चन्द्रपुर जिल्लाहरू र उडिसाको मल्कानागिरि जिल्ला पर्दछन् । मूलतः पहाडी र जंगली इलाकाको रूपमा रहेको यस दण्डकारण्यमा बसोबास गर्ने आदिवासीहरूबीच यस ग्रुपको प्रभाव जरोजरोसम्म फैलिएको छ । चार चारवटा राज्यका विभिन्न प्रशासनिक क्षेत्रमा विभाजित यो क्षेत्र यति हदसम्म दुर्गम र विकट छ कि पुलिसले हतपति छिर्ने आँटै गर्दैनन् ।

पिपुल्स वार ग्रुपको बलियो पकड रहेको यस क्षेत्रमा विगतमा ३० देखि ३५ वटा दलमहरू र एउटा प्लाटुन क्रियाशील थिए । विगतमा यहाँका दलमहरूले सुनियोजित र ब्यवस्थित ढंगले नियमितजसो नै ठूल्ठूला छापामार आक्रमणहरू सफलतापूर्वक संचालन गरेका थिए । तर अहिले आएर त्यहाँ धेरै कम दलमहरू मात्रै सक्रिय छन् र तिनीहरूका आक्कल झुक्कल र छरपष्ट ढंगले हुने आक्रमणहरू हेर्दा तिनीहरूको शक्तिमा ह्रास आएको देखिन्छ । पिपुल्स वार ग्रुपका तीनजना प्रमुख युवा नेताहरू क. श्याम, क. महेश, क. मुरलीको झूठो मुठभेडमा निर्मम हत्या भएपछि



## पिपुल्स वार ग्रुपका गुरिल्ला जोनहरू




एकाएक छापामारहरूको प्रतिशोधकारी आक्रमणहरूको लर्को लागेको देखियो, तर सरकारको ठूलो दमनपछि प्रत्याक्रमणको लर्कोमा कमी आएको छ ।

निश्चित रूपमा चार चारवटा राज्यहरूमा फैलिएको यस क्षेत्रमा ग्रुपको सामरिक प्रभुत्व प्रभावशाली ढंगले फैलिएको छ । तर राजनीतिक परिदृश्यमाथि त्यस ग्रुपको प्रभावशाली उपस्थिति नदेखिनुलाई भने ठूलो विरोधाभाष मान्नु पर्दछ । त्यहाँ हुने ठूलठूला प्रजातान्त्रिक संघर्षहरू, जनताका सडक-संघर्षहरूमा ग्रुपको सहभागिता र सक्रियता शून्य नै देखिनु र केवल छापामार संघर्षमा मात्रै ऊ संकुचित हुनुले ठूलो सवाल उठाइदिएको छ । दुर्गम क्षेत्रका किसानहरूको वैधानिक संघर्षदेखि शहरी क्षेत्रको राजनैतिक आन्दोलनमा कुनै उपस्थिति नजनाइरहेको यो ग्रुप ती चारवटै राज्यको सामाजिक र राजनैतिक मूलधारबाट अलग-थलग देखिन्छ । जनसंगठन र जनसंघर्षमार्फत् सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्ने यो ग्रुप जनसंघर्षबाट अलग्गिएको कारणले छिटफुट रूपमा हुने दलमहरूको आक्रमण र बम विष्फोटको क्रममा मात्रै अस्तित्वमा रहेको महसूस हुन्छ ।

दण्डकारण्य इलाकाभित्र बसोबास गर्ने बहुसंख्यक आदिवासी जनतामाथि भइरहेको अमानवीय शोषण र उत्पीडनको अकथनीय कथा सुन्दा लाग्छ : यस ग्रुपले तिनीहरूलाई सचेत, संगठित र संघर्षशील बनाई शोषण र उत्पीडनबिरूद्ध ज्वारभाटा नै सिर्जना गर्नुपर्ने हो । तर त्यस ग्रुपको नेतृत्वमा कुनै आदिवासी संघर्ष वा विद्रोह भएको छैन, आदिवासीहरूले आफ्नै पहलमा शोषक र उत्पीडकहरूबिरूद्ध आन्दोलन छेड्दा पनि यस ग्रुपका छापामारहरूले संघर्षको 'ठेक्का' लिई उत्पीडकहरूको हत्या गर्ने कार्य गरी आदिवासीहरूको पहलकदमीलाई पनि कुल्चेको छ । र, त्यसका दलमहरू पुलिससँग हिंसात्मक संघर्षमै मग्न रहेको देखिन्छ । त्यसैले लाग्छ, पिपुल्स वार ग्रुप कहीं छापामार दस्ताहरूको युद्धमा मात्रै त फसिरहको छैन ?

दण्डकारण्यका आदिवासी जनताको संघर्षलाई चेतना र संगठनले लैश गर्नुपर्ने माओवादी पार्टी पुलिससँगको दोहोरो भीडन्तमै सीमित रहेको कारणले सरकारलाई दमन गर्न एक हदसम्म सजिलै भइरहेको छ । अहिले त्यस क्षेत्रमा एकातिर चर्को पुलिस दमन जारी छ भने अर्कोतिर भारतको सबैभन्दा प्रतिक्रियावादी पार्टी- भारतीय जनता पार्टी (भाजपा) अत्यन्त आक्रामक ढंगले संगठन विस्तारमा क्रियाशील भइरहेको छ । ग्रुपका दलमहरूको सक्रियता रहेको क्षेत्रमै आदिवासी जनतालाई आफ्नो संगठन वरिपरि गोलबन्द गरी सडकमा उतार्नसमेत भाजपा सफल हुन थालेको छ । तर ग्रुपको बिडम्बना कस्तो देखिन्छ भने उसले आदिवासीहरूको सशक्त संगठन र संगठित आन्दोलनको लहर चाहिं चलाउँदैन तर भाजपाले आदिवासीहरूलाई संगठित गरेकोमा मुर्मुरिएर भाजपाका नेताहरूलाई चेतावनी दिने, हत्याको धम्की दिने र अपहरण गर्ने कार्य भने गरिरहको छ । आदिवासीहरूको सशक्त संगठन र जुझारू आन्दोलन अनि भाजपाको पहलकदमीविरूद्ध जनपरिचालन गर्न नसक्नु ग्रुपको ठूलो कमजोरीको रूपमा देखापरिरहेको छ । यो कमजोरी उसको जनसंगठन र परिचालनलाई बेवास्ता गरी छापामार कारवाहीमाथि मात्र अत्यधिक निर्भर हुने कार्यनीतिसँग जोडिएको रोगको लक्षणका रूपमा अभिव्यक्त भइरहेको छ ।

यति हुँदाहुँदै पनि दण्डकारण्य क्षेत्रमा यस ग्रुपको संगठन मजबूत नै देखिन्छ । सन् १९९७ मा दण्डकारण्य स्पेशल जोनल कमिटीका सदस्य येर्रम रेड्डी पुरूषोत्तम रेड्डीले आत्मसमर्पण गर्दा यस ग्रुपलाई नराम्रो धक्का पुगेको थियो । उनी आन्ध्रप्रदेश स्टेट कमिटीका सचिव क. महेश अर्थात् केही समयअगाडि मारिएका तीनजना केन्द्रीय युवा नेताहरूमध्येका एक सन्तोष रेड्डीका भाइ हुन् । पुरूषोत्तम रेड्डीको आत्मसमर्पणपछि विभिन्न दलमका छापामारहरू र त्यसका कमाण्डरहरूको आत्मसमर्पणले पनि केही धक्का दिएको थियो, विशेषतः महाराष्ट्र राज्यको गडचिरोलीमा क्रियाशील दलमका छापामारहरूको आत्मसमर्पण केही प्रभावकारी भएको थियो । पछिल्लो चरणमा आदिलावादको आदिवासी क्षेत्र र कोइला खानी क्षेत्रमा गएको कार्यकर्ताहरूको पहिरोले यस ग्रुपमा नराम्रो असर पुऱ्याएको छ । तापनि यस ग्रुपले आफ्नो शक्तिलाई यथावत कायम गरिराख्न भरमग्दुर प्रयत्न गरिरहेको छ ।

## उत्तरी तेलंगाना

यो स्पेशल जोनअन्तर्गत आन्ध्रप्रदेशका निजामावाद, करिमनगर, वारंगल र खम्मम जिल्लाहरू पर्दछन् । यस क्षेत्रलाई पिपुल्स वार ग्रुपको

> जनसंगठन र जनसंघर्षमार्फत् सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्ने यो ग्रुप जनसंघर्षबाट अलग्गिएको महसूस हुन्छ



*शीविरमा सक्रीय पिपुल्स वार ग्रुपका योद्धाहरू*

**यस्तो स्थितिमा ग्रुपको नेतृत्वले आफ्ना अराजकतावादी भड्कावहरू र कार्यनीतिक गल्ती–कमजोरीहरू हटाउन केही प्रयत्न नगरेको होइन**



सशस्त्र संघर्षले ल्याएको राजनैतिक भुईंचालोको केन्द्रविन्दुको रूपमा लिइन्छ । खम्मम जिल्लाका केही भागमा बाहेक, चारैवटा जिल्लाकै अधिकांश भू-भागमा दलमहरूको क्रियाशीलता छाएको छ र ती दलमहरूले जनअदालतद्वारा न्याय प्रदान गर्ने कार्य गर्दै आइरहेका छन् । करिमनगर जिल्लाको पेडापल्ली क्षेत्र र वारंगल-खम्मम जिल्लाको सीमामा रहेको इतुरूनागरम क्षेत्रमा दुईवटा ग्रुपका केन्द्रीय छापामार स्क्वाड क्रियाशील रहेका छन् । अत्याधुनिक हतियार र सैनिक क्षमतायुक्त मानिने ती दुवै प्लाटुनहरूको उपस्थितिले ती चारवटै जिल्लामा छाइरहेको ग्रुपको सैनिक शक्तितर्फ संकेत गरिरहेको छ । तर विगत केही वर्ष यतादेखि यस क्षेत्रमा ग्रुपले ठूलो क्षति व्यहोर्नु परिरहेको छ, विशेषतः मुठभेड, भूठो मुठभेड, आत्मसमर्पण, आन्तरिक विवाद र संघर्ष-मतभेदका कारणले कार्यकर्ताहरू यस ग्रुपबाट अलगिने क्रम व्यापक रूपले शुरू भएपछि ग्रुपको शक्तिमा पनि भुईंचालो आउन थालेको छ ।


जनसंघर्षबाट अलग-थलग भई दस्ता युद्धमा मात्रै सीमित रहेको कारणले यो ग्रुप धेरै हदसम्म जनताबाट पनि अलगिएको बताइन्छ । अतः कृषिसम्बन्धी सवालमा संघर्ष उठाउनका लागि गरिएको घोषणा पनि क्रियान्वयन भएको छैन । ग्राम राज्य कमिटी र ग्राम रक्षा दलमहरूको निर्माण कार्य पनि दस्तावेज र सर्कुलरहरूमा मात्रै सीमित रहेको गुनासो कार्यकर्ता र समर्थकहरूमा व्यापक रूपमा रहेको छ । घुमीफिरी दलमहरूमा मात्रै केन्द्रित सैनिक क्रियाकलापहरूले राजनैतिक र वैचारिक अभियानलाई बढावा दिन नसकेको र स्थानीय जनताको सचेत र संगठित पहललाई वृद्धि गर्न नसकेको यथार्थ त्यहाँ विद्यमान छ । उन्नत स्तरको वर्ग संघर्ष र जन संघर्षको संभावना बोकेको यस क्षेत्रका जनताको सहभागिताविनाको दस्ता- युद्ध, छापामार आक्रमण र जनताका शत्रुहरूको सफायाले ग्रुपको 'रबीनहुड' छविलाई व्यापक रूपमा प्रचारित गरिरहेको छ, तर यस्तो अराजकतावादी कार्यले क्रान्तिकारी छविमाथि भन्ने प्रश्नचिन्ह उठाउन थालेको छ ।

यस्तो स्थितिमा ग्रुपको नेतृत्वले आफ्ना अराजकतावादी भड्कावहरू र कार्यनीतिक गल्ती-कमजोरीहरू हटाउन केही प्रयत्न नगरेको होइन । तर त्यस क्षेत्रका नेताहरूको हत्या, आत्मसमर्पण र चर्को अन्तरद्वन्द्वले सुधारको प्रयत्नलाई बाधा दिइरहेको छ । यस जोनका सचिव क. मुरली र सदस्य तथा करिमनगर जिल्ला कमिटीका सचिव क. विजयलाई सरकारले मारेपछि अहिले क. आनन्दलाई जोनका सचिव बनाइएको छ । निजामावाद जिल्ला सचिव क. हरिभूषणलाई उत्ताउलो काम गरेको आरोपमा पजनी गरिएको छ । र, क. विजयको हत्यापछि नेतृत्वको संकट टार्न क. मार्कण्डेयलाई करिमनगर जिल्ला सचिवका रूपमा स्थापित गरिएको छ । अर्कोतिर, करिमनगरकै पुराना जिल्ला सचिव क. प्रसाद कैयौं शौर्यपूर्ण संघर्षपछि नर्थ तेलंगाना स्पेशल जोन कमिटीका सदस्यसमेत बन्न सफल भएता पनि अचेल चारैतिरबाट एक्लिएका समाचारहरू आइरहेका छन् । क. विजयभन्दा अगाडि करिमनगरका जिल्ला सचिव रहेका बोडाकुन्ता सतैयाले प्रहरीसमक्ष आत्मसमर्पण गरेको घटनाले पनि ग्रुपमा हलचल ल्याएको छ । र उनकै बाटो लागेर करिमनगर तथा वारंगल जिल्लाका जिल्ला पार्टी सदस्यहरूले समेत आत्मसमर्पण गरेपछि ठूलो भूकम्प नै गएको छ । यी समस्याहरूको कारणले छापामार संघर्षलाई माथिल्लो स्तरमा विकास गर्ने घोषणा व्यवहारमा सार्थक भएको छैन, खम्ममस्थित काकेगुडमको पुलिस स्टेशनमा गरिएको एउटा ठूलो आक्रमणबाहेक अरू नयाँ र उन्नत स्तरका आक्रमणहरू नहुनुले देखाइरहेको छ : छापामार शक्तिमाथि पुलिस र सेनाको दवाब चर्किंदैछ । नक्सलवादीहरूविरूद्ध गठित स्क्वाड-ग्रेहाउण्डहरू, सीआरपीएफ र एपीएसपीका सैनिक र प्रहरी जवानहरूको आक्रमण चर्किंदै गइरहेको स्थितिमा निजामावादको वंशवादा दलम र वारंगलको अन्नासागर दलमलाई ध्वस्त पारिएको तथा माल्लियाल र जांगतियाल दलमहरूले ठूलो नोक्सानी ब्यहोर्नु परेको यथार्थ सार्वजनिक भएको छ ।

यसबीच मुठभेडको क्रममा अत्यधिक मात्रामा दलम सदस्यहरूको हत्या भएको कारणले पिपुल्स वार ग्रुपलाई जति बेसी क्षति भइरहेको छ, त्योभन्दा बेसी हानी भइरहेको छ : छापामारहरूको आत्मसमर्पण र दलमबाट पलायनले गर्दा । इतुरूनागरम स्थित सिर्नपल्ली जंगल र रामगिरि फोर्ट एरियामा भएका यस ग्रुपका प्लेनरी मिटिङहरू र सैन्य प्रशिक्षण शिविरहरूमाथि पुलिस र सेनाको आक्रमणमा उच्च नेतृत्व र छापामारहरू रौं-रौंले मात्रै बचन सफल भएको खबर पनि यहाँ उल्लेखनीय देखिन्छ । अहिले पुराना छापामार दलमहरू विस्तारै निष्क्रिय हुँदैछन्, जस्तो करिमनगरभित्र क्रियाशील रहेका करिब २० वटा स्क्वाडहरूमध्ये अहिले दुई या तीनवटा मात्रै सक्रिय रहेका छन् । अर्कोतिर, पिपुल्स वार ग्रुपको अत्यन्त ठूलो प्रभाव रहेको यस क्षेत्रमा अरू छापामार समूहहरू जनशक्ति, दलित बहुजन शक्ति, प्रतिघटना, प्रजाप्रतिघटना, पीसीसी र फणि बाग्ची समूह पनि निकै क्रियाशील हुन थालेका छन् भन्ने कुरा पनि यहाँ स्मरणीय छ ।

यस क्षेत्रमा पिपुल्स वार ग्रुपको शक्ति घट्नुको कारण हत्या, मुठभेड, आत्मसमर्पण मात्रै होइनन्, वस्तुगत स्थितिमा आएको परिवर्तनलाई त्यसले आत्मसात गर्न नसक्नु पनि हो भन्दा फरक नपर्ला । २०-३० वर्षभित्र यस क्षेत्रको सामाजिक-आर्थिक स्थितिमा उथलपुथल हुने हदसम्मको सुधार भइसकेको छ । जस्तो- निजामाबाद जिल्लामा निजामसागर प्रोजेक्टबाट व्यापक स्तरमा फैलिएको सिँचाइको सुविधाले त्यहाँको जनजीवन र आर्थिक सम्बन्धमा धेरै नै फरक ल्याउन थालिसकेको छ । तर यस ग्रुपले छापामार दलमहरूमार्फत् दस्ता -युद्ध केन्द्रित आफ्नो कार्यनीतिलाई समय र परिस्थितिको परिवर्तनसँगै समायोजन गर्न नसकेकोमा क्रान्तिकारी बौद्धिकहरूको आलोचना सहनु परिरहेको छ । त्यो ग्रुप यस क्षेत्रका किसान र अन्य जनसमुदायका नवीन समस्याहरूलाई राम्ररी सम्बोधन गरेर सचेतनता, संगठन र संघर्ष विस्तार गर्ने र दीगो राजनैतिक र रणनीतिक कार्य गर्ने काममा निकै पछि पर्न थालेको आभास भइरहेको छ ।

वारंगल जिल्ला पहिले पिपुल्स वार ग्रुपको एउटा वैचारिक-राजनैतिक हेडक्वार्टर मानिन्थ्यो, तर अहिले त्यो पुरानो असल छवि धूमिल हुन थालेको छ । यहींबाट ग्रुपको माओवादी विचार भ्याँगिने र माओवादी वौद्धिकहरूमा ऊर्जा फैलिने क्रम शुरू भएको मानिन्छ । तर अहिले यहाँको काकातिया विश्वविद्यालय क्रान्तिकारीहरूको होइन, क्रान्तिविरोधी भारतीय जनता पार्टी (भाजपा)को विद्यार्थी संगठनको रूपमा क्रियाशील दक्षिणपन्थीहरूको अखडा हुन थालेको छ । भनिन्छ, पहिले ग्रुपको वारंगल जिल्ला कमिटी र त्यसका नेता-कार्यकर्ताहरू वैचारिक र राजनैतिक



परेडमा पी डब्लु जी का लालसेनाहरू

*चारैवटा जिल्लाकै अधिकांश भू-भागमा दलमहरूको क्रियाशीलता छाएको छ र ती दलमहरूले जनअदालतद्वारा न्याय प्रदान गर्ने कार्य गर्दै आइरहेका छन्*

रूपले निकै नै उन्नत, विकसित र अग्रगामी थिए । तर अहिले यहाँको वैचारिक राजनैतिक कर्ममा आन्तरिक संघर्ष, जनताबाट अलग्गिएको अतिवादी कार्यदिशा आदिका कारणले ती सबैमा ग्रहण लागेको छ । र, यहाँको बौद्धिक क्षेत्रमा त्यस ग्रुपको प्रभाव सन् १९७० र ८० को दशकमा भन्दा धेरै नै घटेको छ । त्यसबेला छिटै क्रान्ति गर्ने हतारोमा विभिन्न क्रान्तिकारी रोमान्सेली सपनासहित दलममा सहभागी भएका छापामारहरूसमेत अचेल कुनै वैचारिक-राजनैतिक ऊर्जा र सैनिक उत्तेजनाको अभावमा मोहभंगवश आत्मसमर्पण गर्न हतारो गरिरहेका छन् । पलायन र आत्मसमर्पण यहाँका युवा क्रान्तिकारीहरूको आम समस्याको रूपमा देखा परेको छ ।

धेरैजसो आदिवासीहरूको बसोबास रहेको खम्मम जिल्लामा पनि यस ग्रुपले आदिवासीहरूको न्यायोचित संघर्ष र विद्रोह संगठित गर्न नसक्दा यहाँ पनि यस ग्रुपको शक्तिमा क्षय आउन थालेको छ । पहिले आदिलाबाद जिल्लामा जस्तै आदिवासी विद्रोह संगठित हुँदा पनि यसले दीगो खालको वैचारिक-सांस्कृतिक र राजनैतिक कर्मद्वारा सफलताको विन्दुसम्म पुऱ्याउनुको सट्टा सनसनीपूर्ण छापामार आक्रमणद्वारा सैनिक समाधान खोज्ने प्रवृत्ति देखाउँदै आइरहेको छ । कार्केगुडम क्षेत्रमा आदिवासी संघर्ष चलिरहकै बेला अचानक पुलिस स्टेशनमाथि छापामार आक्रमण हुँदा प्रहरी र सेनाको निर्मम दमनको वातावरण बन्यो र आदिवासी संघर्ष उठ्नै नसक्ने हदसम्म थला पऱ्यो ।

अर्कोतिर खम्मम जिल्लामै जनस्तरीय सुधार, संघर्ष र जनपरिचालनको अभाववश र वैचारिक राजनैतिक अभियानको कमीको कारणले सिर्जना भएको शून्यता (भ्याकुम) भर्न विभिन्न वामपन्थी पार्टीहरू चुनौतीका साथ अगाडि आएका छन् । इलेण्डु क्षेत्रमा भाकपा (माले) न्यू डेमोक्रेसी, भद्राचलम क्षेत्रमा भाकपा र जिल्लाको वाणिज्य-व्यापार फस्टाएको दक्षिणी भागमा माकपाको राजनैतिक अग्रसरता यस ग्रुपका लागि टाउको दुखाइको विषय भइरहेको छ । ती पार्टीहरू केही हदसम्म जन-आधारित संघर्ष गर्दै अगाडि बढ्न थालेपछि यस ग्रुपका सामु पनि आफ्नो संघर्षको सुरूवातको अवस्थामा उत्तरी तेलंगानाका जिल्लाहरूमा चलाइएजस्तै जनव्यापी संघर्ष र विद्रोहको अभियान फेरि एकपटक चलाउन चारैतिरबाट दवाब बढ्न थालेको छ । तर विडम्वनाको कुरो कस्तो छ भने, यो ग्रुप




दक्षिणी तेलंगानामा पिपुल्स वार ग्रुपको छापामार अभियानको गम्भीर समस्याको रूपमा रविनहुड शैलीको छापामार कारवाही नै देखापऱ्यो

छापामारहरूको दस्ता-युद्धको मानसिकताभन्दा माथि उठ्न सकेको संकेत कहीं पाइएको छैन । र, संशोधनवादीहरूविरूद्ध वैचारिक-सांस्कृतिक र राजनैतिक संघर्ष चलाउनुको सट्टा हतियार चलाउने र विपक्षी वामपन्थी कार्यकर्ता र नेताहरूको भौतिक सफाया गर्ने हदसम्मको अतिवादबाट यो ग्रुप मुक्त भएको आभास पनि पाइएको छैन ।

## दक्षिणी तेलंगाना

यस जोनमा पिपुल्स वार ग्रुपले मेडक, नालगोण्डा र मेहबूबनगर जिल्लालाई समावेश गरेको छ । यहाँ गुरिल्ला जोनको स्थापनाको दिशामा प्रारम्भिक चरणको काम भइरहेको छ । तर विगत ३-४ वर्षदेखि सबैभन्दा बेसी क्षति भइरहेको क्षेत्र पनि यही भइरहेको छ । यहाँ सन् १९९७ मा साउथ तेलंगाना जोन कमिटीका दुईजना प्रभावशाली सचिवहरूको प्रहरीद्वारा हत्या भएको थियो । प्रहरी र सेनासंगको भिडन्तमा यहाँका कम्तीमा पनि तीनवटा दलमहरू ध्वस्त भएका थिए, जसमा गिरायापल्ली दलम र गुम्मीदिदाला टीयू दलम उल्लेखनीय छन् । र, मेडकमा मात्रै कैयौं वरिष्ठ नेताहरूको हत्या भएको छ ।

नालगोण्डामा त दलम छाडेर गएकाहरूको डफ्फाले आक्रमण गरेर कृष्णापत्ती दलमका आफ्नै चारजना समवयी कार्यकर्ताहरूको हत्या गरेको थियो । यादागिरिगुत्ता पुलिस स्टेशनमा आक्रमण भएपछि नालगोण्डा जिल्ला कमिटीका सचिव किरण कुमारको हत्या भएको थियो । त्यसभन्दा अगाडि दुईजना जिल्ला सदस्यहरूका साथ एक दर्जनभन्दा बेसी छापामारहरूले पुलिससमक्ष आत्मसमर्पण गरेका थिए भने धेरैजसो दलमहरू निष्क्रिय हुन थालेका थिए । यादागिरिगुत्ता पुलिस स्टेनशनमाथिको छापामार आक्रमण हुने खबर दलमभित्रकै व्यक्तिबाट पाएपछि सरकारले सिंगै जिल्ला कमिटीलाई स्वाहा पार्ने षडयन्त्र रचेको थियो, जसमा ऊ धेरै हदसम्म सफल पनि भएको थियो ।

दक्षिणी तेलंगानामा पिपुल्स वार ग्रुपको छापामार अभियानको गम्भीर समस्याको रूपमा रविनहुड शैलीको छापामार कारवाही नै देखापऱ्यो । कुनै दीगो जनसंगठन, त्यसका लागि गर्नुपर्ने वैचारिक-राजनैतिक कामजस्ता आधारभूत कार्यहरूसमेत नगरी छापामार दस्ताहरू मात्रै पठाउने, भाषणवाजी गर्ने, उत्पीडकहरूको सफाया गर्ने र पुलिस चौकीमाथि कारवाही गर्नेजस्ता काममै त्यसले आफूलाई सीमित गरेको थियो ।

'लाल आतंक' छाएपछि जनतामा स्वतः चेतना जाग्छ, उनीहरू त्यत्तिकै संगठित हुन्छन् भन्ने यान्त्रिक चिन्तनले ग्रस्त अलग-थलगका छापामार कारवाहीहरूले उसलाई फाइदाभन्दा बेफाइदा नै बेसी गर्न थालेको छ, जुन गम्भीर क्षतिको रूपमा अभिव्यक्त भइरहेको छ ।

## पूर्वी क्षेत्र

मूलतः आदिवासीहरूकै बसोबास रहेको यस क्षेत्रको कथा पनि अरू ठाउँको तुलनामा धेरै फरक छैन । पूर्वी गोदावरी जिल्लाको पहाडी क्षेत्रदेखि विशाषा एजेन्सी एरिया र श्रीकाकुलम डिभिजनमा फैलिएको यस क्षेत्रमा पनि पिपुल्स वार ग्रुपको राम्रो प्रभाव रहेको छ । विशेषतः विशाषा एजेन्सी एरियाका आदिबासी बहुल क्षेत्रमा यसको प्रभावशाली जनाधार रहेको छ । तर यस ग्रुपको अन्धतापूर्ण छापामार कारवाहीले त्यसको जनाधारमा भुइँचालो ल्याउन थालेको पक्ष यहाँ दुःखपूर्वक उल्लेख गर्नैपर्ने देखिन्छ ।

रणनीतिक रूपमै सदाबहार चुनाव बहिष्कार गर्ने नीतिलाई आँखा चिम्लेर लागू गरिरहेको यस ग्रुपले सन् १९९८ को चुनाव पनि बहिष्कार गरेको थियो । त्यसै क्रममा यस ग्रुपका दलमहरूले चुनाव-अधिकारीहरू, अरू पार्टीका नेताहरू र पुलिसहरूलाई मार्नका लागि ठाउँ ठाउँमा बम विछ्याएका थिए । विशाषा एजेन्सी एरियामा विछ्याइएको बम पड्किँदा सात जना निर्दोष आदिवासीहरूको मृत्यु भएको थियो, जो पुलिसको दवाववश मतपेटिका टाउकोमा बोकेर हिँडिरहेका थिए । निर्दोष आदिवासीहरूको हत्या भएपछि स्थानीय आदिवासी जनसमुदायमा पिपुल्स वार ग्रुपको मनपरी हत्या र अन्धतापूर्ण चुनाव बहिष्कारको नीतिमाथि ठूलो प्रश्नचिन्ह उठेको थियो । त्यसपछिका वर्षहरूमा आदिवासी जनसमुदायको पिपुल्स वार ग्रुपप्रतिको समर्थन, सहयोग र सक्रियतामा कमी आउनुका साथै आदिवासी बहुल दलमहरूमा पलायन र विद्रोहको क्रम शुरू भएका उदाहरणहरूको कुनै अभाव छैन ।

यस ग्रुप र जनसमुदायबीच फैलिएको अविश्वास र असहयोगको खाडल अहिले भन् भन् बढ्दैछ, किनकि यस ग्रुपले जनसमुदायसँग एकाकार हुने काममा भन्दा अलगिने खालका छापामार कारवाहीहरूमाथि जोडदिने क्रममा कुनै कमी ल्याएको छैन । त्यसैले बदलिँदो समय र फेरिँदो जनजीवनका समस्याहरूलाई ठीक

ढंगले सम्बोधन गर्न नसकेर पूर्वी क्षेत्रका सीमान्त इलाकाका जनताहरू ग्रुपको प्रभावबाट बाहिरिन थालेका छन् । पूर्वी गोदावरीको पेडामाल्लापुरम गाउँमा रहने आदिवासी जनता यस ग्रुपका अराजकतावादी र उग्रवादी हुने हदसम्मका, जनताको संघर्षबाट अलग्गिएका, मनपरी ढंगले गरिएका छापामार कारवाहीहरूबाट वाक्क दिक्क नै हुन थालेका संकेतहरू देखिएका छन् । त्यहाँको 'गिरिजन कोअपरेटिभ कर्पोरेशन'लाई बमले उडाइएपछि आदिवासी जनता रासन, मलखाद, कृषि ऋणबाट बञ्चित भएका छन् । तर बम विष्फोट गर्ने यस ग्रुपले त्यसको समुचित विकल्प दिने वा त्यसका लागि जनसमुदायलाई नै संगठित गर्ने काममा कुनै ध्यान दिएको छैन ।

त्यसमाथि शहर बजारसँग जोड्ने सडकको निर्माणको विरोध गर्ने र त्यहाँ चल्ने बसहरू जलाउने कार्य गरेपछि यस ग्रुपविरूद्ध आदिवासीहरू निकै आक्रोशित भए । स्थानीय सामाजिक कार्यकर्ताहरूको नेतृत्वमा ती आदिवासीहरूले विशेषतः महिलाहरूले यस ग्रुपविरूद्ध प्रतिरोध संघर्ष नै थालनी गरे र अन्ततः घोषणा गरे : अब पिपुल्स वार ग्रुपका छापामारहरूलाई गाउँमा घुस्न दिने छैनौं ।

स्थानीय दलमले शुरूमा आक्रोशित महिलाहरूसमक्ष माफी माग्यो तर महिलाहरूले पूरै उपेक्षा गरे । यसबाट आक्रोशित भएका दलमका छापामारहरूले पछि एक रात गाउँमा पसेर महिलाहरूलाई नराम्ररी पिटे, स्थानीय पंच र मण्डल पंचायत सदस्यको हत्या गरे । त्यसबाट स्थानीय आदिवासी जनता र जनताको मुक्तिका लागि जनयुद्ध लडिरहेको दावी गर्ने माओवादी छापामारहरूबीच हिंसात्मक टक्कर शुरू भयो । अन्ततः पूर्वी क्षेत्रीय पार्टी कमिटीका उग्र र गरम स्वभावका सचिवले जनतासमक्ष भुक्नुको सट्टा प्रहरीसमक्ष आत्मसमर्पण गरे, जसले उक्त जनविरोधी आक्रमणको निर्देशन गरेका थिए ।

> **स्थानीय दलमले शुरुमा आक्रोशित महिलाहरुसमक्ष माफी माग्यो तर महिलाहरुले पूरै उपेक्षा गरे**

जनतालाई सचेत र संगठित गरिएन भने, उनीहरूको बदलिँदो समस्या अनुरूपको नीति र कार्यक्रम तय गर्न सकिएन भने के दुष्परिणाम निस्कन्छ भन्ने कुरा पनि पूर्वी क्षेत्रमा देखिएको छ । पहिले पहिले त्यहाँका आदिवासीहरू छापामारहरूलाई हार्दिकतापूर्वक स्वागत गर्थे, किनकि उनीहरूको जग्गा जमीन गैर-आदिवासी जमीन्दारहरू लगायत विभिन्न निहित स्वार्थ भएका तत्वहरूले खोसेर लिने गरेका थिए । छापामारहरूको बाह्य हस्तक्षेपपछि त्यो समस्या समाधान भयो र आदिवासीहरू खेतीको नयाँ चरणमा प्रवेश गरेपछि छापामारहरूप्रतिको उनीहरूको व्यवहारमा पनि फरक आउन थाल्यो । नियमित रूपमा नगदेबाली लगाउने र बन्द व्यापार गर्ने आदिवासीहरूको उन्नत स्तरको विकासको चाहनालाई छापामारहरूले सम्बोधन गर्न नसकेपछि अब त्यहाँ छापामारहरूको उपस्थितिको औचित्यमाथि नै प्रश्नचिन्ह उठ्न थालेको छ ।

श्रीकाकुलमजस्ता ऐतिहासिक छापामार संघर्ष भएको जिल्लामा पनि प्रहरी र सेनाको दमनको श्रृंखला बढ्दै जान थालेपछि र कुप्पागान्धीमा भएको पार्टीको प्लेनरी मिटिङ्गमाथि हस्तक्षेप भएपछि यस ग्रुपका केही दलम कमाण्डरहरू र विभिन्न दलमका २५ जनाभन्दा बेसी छापामारहरूको हत्या भइसकेको छ ।

आन्ध्र प्रदेश स्टेट कमिटी अन्तर्गतका दक्षिणी सीमान्त इलाकादेखि रायलसीमा क्षेत्रसम्म आत्मसमर्पणको लहर चलेको देख्दा त्यहाँका वामपन्थी बौद्धिकहरूसमेत स्तब्ध र दुःखित भएका छन् । त्यसमाथि, केही समयअगाडि विभाजित भएको पिपुल्स वार ग्रुपका संस्थापक नेता क. कोण्डापल्ली सीतारमैयाको समूह र क. गणपतिको समूहबीचको भडप, विशेषतः अनन्तपुरमा भएको भीडन्तले पनि पिपुल्स वार ग्रुपको विस्तारमा असहयोग पुऱ्याइरहेको छ । यसै क्रममा कुर्नूल जिल्लाको भम्पेता गाउँमा पिपुल्स वार ग्रुपले तथाकथित पिछडिएका जातिका ७ जना दलितहरूलाई जिउँदै जलाएपछि, जनता र यस ग्रुपबीचको खाडल भन् फराकिलो र गहिरो भएको छ ।

आत्मसमर्पण र पलायनको कथा र दलम सिँगै मासिएको व्यथा अन्य जिल्लाहरूमा पनि दोहोरिएका छन् । चित्तौरकुडप्पा जिल्लाहरूमा केही दलमहरू र त्यसका नेताहरूसमेत सखाप पारिएका थिए । प्रकाशम-नेल्लोर-गुन्टुर इलाकाभित्रका क्षेत्रहरूमध्ये नाल्लामाला क्षेत्रमा यस ग्रुपको बलियो पकड भएपनि अचेल त्यहाँ पनि जिल्लास्तरीय नेताहरू र दलम कमाण्डरहरूले समेत आत्मसमर्पण गरेका नयाँ-नयाँ कथाहरूले धेरैको चित्त रूवाएको छ । तर कटु वास्तविकताको चित्रण गर्नैपर्ने बाध्यता भएकोले यहाँ यस ग्रुपमा गइरहेको पहिरोको चित्र दिन खोजिएको हो । यस चित्रले भारतको माओवादी पार्टी, त्यसको जनयुद्ध र जनयुद्धका रणनीति र कार्यनीतिहरूमाथि ठूलाठूला प्रश्नचिन्हहरू उभ्याएको दृश्य देखिएको छ । ❑

*(अर्को अंकमा पिपुल्स वार ग्रुप निकटका बुद्धिजीवी, मानवअधिकारवादी र समाजशास्त्रीहरूको आलोचनात्मक विश्लेषण प्रस्तुत गरिनेछ । - ले.)*




**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको**

राज्यारोहणको पावन अवसरमा मौसूफको दीर्घायु, सुस्वास्थ्य, संमृद्धि र सुशासनको लागि भक्तिपूर्वक मंगलमय शुभकामना चढाउँदछौं ।

हार्दिक मंगलमय शुभकामना !

KMM

**काठमाण्डौ मैदा मिल्स प्रा. लि.**

बालाजु औद्योगिक क्षेत्र

टेलिफिल्म





# 'अविरल बग्दछ इन्द्रावती'

**रमेश विकल**द्वारा पंचायती व्यवस्थाकै कार्यकालमा लेखिएको चर्चित उपन्यास *'अविरल बग्दछ इन्द्रावती'*लाई बद्री अधिकारीले पटकथा र संवादमा ढाली निर्देशनसमेत गरी टेलिफिल्मको रूप दिए । ४३ श्रृंखलामा बाँडिएको यो टेलिफिल्मलाई नेपाल टेलिभिजनले गत महिनामात्र प्रशारण गरी सिध्याएको छ ।


यो टेलिफिल्मले नेपाल टेलिभिजनका दर्शकहरूमध्ये गाउँले दर्शकहरूलाई मात्र आकर्षित गर्ने धेरैको अनुमानका विपरीत यसले शहरीया दर्शकहरूलाई पनि राम्ररी नै आकर्षित गरेको पाइयो । बौद्धिक समूदायमा पनि यो चर्चाको विषय रह्यो ।

सिन्धुपाल्चोकस्थित इन्द्रवती नदीको तिरमा रहेका माझी जातिका मानिसहरूमाथि स्थानीय ठालू सामन्तहरूले गरेको थिचोमिचो र शोषणलाई दर्शाइएको यस टेलिफिल्मले सो क्षेत्रमात्र नभई देशका धेरै गाउँ-बस्तीहरूमा भैरहेका थिचोमिचोहरूको पनि प्रतिनिधित्व गरेको छ । पंचायती कालको घटना भएपनि यसले आजको समयको पनि चित्र उतारेको छ । यसै कारणले गर्दा नै हो- यो टेलिफिल्मले आमजनतालाई आकर्षित गर्न सकेको । टेलिफिल्मका नायक सोभिते, चरित्र नायक भुमा माझी, नायिका लालगेडी, खलनायक सानाकाजी आदि पात्रहरू दर्शकहरूले सम्झिरहने पात्र बनेका पनि यसै कारणले गर्दा नै हो ।


परिश्रमी सोझा माझीहरूलाई सामन्तहरू काजी र उसको छोरो सानाकाजीले ज्यालामा, जग्गामा मात्र शोषण नगरी, उनीहरूको इज्जत लुट्ने कोशिससमेत गर्दै गएर अन्त्यमा माझीहरूले ठूलो मिहेनत गरेर तयार पारेको जग्गामा सानाकाजीले हवेली खडा गरेर माझीहरूको विचल्ली पारेको र विस्तारै माझी युवाहरू सानाकाजीहरूको शोषणका विरूद्ध सचेत र संगठित हुन थालेको कथामा आधारित यस टेलिफिल्मको अन्त्यमा शोषकलाई शोषितहरूले कड़ा सजायँ नदिएकोमा भने दर्शकहरूको चित्त बुझेको पाइन्न । र पनि, यसले शोषकहरूको लूट र शोषितहरूको दारूण अवस्थाको राम्रो चित्रण भने गरेको छ । नेपाली समाजको यथार्थलाई प्रस्तुत गर्न अत्यन्त अरूची गर्ने नेपाल टेलिभिजनले यो टेलिफिल्मप्रति देखाएको रूची प्रसंशनीय छ ।

भुमा माझीको भूमिकामा लोकमणि सापकोटाले, सानाकाजीको भूमिकामा रवि गिरीले र लालगेडीको भूमिकामा रजनी रानाले राम्रो अभिनय गरेका छन् । यसैगरी उपेन्द्र तिमिल्सिनाले सोभिते भएर, विष्णुभक्त फुयाँल र लक्ष्मण विक्रम बस्नेतले गम्भीरे र विर्खे माझी भएर, गणेश न्यौपाने 'मुनाल'ले काजी भएर, बसुन्धरा भुसालले कजीनी भएर अनि सुदर्शन श्रेष्ठले भीमे भएर राम्रो अभिनय गरेका छन् । खिनौरी (रंजू श्रेष्ठ), हरे (राजन थापा), बुधुने (अंजान शर्मा) र शेरे हवल्दार (बसन्त शर्मा)ले पनि आ-आफ्नो छाप छाडेका छन् ।

इन्द्रावती नदीको तिरैमा गएर छायांकन गरेर ल्याइएको यो टेलिफिल्म शुरूमा केही सुस्त भएको देखिए पनि ५-६ श्रृंखलापछि यसले दर्शकलाई तान्न थालेको थियो । छोटो बनाउने धूनमा कतिपय दृश्यहरू साह्रै संक्षिप्त भएको, एकै श्रृंखलामा पर्याप्त कथा सलल बग्न नसकेको र माझीहरूको चेतना अभिवृद्धिको क्रमलाई पर्याप्तता दिन नसकेको जस्ता कमजोरीहरू देखिए पनि एउटा चर्चित उपन्यासलाई टेलिफिल्मको रूपमा पनि चर्चित नै बनाउन निर्देशक र कलाकारहरू सक्षम हुनुलाई उपलब्धी नै मान्न सकिन्छ ।



लेखक रमेश विकल



निर्देशक बद्री अधिकारी

निर्देशक बद्री अधिकारी पनि टेलिफिल्मको प्रभाव देखेर खुशी भएका छन् ।

*"मेरो हालसम्मका सबै रचनाहरूलाई यसले उछिन्यो । यसमा मैले चाहेको प्राविधिक संभावनालाई पूरा गर्न मैले सकेको छैन, तर पनि म सन्तुष्ट छु"* -हामीसँगको भेटमा उनी बताउँछन् ।

*"गाउँको कथावस्तुले दर्शक तान्न गाह्रो पर्छ भन्नेहरूलाई यो टेलिफिल्मले राम्रो जवाफ दिएको मैले पाएको छु ।"* भन्दै बद्री अधिकारी भन्छन्- *"सबै उमेर, पेशा र स्तरका मान्छेलाई आकर्षित गर्ने सिर्जना तयार गर्न गाह्रो हुन्छ, गाह्रो भए पनि हामीले यो प्रयत्न गर्यौं । धेरै हदसम्म हामी सफल पनि भयौं । कलाकारहरूले पनि दर्शकहरूबाट अति नै राम्रो रेस्पोन्स पाउनुभएको छ ।"* उनी भन्छन्- *"जनजीवनको कथा बोकेको हुनाले यसलाई एउटा सांस्कृतिक टेलिफिल्म नै बनेको मानेर अष्ट्रेलियन टेलिभिजनले अंग्रेजी क्याप्सन राखेर यसलाई प्रशारण गर्ने इच्छा जाहेर गरेको छ ।"*

नेपाल टेलिभिजनमा 'जनता', 'शोषित पीडित', 'संघर्ष'जस्ता शब्द र विषयहरू पंचायतकालदेखि नै बर्जित हुँदैआएका छन् । २०४६ मा 'प्रजातन्त्र' आएपछि पनि यो प्रवृत्ति त्यहाँ बाँकी नै रहेको छ । विगतमा 'कोरस'माथि भएको कचिगल वा 'खद्माको गाउँ'माथि भएको ढिलाई यसका उदाहरणहरू हुन् । यस्तो स्थितिमा तपाईंहरूलाई सताएन नेपाल टेलिभिजनले ?

- हाम्रो यो प्रश्नको जवाफमा बद्री अधिकारी भन्छन्- *"हो, यस्तो प्रवृत्ति त्यहाँ थियो, केही अझै बाँकी नै होला पनि, तर हालका महाप्रवन्धक दुर्गानाथ शर्मा यस्तो प्रवृत्तिबाट मुक्त रहनुभएको हामीले पायौं । ३५ श्रृंखलामा यो टेलिफिल्म नसकिएपछि यसलाई ४३ बनाउन नदिने खालको स्थिति पनि त्यहाँ पैदा हुन आँटेको थियो, उहाँले त्यो बाधा फुकाइदिनुभयो । यो टेलिफिल्म निर्माणको संस्थागत जिम्मा लिनुभएका प्रकाशजंग कार्कीले पनि यसलाई सफल रूपमा निर्माण गर्न राम्रो सहयोग गर्नुभयो ।"*

"अब पनि यस्तै केही बनाउँदै हुनुहुन्छ कि ?" हाम्रो जिज्ञासाका क्रममा बद्री अधिकारी भन्छन्- *"तुरून्तै टेलिफिल्म नगरेर मध्यम धाराको एउटा फिचर फिल्म बनाउँ कि भन्ने विचारमा छु । विभिन्न चलचित्र, टेलि-चलचित्रका पात्रहरूलाई जम्मा गरेर २०४६ पछि उत्पीडित जनताको चाहना पूरा नभएको विषयमा एउटा प्रयोगधर्मी फिल्म हुनेछ यो भन्ने सोचेको छु"*

आशा गरौं, बद्री अधिकारी नेपाली समाजको यथार्थप्रति न्याय गर्ने सार्थक फिल्म निर्देशकको रूपमा अरू अगाडि बढ्नेछन् ।

❑ हरिगोविन्द लुइँटेल

## म त साह्रै अचम्ममा परें

मूल्याङ्कन वर्ष १८, पूर्णाङ्क ८७, जेठ २०५८ को पेज २४ मा तुल्सीदास महर्जनले प्रस्तुत गर्नुभएको 'केन्द्रीय न्युक्लसको संयोजकमा मनमोहन अधिकारी छानिए' भन्ने शीर्षकको क. निर्मल लामाज्यूको भनाइ देखेर म साह्रै अचम्ममा परें । किनभने त्यसमा पृष्ठ २५ को बीचको दोश्रो र तेश्रो प्यारामा पूरै मेरो बारेमा लेखिएको रहेछ । त्यसमा के लेखिएको छ भने, "त्यत्तिखेर भक्तबहादुर श्रेष्ठ महाधिवेशनमा उपस्थित हुनुहुन्न थियो । उहाँ हेटौंडामा हुनुहुन्थ्यो । त्यसैले हामीले उहाँलाई महाधिवेशन स्थलमा बोलायौं । तर उहाँ आउनु भएन । त्यसपछि कमरेड मोहनविक्रम सिंह र म दुवै भूमिगत रूपमा खतराको सामना गर्दै हेटौंडा गयौं र भक्तबहादुर श्रेष्ठलाई भेट्यौं । भक्तबहादुर श्रेष्ठसँग हामीलाई भेट गराउन हेटौंडाका गोविन्दजीले व्यवस्था मिलाउनु भएको थियो ।

अर्को प्यारामा "कुराकानीपछि भक्तबहादुर श्रेष्ठले उहाँ आफू चौथो महधिवेशनको पोलिटब्यूरोमा बस्न राजी भएको बताउनु भयो । तर त्यसको लागि उहाँकी श्रीमतीलाई मनाउन उहाँले हामीलाई अनुरोध गर्नुभयो । उहाँकी श्रीमतीलाई मनाउन हामीलाई दिनभरि नै लाग्यो । मनाउन लगाउने क्रममा भक्तबहादुरकी श्रीमतीलाई एकातिरबाट कमरेड मोहन विक्रम सिंहले दबाब दिने र अर्कोतिर मैले दबाब दिने गऱ्यौं । कमरेड मोहनविक्रम सिंहका कुरा आधामात्र बुझ्नुहुन्थ्यो । तर मेरो कुरा भने उहाँ पूरै बुझ्नुहुन्थ्यो । अन्तमा उहाँ भक्तबहादुर श्रेष्ठलाई पार्टी काममा पठाउन राजी हुनुभयो । उहाँले हामीलाई त्यसो भए हुन्छ लग्नुहोला भन्नुभयो ।"

यही हो, त्यहाँ उल्लेख भएको कुरा, जस्ताकोतस्तै उतारेको छु ।

क. निर्मल लामाले सोह्रैआना यस्तो झूठ कसरी बोल्नुभयो ? बोल्नुभएको भए पनि कस्तो बेलामा उहाँसँग कुराकानी भएर लेख्नुभयो । सखल्ल मनस्थिति भएको भए पक्कै पनि यस्तो हुँदै नभएको कुरा भन्नु हुँदैनथ्यो ।

म न्यूक्लसमा शुरूदेखि नै छु र एक दुई मिटिंगबाहेक न्यूक्लसको बैठक छोडेको छैन र चौथो महाधिवेशन हुने मिति तोकिएको बैठकमा पनि छु । बरू बैठकमा निर्णयमा सहमति भएर पनि महाधिवेशनमा उपस्थित नहुने भरतमोहन अधिकारी र कमल कोइराला हुन्, जो पछिसम्म चौथो महाधिवेशनमा रहनु भएन । म नगएको, उपस्थित नभएको कुरा सुनेर अचम्म भएँ । चौथो महाधिवेशन बनारसको श्रीकृष्ण धर्मशालामा भएको थियो । त्यस महाधिवेशनको अध्यक्ष मण्डलमा म, जयगोविन्द शाह र चित्रबहादुर के. सी. रहेका थियौं । त्यसबेलाका अधिकांश मानिसहरू अझै जीवितै हुनुहुन्छ । स्वयं मोहनविक्रम सिंह, चित्रबहादुर के.सी. नै हुनुहुन्छ । त्यसकारण म उपस्थित नभएको कुरा सोह्रैआना झूठ हो ।

मलाई पार्टी काममा लगाउन श्रीमतीको अनुमति लिन दुवैजना हेटौंडा आएको र श्रीमतीको अनुमतिले मात्र पार्टी काममा लागेको झन् महाझूठ हो । यो कुरा पनि क. मोहनविक्रमजीलाई बुझे हुन्छ । त्यसबेला मेरो घर हेटौंडामा नै थिएन । खास तथ्य कुरा के हो भने, चौथो महाधिवेशनपछि बारंबार कहिले हटियामा, कहिले रक्सौलमा हुन्थें । र म होलटाइमर भएर भूमिगत हुनुपर्छ भनेर कुरा आएको थियो, त्यसलाई मैले मंजुर गरेको थिएँ । होलटाइमर भएर भूमिगत भएपछि त्यसबेला घर फर्कने संभावना थिएन र घरको व्यवहार मिलाएर जान्छु जान्छु भन्दा बनारसको दुइटा केन्द्रीय कमिटीको बैठक छुटेको हो । व्यवहार मिलाउँछु भन्ने कुरा हुँदोरहेनछ भनेर घर गाउँ कसैलाई थाहा नदिई २०३३ सालदेखि भूमिगत भई हिंडेको हुँ । म कहाँ छु भन्ने कुरा वर्ष दिनपछि मात्र पत्रबाट घरमा खबर गरेको हुँ । यी सबै कुरा क. मोहनविक्रमजीलाई एकिन थाहा छ । क. निर्मल लामाजस्तो व्यक्तिले यस्तो कसरी भन्न सक्नुभो ? म आश्चर्यमा परेको छु ।

फेरि चौथो महाधिवेशनको दस्तावेज एक मतले होइन, अध्यधिक मतले पास भएको हो । त्यसमा मतभिन्नता देखाउनेहरू नरबहादुर खाँड, खगेन्द्र संग्रौला, क...घिमिरे आदि थिए । उहाँहरू त्यसपछि चौथो महाधिवेशनमा नै संलग्न हुनुभएन । अर्कोकुरा, सिद्धिलाल सिंह न्यूक्लसमा हुनुहुन्थेन । न्यूक्लस गठन गर्नेबेलामा उहाँ भूमिगत हुनुभएकोले कुरा ल्याउने लैजाने काम रामबहादुर श्रेष्ठले गरेका थिए । र, अन्तमा न्यूक्लसमा उहाँ बस्नुभएको थिएन ।

**- भक्तबहादुर श्रेष्ठ**

*(मैले कमरेड निर्मल लामाको आत्मकथा काठमाण्डौं म्हेपीस्थित उहाँको निवास र बी.पी. मेमोरियल क्यान्सर अस्पताल भरतपुरमा कमरेड लामाकै मुखबाट रेकर्ड गरेको हुँ । मूल्यांकनमा १८ अंकसम्म क्रमिक रूपमा छापिंदै आउँदा कमरेड लामाले गलत बोल्नुभयो भनेर यतिञ्जेल कसैले आरोप लगाएका थिएनन् । तर कमरेड भक्तबहादुर श्रेष्ठले पहिलोपटक यस्तो प्रतिक्रिया व्यक्त गर्नुभएको छ । रेकर्ड गराउँदा कमरेड लामाले जे बोल्नुभयो, त्यसैलाई जस्ताकोतस्तै उतारेर प्रकाशित गरेको कुरा म यहाँ पुनः जानकारी गराउन चाहन्छु ।*

*- आत्मकथा प्रस्तोता : तुल्सीदास महर्जन)*


## निजी विद्यालयलाई सरकारीकरण गर्नुपर्ने

मूल्यांकनको पूर्णाङ्क ८७ मा प्रकाशित आवरण लेख अन्तर्गत शिक्षाको विषयमा डा. विष्टजीले व्यक्त गर्नुभएका विचारसँग म पूर्ण रूपमा सहमत छु । मलाई के लाग्छ भने शिक्षाको समान अवसरबाट कोही पनि विमुख हुनुहुँदैन । र, निजी विद्यालयहरूलाई सम्भव भएसम्म सरकारीकरण गर्दै लगिनुपर्दछ । शिक्षा सबैको नैसर्गिक अधिकार हो ।

र, अन्त्यमा नेपालले चीनसँग कस्तो सम्बन्ध राख्नुपर्ने हो, त्यसबारे लेखिएको दीपेशजीको लेख राम्रो लाग्यो ।

***- होम, चरिकोटबाट***

# रूपलाल विश्वकर्माको निधन



गत जेठ १८ गतेको मध्यरातपछि जेठ १९ गते शुरू हुँदाको बिहान १२:४५ मा काठमाण्डौस्थित शिक्षण अस्पतालमा रूपलाल विश्वकर्माको निधन भयो । उहाँ मुटुको रोगद्वारा पीडित हुनुहुन्थ्यो ।

वि.सं. १९९७ सालमा पर्वत जिल्लाको एक गाउँमा जन्मेर युवा अवस्थादेखि नै दलित आन्दोलन तथा नेपाली कम्युनिष्ट आन्दोलनमा सक्रिय हुन थाल्नुभएका स्व. विश्वकर्मा तत्कालीन 'सर्वहारावादी श्रमिक संगठन'का जुझारू नेता हुनुहुन्थ्यो । सो संगठनद्वारा २०३४ सालमा गरिएको चर्चित 'जुगेडी संघर्ष' का उहाँ अगुवा हुनुहुन्थ्यो । २०३७ को 'जुटपानी संघर्ष' र २०४१ को 'पूर्तिघाट बैंक कब्जा' घटनाको नेतृत्व पनि उहाँले गर्नुभएको थियो । २०४७ सालमा ने.क.पा. चौ.म., ने.क.पा. मशाल र सर्वहारावादी श्रमिक संगठनका बीचमा एकता भई 'ने.क.पा. एकता केन्द्र' बनेपछि उहाँ सो पार्टीको एक महत्वपूर्ण केन्द्रीय नेता हुनुहुन्थ्यो । २०५३ साल जेठ १५ गते उहाँले कम्युनिष्ट आन्दोलन परित्याग गर्नु भई आफ्नो इतिहासलाई आफैंले मेट्ने काम गर्नुभएको घटना नेपाली वाम राजनीतिक वृत्तमा ठूलो आलोचना र निन्दाको विषय बनेको थियो ।

'मार्क्सवाद परित्याग गरेपछि' जीवनको पछिल्लो चरणमा उहाँ नेपाली कांग्रेससँग नजीक रहनुभएको थियो । शुरू शुरूमा उहाँलाई कम्युनिष्ट आन्दोलन त्याग्न र कांग्रेसी संगठनमा भित्र्याउन नेपाली कांग्रेसले ठूलो मिहेनत गरेको देखिन्थ्यो । तर मार्क्सवादी आदर्शबाट च्यूत गराइसकेपछि भने नेपाली कांग्रेसले उहाँलाई पूर्णतः बेवास्ता गऱ्यो । करीब दुई लाख रूपियाँ खर्च गरी उहाँको मुटुमा 'पेस मेकर' मात्र राख्न लगाउने व्यवस्था हुन सकेको भए पनि उहाँको मृत्यु केही वर्षको निम्ति टर्न सक्थ्यो । तर सत्तारूढ दललगायत कसैले पनि उहाँको उपचारमा सहयोग गरेनन् । एकदमै बेवास्ताको मृत्यु मर्न उहाँ बाध्य हुनुभयो ।


रूपलाल विश्वकर्मा एउटा लेखक पनि हुनुहुन्थ्यो । 'समाजको विकास', 'जालसाँझी' (नाटक, गाउँले साहिलाको नामबाट), गिती संगालो लगायतका उहाँका पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् ।

नेपाली शोषित-पिडित जनताको आन्दोलनलाई एउटा लामो कालखण्डसम्म उहाँले पुऱ्याउनुभएको योगदानको प्रशंसा गर्दै यसनिम्ति हामी उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । जीवनको पछिल्लो चरणमा उहाँमा आएको ठूलो पथविचलनले उहाँको पहिलेको सुन्दर छवि ध्वस्त हुन पुग्यो । उहाँ प्रतिकृयावादी कित्तामा उभिएर समाजवादी विचारधाराको धुंवाधार विरोध गर्ने अक्षम्य र भर्त्सनायोग्य गल्ती गर्न पुग्नु भयो । यही कारणले उहाँको पछिल्लो जीवन कालमा उहाँले जनताबाट कुनै पनि प्रकारको सम्मान पाउनसक्नु भएन, उहाँ घृणाको पात्र बन्नु भयो । उहाँको जीवनको यो पक्ष नेपाली कम्युनिष्ट आन्दोलनका लागि एउटा नकारात्मक पाठ हो भन्ने हामीलाई लाग्छ । - मूल्यांकन ।


TUBORG
BEER
FEEL THE THRILL
Wherever you are

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

# हार्दिक श्रद्धाञ्जली



**राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव, श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह, श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव, श्री ५ अधिराजकुमार नीराजन वीर विक्रम शाह, श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मी देवी राणा** सरकार एवं राजपरिवारका अन्य सदस्यहरूको असामयिक एवं दुःखद् स्वर्गारोहण भएकोमा हामी मर्माहत एवं शोकविह्वल भएका छौं । यस दुःखद् घडीमा हामी मौसूफहरूप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**मनकामना दर्शन (प्रा) लि.**
**MANAKAMANA DARSHAN (P.) LTD.**
P.O. Box No.: 4416, Naxal, Nagpokhari, Kathmandu, Nepal
Tel. : 434690, 434648, 434825, 434860, Fax : 977-1-434515
email: chitwan@cc.wlink.com.np
Internet: http://www.chitawoncoe.com